# हाम्रो बाह्रदशी

## स्थानीय विषयको पाठ्यक्रम –२०८०/८१




बाह्रदशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा शाखा

बाह्रदशी, झापा ।

# विषयसूची


१. परिचयः ........ १

२. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य ........ २

२.१ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ........ २

२.२ आधारभूत शिक्षा (कक्षा १—८) का तहगत सक्षमताः ........ ३

३. स्थानीय पाठ्यक्रमको सन्दर्भः ........ ३

३.१ तालिका १ : आधारभूत शिक्षा (कक्षा १—३) को पाठ्यक्रम संरचना ........ ४

३.२ तालिका २ : आधारभूत शिक्षा (कक्षा ४—५) को पाठ्यक्रम संरचना ........ ४

३.३ तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६—८) को पाठ्यक्रम संरचना ........ ४

४. स्थानीय पाठ्यक्रम विकासको औचित्य ........ ५

५. स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया ........ ६

६. स्थानीय विषय (कक्षा १—८) का विषयवस्तुको क्षेत्रः ........ ७

७. हाम्रो बाह्रदशी विषयका सक्षमताहरूः ........ ७

७.१ तहगत सक्षमता कक्षा (१-३) ........ ७

७.२ तहगत सक्षमता कक्षा (४-५) ........ ८

७.३ तहगत सक्षमता कक्षा (६-८) ........ ९

७.४ तहगत सक्षमता (कक्षा १-८) ........ १०

८. कक्षागत सिकाइ उपलब्धि ........ ११

८.१ आधारभूत तह, कक्षा १-३ ........ ११

८.२ आधारभूत तह, कक्षा ४ —५ ........ १५

८.३ आधारभूत तह, कक्षा ६ —८ ........ १८

९. कक्षागत क्षेत्र र क्रम ........ २४

९.१ कक्षा १ —३ ........ २४

९.२ कक्षा ४-५ ........ २७

९.३ कक्षा ६-८ ........ ३०

१०. विषयवस्तुको विस्तृतीकरण ........ ३६

१०.१ कक्षा १ ........ ३६

१०.२ कक्षा २ ........ ४३

१०.३ कक्षा ३ ........ ५२

१०.४ कक्षा ४ ........ ६३
१०.५ कक्षा ५ ........ ७५
१०.६ कक्षा ६ ........ ८८
१०.७ कक्षा ७ ........ १०१
१०.८ कक्षा ८ ........ ११४
११. सिकाइ सहजीकरण प्रक्रियाः ........ १२७
१२. विद्यार्थी मूल्याङ्कन प्रक्रियाः ........ १२७
१२.१ विद्यार्थी मूल्याङ्कन प्रक्रिया आधारभूत तह कक्षा १-३ ........ १२७
१२.२ मूल्याङ्कन विधि र प्रक्रिया ........ १२८
१२.३ मूल्याङ्कनका तरिका र साधनहरू ........ १३०
१२.४ विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू ........ १३०
१२.५ मूल्याङ्कन आधारभूत तह (कक्षा ४ देखि ८ सम्म) ........ १३२
१३. अनुसूचीः -१ ........ १३४
१४. अनुसूचीः २ ........ १३५

# हाम्रो बाह्रदशी

# स्थानीय विषयको पाठ्यक्रम-२०८०/८१

## १. परिचयः

नेपाल एक बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक देश हो। वि.सं. २०७८ को जनगणना अनुसार यहाँ १२४ भाषा बोलिन्छन् भने १४२ जातजातिको बसोबास रहेको छ।निश्चित भूगोलभित्र एकल जाति समूदायको अस्तित्व पनि रहेको छ भने कतै मिश्रित जातजातिगत समुदायको पनि अस्तित्व रहेको छ। यहाँ विविधतामा एकता छ, सहिष्णुता पनि छ साथसाथै असन्तुष्टि पनि विद्यमान रहेको छ। शिक्षा प्रणालीका सन्दर्भमा पनि अभिभावक, राजनीतिक व्यक्तित्व, शिक्षाविद् तथा विषय विज्ञहरूबिच पनि मतैक्यता पाइँदैन। यसै अनुरूप शिक्षासम्बन्धी दृष्टिकोणमा समानता छैन। तथापि स्थान विशेषको सिप र प्रविधिलाई विश्वव्यापी सोचाइ र स्थानीय विकासका लागि स्थानीय पाठ्यक्रम आवश्यक छ भन्ने सन्दर्भमा भने साझा धारणा रहेको पाइन्छ। यसै अनुरूप स्थानीय पाठ्यक्रममार्फत स्थानीय सन्दर्भ तथा विशेषता, सिप एवं प्रविधिको प्रयोग गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ।

पाठ्यक्रमले आधुनिक प्रविधिको प्रयोगबाट देशको स्रोत र साधनको पूर्णरूपमा परिचालन गर्दै देशलाई समुन्नतको बाटोमा डोऱ्याउनका साथै विश्व बजारमा रहेको श्रमको मागलाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ। यसैगरी स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीयता, समुदायको माग, विद्यार्थीको रुचि, क्षमता एवम् अभिभावकको आवश्यकतालाई सही ढङ्गले सम्बोधन गर्न सक्ने क्षमता राखेको हुन्छ भन्ने मानिन्छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ।

निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न बनाइएको एउटा व्यवस्थित र शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ भने विद्यार्थीको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर स्थानीय स्रोत, साधन र सम्भावनासमेतलाई आधार बनाएर रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासका लागि स्थानीय सरोकारहरूको संलग्नतामा तयार गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो।स्थानीय पाठ्यक्रमले स्थानीय भूगोललाई समेट्छ। स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाउँछ।स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई प्रतिबिम्बित गर्दछ। यसले राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर स्थानीय आवश्यकताको रूपमा रहेका विषयवस्तुहरू पनि स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ। यसरी स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो स्थानीय परिवेश अनुकूल मौलिक कला, संस्कृति र पेशासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गरिने लचिलो प्रकृतिको पाठ्यक्रम हो। विद्यार्थीहरूलाई स्थानीय विषयवस्तुहरू जस्तैः

स्थानीय जातजाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, सङ्गीत आदिका बारेमा यथोचित जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको जानकारी गराउन पनि स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक छ। तसर्थ स्थानीय तहका साझा आवश्यकता र विद्यालयका विशिष्टीकृत आवश्यकतालाई मध्यनजर गरी झापा जिल्ला बाह्रदशी गाउँपालिका क्षेत्रका सबै विद्यालयहरूमा कक्षा १ देखि कक्षा ८ सम्म लागु गर्ने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

### २.१ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुनेछन्ः

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने।

३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने।

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने।

५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने।

६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने।

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने।

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने।

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने।

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने।

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

## २.२ आधारभूत शिक्षा (कक्षा १—८) का तहगत सक्षमताः

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तरनिहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो। यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन्।

विद्यालय शिक्षाअन्तरगत आधारभूत शिक्षा (कक्षा १—८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुनेछन्ः-

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन।

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यवहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग ।

३. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग ।

४. तार्किक तथा व्यवहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग ।

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यवहारिक जीवनमा प्रयोग।

६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता।

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग।

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास।

९. स्थानीय, आधुनिक पेशा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग ।

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग।

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार।

१२. दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान।

## ३. स्थानीय पाठ्यक्रमको सन्दर्भः

पाठ्यक्रमलाई निरन्तर विकास र परिमार्जनकारूपमा लैजाने क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७६।५।२० मा स्वीकृत भएको हो। यस प्रारूपलाई विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जनको मुख्य दस्तावेजको रूपमा लिइन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत शिक्षा कक्षा १-८ सम्मको पाठ्यक्रम संरचना निम्नानुसार हुने व्यवस्था गरेको छ ।

## ३.१ तालिका १ : आधारभूत शिक्षा (कक्षा १—३) को पाठ्यक्रम संरचना

| क.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ।)

## ३.२ तालिका २ : आधारभूत शिक्षा (कक्षा ४—५) को पाठ्यक्रम संरचना

| क.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| ८. | जम्मा | ३२ | १०२४ |

## ३.३ तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६—८) को पाठ्यक्रम संरचना

| क.सं. | विषय | | | पाठ्य घण्टा |
|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा गुरुकुल वेद विद्याश्रम | गोन्पा तथा विहार मदर्सा शिक्षा | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ |
| ३. | गणित | गणित | गणित | ५ |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत | विज्ञान तथा प्रविधि | ५ |

| | | | | |
|---|---|---|---|---|
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ |
| ६. | स्वास्थ्य तथा शारीरिक | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ |
| ७. | मातृभाषा/स्थानीय विषय | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ |
| ८. | जम्मा | | | ३२ |

## ४. स्थानीय पाठ्यक्रम विकासको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेशा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो। केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव नहुन सक्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएका छन्।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन्:-

१. पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यवहारिक र प्रभावकारी तुल्याउनु,
२. एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु,
३. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्द्धन गर्नु,
४. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु,
५. स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु,
६. भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु,
७. स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगार उन्मुख नागरिक तयार गर्नु,
८. आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु,
९. स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु,

१०. स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु,
११. आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यवहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु,
१२. स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु,
१३. विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु,
१४. स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु,
१५. परम्परागत पेशा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन। यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्णरूपले समेट्न सम्भव पनि हुँदैन। अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ। यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ। नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनसमुदायले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमान्दार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ।

## ५. स्थानीय विषयको पाठ्यक्रम विकास प्रक्रिया

बाह्रदशी गाउँपालिका अन्तर्गत सञ्चालन भएका विद्यालयहरूमा कार्यान्वयनका लागि आधारभूत तह (कक्षा १-८) को स्थानीय विषयको पाठ्यक्रम विकासका सन्दर्भमा सर्वप्रथम बाह्रदशी गाउँपालिका शिक्षा शाखाको अगुवाइमा बाह्रदशी गाउँपालिकाका अध्यक्ष श्री देबिन्द्रप्रसाद चम्लागाईको अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्षहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख, शिक्षा संयोजक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, शिक्षकका पेशागत संस्थाका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, स्थानीय शिक्षाविद्, अभिभावक तथा पत्रकार लगायत सरोकारवालाहरूको सुझाव सङ्कलनबाट स्थानीय विषयको पाठ्यक्रम तयार गर्नुपर्ने राय तथा समावेश गर्नु पर्ने विषयवस्तुका बारेमा सुझाव प्राप्त भएका थिए ।

यसै क्रममा स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनमा प्रत्यक्षरूपमा अग्रपङ्तिमा सहभागिता रहने बाह्रदशी गाउँपालिकाअन्तर्गतका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको भेलामा भएको छलफलबाट स्थानीय पाठ्यक्रममा समावेश गरिनुपर्ने थप विषयवस्तुहरू तयार गरियो । यही भेलाबाट पाठ्यक्रम विकासका लागि

बाह्रदशी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा पाठ्यक्रम निर्माण कार्यदल गठन गरियो।

उक्त कार्यदलले तयार गरेको कक्षा १-८ को मस्यौदाको प्रस्तुति र विषय क्षेत्रको निर्धारण र सुझाव सङ्कलन गर्ने प्रयोजनका लागि मिति २०८० साल फागुन ८ र ९ गते सरोकारवालाहरूको बृहत् भेला गाउँपालिकाका अध्यक्ष श्री देबिन्द्रप्रसाद चम्लागाईं ज्यूको अध्यक्षतामा बसी तय गर्‍यो र कार्यदललाई कक्षा १-८ को पाठ्यक्रम निर्माण गर्न जिम्मेवारी प्रदान गरियो । पाठ्यक्रम निर्माण कार्यदलको पटक पटकको छलफल अन्तरक्रिया र विषय विज्ञसँगको छलफलपश्चात् मिति २०८१/०१/२० गते मुख्य सरोकारवालहरूसँग पाठ्यक्रमको अन्तिम मस्यौदा प्रस्तुतीकरण तथा छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावहरूसमेत समावेश गरी **"हाम्रो बाह्रदशी"** विषयको स्थानीय पाठ्यक्रम तयार गरिएको छ।

## ६. स्थानीय विषय (कक्षा १—८) का विषयवस्तुको क्षेत्रः

यस अन्तर्गत निम्नलिखित विषयवस्तुहरूका क्षेत्रलाई समावेश गरिएको छः

१. हाम्रो स्थानीय तह,
२. हाम्रो स्थानीय वातावरण र सरसफाइ,
३. हाम्रा संस्कार, संस्कृति र मूल्य-मान्यता,
४. सामाजिक समस्या र समाधान,
५. पेशा, व्यवसाय र प्रविधि,
६. स्थानीय विपद् र व्यवस्थापन,
७. योग, स्वास्थ्य तथा खेलकुद ।

## ७. हाम्रो बाह्रदशी विषयका सक्षमताहरूः

बाह्रदशी गाउँपालिकाको आधारभूत तह कक्षा १-८ का विद्यालयमा अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको अपेक्षित  तहगत सक्षमता निम्नानुसार छन्।

### ७.१ तहगत सक्षमता कक्षा (१-३)

१. भौगोलिक अवस्था र नक्साङ्कन, हाटबजार, विद्यालय र सरकारी कार्यालय, पालिकामा रहने जनप्रतिनिहरूको संख्या, छरछिमेकीको जात, भाषा र धर्मसँग परिचित,
२. सजीव र निर्जीव वस्तुहरूको वर्गीकरण गर्ने क्षमता विकास, बोटबिरुवा र जनावरको आपसी सम्बन्ध, पानीका स्रोत र सफा राख्ने तरिकाको पहिचान,
३. फोहोरको वर्गीकरण, वातावरणसँग परिचित र सरसफाइमा सहभागिता,|
४. चाडपर्वमा सहभागिता, पर्व अनुसारका परिकार र पहिरनको परिचय,
५. आफ्नो धर्म अनुसारका जन्म, विवाह र मृत्यु संस्कारमा गरिने क्रियाकलापहरूसँग परिचित तथा धार्मिक तथा सांस्कृतिक स्थलहरूको पहिचान,
६. विभिन्न जात्राको अवस्था झल्कने चित्राङ्कन,

७. सम्बद्ध पक्षसँग घुलमिल सिप विकास, मेलमिलाप, समान व्यवहार, आपसी सहयोग, शिष्टाचारसहितको अभिवादन, सद्व्यवहारको प्रयोग,

८. सामाजिक समस्याको र समाधान गर्ने व्यक्ति तथा संस्थाहरूको पहिचान,

९. बालश्रम, बालविवाह र हिंसाविरुद्धको सचेततासम्बन्धी सञ्चार सामग्रीको पहिचान,

१०. पेशा व्यावसायसँग सम्बद्ध पक्ष र क्रियाकलापहरू तथा सञ्चारका साधनसँग परिचित,

११. फूलवारी करेसाबारीको काममा सहयोग,

१२. सम्भावित विपद्सँग परिचित र आफूले निर्वाह गर्नुपर्ने भूमिकाप्रति सचेतता, विपद्को आँकलन र सुरक्षाका उपायहरूसँग परिचित तथा प्राथमिक उपचारको महत्त्वबोध,

१३. सूक्ष्म व्यायाम र स्थानीय खेलहरू योगासन, ध्यान तथा प्राणायामबारे परिचित र सामान्य अभ्यास तथा व्यक्तिगत सरसफाइ र स्वस्थकर खानेकुराको प्रयोग।

## ७.२ तहगत सक्षमता कक्षा (४-५)

१. जात, भाषा, धर्म र उमेर समूहको जनसङ्ख्यासँग परिचित,

२. प्राकृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरू, मुख्य सडक सञ्जाल, भौगोलिक अवस्थाको जानकारी नक्सा पहिचान र अभ्यास,

३. सरकारी कार्यालय तथा सामाजिक संघसंस्थाबाट प्राप्त सेवासुविधासँग परिचित,

४. वातावरणका जैविक तथा अजैविक तत्वहरू तथा जीव र वातावरणीय तत्वको अन्तरसम्बन्धको परिचय तथा वातावरण प्रदूषण, असर र संरक्षणका उपायहरूको अवलम्बन,

५. पानीको शुद्धीकरणका तरिका र प्रयोग, फोहोरमैलाको वर्गीकरण र सरसफाइमा सहभागिता

६. स्थानीय कला, बाजा, लोक साहित्य, गीत, नृत्य आदिसँग परिचित,

७. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय प्रयाससँग परिचित, रैथाने सामाजिक नियमको खोजी र परिपालना,

८. कुलतका असरहरू, सचेत र सुरक्षित रहने उपायहरू तथा आदर्श समाजका कार्यहरूबारे जानकारी,

९. सामाजिक समस्याको पहिचान, समाधानका उपायहरू र सामाजिक संघसंस्थाको भूमिका,

१०. बालश्रम, बालविवाह, नारीहिंसाबाट समाजमा हुने असर तथा सचेतता तथा विद्यालयमा हुने दुर्व्यवहारको पहिचान,

११. हाटबजार, उत्पादित वस्तु, प्रयुक्त उपकरण तथा समुदायले अवलम्बन गरेका पेशा व्यवसायप्रति परिचित,

१२. सूचना तथा सञ्चार प्रविधिको महत्त्व र प्रयोगसँग परिचित तथा श्रमप्रतिको सम्मान र उचित व्यवहार तथा काममा अभ्यास,

१३. विपद्को परिचय र वर्गीकरण, सुरक्षाका उपायहरू र स्थानीय तहले गर्ने कार्यप्रति परिचित,

१४. प्राथमिक उपचार पद्धतिको अवलम्बन,

१५. सामुदायिक स्वास्थ्य र सरसफाइ, स्थानीय जडीबुटी, खेल, योगसँग परिचित तथा अभ्यास।

## ७.३ तहगत सक्षमता कक्षा (६-८)

१. गापाको इतिहास, बनावट र नक्साङ्कन, मुख्य बजार, सडक सञ्जाल, प्रशासनिक संरचना तथा सेवा प्रवाहसँग परिचित तथा मुख्य ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक तथा पर्यटकीय स्थालहरूको परिचय र संरक्षणमा सरोकारवालाहरूको भूमिका पहिचान,

२. गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाले प्रदान गर्ने सेवासुविधाहरूसँग परिचित,

३. वातावरण प्रदूषणका कारण, असर, संरक्षण र न्यूनीकरणका लागि स्थानीय संघसंस्था तथा पालिकाको भूमिका पहिचान,

४. प्राकृतिक स्रोतहरूको परिचय महत्त्व वर्गीकरण र संरक्षणका उपायहरूबारे जानकारी,

५. फोहोरमैलाबाट उत्पन्न समस्या असर र व्यवस्थापनका उपायहरूको खोजी अवलम्ब,

६. स्थानीय लोक साहित्य, नृत्य, गीत, बाजा तथा कला र लिपि आदिको अभ्यास र संरक्षण संवर्धन,

७. पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक, धार्मिक सम्पदाहरूको महत्त्व र संरक्षण,

८. स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापात, जात्रा आदिको संरक्षण र सहभागिता,

९. स्थानीय प्रेरणादायी अग्रज, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसङ्ख्यक आदिको पहिचान, सम्मान र उनीहरूको कामबाट प्रेरणा र अभ्यास ,

१०. सिर्जनशील र चरित्र निर्माणमा स्थानीय संघसंस्थाहरूको भूमिका, सहभागिता र अभ्यास,

११. मानवमूल्यलाई आत्मसात् गरी मानवसेवाको भावना जागरण र अवलम्बन,

१२. असल समाजका विशेषता र असल समाज निर्माणमा अगुवाहरूको भूमिकासँग परिचित,

१३. सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार, स्थानीय संघसंस्था र विद्यालयको भूमिका र सहभागिता,

१४. सामाजिक विकृति र समाजमा हुने द्वन्द्वका कारण र व्यवस्थापनका उपायहरूको अवलम्बन,

१५. दुर्व्यवहारबाट बच्नका लागि विभिन्न संघसंस्थाले खेल्ने भूमिकाप्रति जानकार,

१६. कुरीति, अन्धविश्वास, समानता र सकारात्मक विभेदबारे सचेतता साथै जीवनोपयोगी सिप र असल आचरण प्रदर्शन,

१७. आफ्नो समुदाय र पालिकाभित्रका परम्परागत र आधुनिक पेशा व्यवसाय र रोजगारीको परिचय र क्षेत्रहरूको खोजी,

१८. उत्पादित वस्तुहरूको अवस्था, उत्पादक र उपभोक्ताको अन्तरसम्बन्ध तथा बिचौलिया र कालोबजारीले पार्ने असरप्रति सचेतता,

१९. साइबर अपराधप्रति सचेत हुँदै सामाजिक सञ्जाल र सञ्चार प्रविधिको समुचित प्रयोग,

२०. पालिकाको पर्यटन व्यवसाय, आर्थिक क्रियाकलापको विश्लेषण र पारदर्शितासँग परिचित,

२१. श्रमको सम्मान र श्रममा सक्रिय सहभागिता,

२२. विपद्सम्बन्धी पारिभाषिक शब्दहरू खोज तथा उद्धार समूहको पहिचान र महत्त्वबोधका साथै संरचनाको भूमिका,

२३. विपद् न्यूनीकरण, प्रतिकार्य, उपचार पद्धति, मापदण्डको पालना, सङ्कटग्रस्त क्षेत्रको नक्साङ्कन र विपद्पश्चात्को व्यवस्थापनमा सहभागिता,

२४. अष्टाङ्ग योगको आवश्यकता र महत्त्वबारे जानकारी,

२५. सूक्ष्म व्यायाम, ध्यान र प्राणायामको अभ्यास ,

२६. स्वास्थ्यका आधारभूत पक्षको जानकारी र विषादीरहित भान्साका लागि प्राकृतिक खेती र अवलम्बन

२७. स्थानीय स्तरमा पाइने जडीबुटीको प्रयोगका साथै परम्परागत र प्राकृतिक उपचारसँग परिचित तथा अवलम्बन,

२८. स्वास्थ्यप्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको उपभोग,

२९. विद्यालय, संघसंस्था र पालिकामा हुने विभिन्न खेलकुदमा अभ्यास र सहभागिता।

## ७.४ तहगत सक्षमता (कक्षा १-८)

१. बाहृदशी गाउँपालिकाको इतिहास, भौगोलिक अवस्था, तथा नक्साङ्कन, जनसङ्ख्याको बनावट र वितरण, सार्वजनिक सम्पत्ति, संघसंस्था तथा स्वास्थ्य, शैक्षिक अवस्थाको सामान्य विश्लेषण, प्रदान गरिने सेवासुविधा, जातजाति, भाषा, धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान र संरक्षणमा स्थानीय तहको भूमिका ।

२. स्थानीय वातावरणको परिचय तथा संरक्षण, प्रदूषणका प्रकार, कारण, असर, रोकथाम एवम् फोहोरमैला व्यवस्थापन।

३. मूल्यमान्यता, प्रेरणादायी व्यक्तित्व, रैथाने परम्परा, संस्कार र संस्कृति, भाषा तथा लिपि, कला, साहित्य गीतसंगीतको पहिचान संरक्षण तथा अवलम्बन।

४. स्थानीय समाजका सकारात्मक पक्षको पहिचान, र जीवनोपयोगी सिप, समावेशी समानता तथा सकारात्मक व्यवहार प्रदर्शन एवं आदर्श समाज निर्माणमा व्यक्ति संघसंस्था र पालिकाको भूमिका।

५. स्थानीय तहमा अपनाइने पेशा, उद्यमशीलता र प्रविधिको पहिचान, श्रमप्रति सम्मान, अभ्यास तथा अर्थोपार्जनमा योगदान, जीवनस्तरमा पर्ने प्रभाव ।

६. विपद्को पहिचान र विपद् व्यवस्थापनमा विद्यालय, समुदाय, संघसंस्था र स्थानीयतहको भूमिका तथा जोखिम न्यूनीकरणका उपाय तथा प्राथमिक उपचारको पहिचान र अभ्यास।

७. योग, स्वास्थ्य र खेलसँग परिचित भई स्वस्थ जीवनका लागि पोषणयुक्त खानपान, स्थानीय जडीबुटी, उपचार पद्धति, योगाभ्यास तथा खेलकुदको अभ्यास ।

# ८. कक्षागत सिकाइ उपलब्धि

## ८.१ आधारभूत तह, कक्षा १-३

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| हाम्रो स्थानीय तह | - आफू बसेको गाउँटोल पालिका र वडा नं. बताउन<br>- आफ्नो विद्यालयको नाम बताउन ।<br>- आफ्नो जात, धर्म, भाषा र परिवार सङ्ख्या बताउन । | - आफ्नो गा.पा.को नाम र वडा सङ्ख्या बताउन र लेख्न ।<br>- आफ्नो पालिकाको प्रमुख, उपप्रमुख र वडाध्यक्षको नाम बताउन ।<br>- आफ्नो विद्यालयको पढाइ हुने कक्षा बताउन ।<br>- आफ्नो कक्षाका ५ जना साथीहरूको भाषा, जात, धर्म र परिवार सङ्ख्या बताउन।<br>- आफू बसेको ठाउँको भौगोलिक अवस्थाको बारेमा बताउन । | - आफ्नो पालिकामा रहने जनप्रतिनिधिहरूको सङ्ख्या भन्न र लेख्न।<br>- आफ्नो वडाका प्रतिनिधिहरूको नाम भन्न र लेख्न ।<br>- आफ्नो छिमेकी विद्यालयहरूको नाम बताउन ।<br>- आफ्नो वडाभित्रका सरकारी कार्यालयहरू र हाटबजारको नाम बताउन र लेख्न ।<br>- आफ्ना छिमेकीहरूको जात, भाषा र धर्मको नाम बताउन र लेख्न।<br>- आफू बसेको ठाउँको नक्सा बनाई भौगोलिक अवस्थाको बारेमा बताउन। |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - आफ्नो घर वरिपरिका सजीव र निर्जीव वस्तु पहिचान गर्न।<br>- चर्पीमा मात्र दिसापिसाब गर्ने बानी बसाल्न ।<br>- आफ्ना वरिपरि भएका पानीका स्रोतहरूको नाम बताउन।<br>- प्लास्टिकजन्य पदार्थ जथाभावी नफाल्न र घरको फोहोरमैला निश्चित ठाउँमा फाल्न । | - घरपालुवा र जङ्गली जनावरको वर्गीकरण गर्न।<br>- घर वरिपरि भएका बोटबिरुवाको नाम लेख्न ।<br>- घर वरिपरिका पानीका स्रोतहरूको सूची बनाउन ।<br>- घरमा आफ्नो कोठा सरसफाइ गर्ने बानी बसाल्न। | - कुहिने र नकुहिने फोहोरका प्रकार छुट्याउन।<br>- वातावरणको परिचय दिन ।<br>- जनावर र बोटबिरुवाको आपसी सम्बन्ध बताउन ।<br>- पानी फोहोर हुने कारणहरू र पानीका स्रोतहरू सफा राख्ने तरिका बताउन।<br>- घर तथा विद्यालय सफा राख्ने कार्यमा सहभागी हुन। |
| हाम्रा संस्कार, संस्कृति र | - घरमा मनाइने चाडपर्वहरूको नाम बताउन। | - आफ्ना छरछिमेकमा मनाइने चाडपर्वहरूको नाम बताउन र सहभागी हुन । | - आफ्नो गाउँटोलमा बोलिने भाषा, पोसाक र चाडपर्वको तालिका बनाउन। |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| मूल्य मान्यता | - परिवारमा मनाइने चाडपर्वमा खाइने खानेकुराहरूको नाम बताउन।<br>- आफ्ना समुदायका मानिसहरूले मनाउने चाडपर्वहरूको अवस्था झल्कने चित्र पहिचान गर्न।<br>- परिवारमा मनाइने चाडपर्वमा लगाइने पहिरनको नाम बताउन ।<br>- आफू भन्दा ठुलालाई आदर सत्कार गर्न । | - घरमा गरिने सांस्कृतिक क्रियाकलापहरूको नाम बताउन।<br>- परिवारले मनाउने चाडपर्वमा लगाइने पोसाक पहिचान गर्न।<br>- परिचित व्यक्तिहरूसँग आवश्यक सहयोग लिन र दिन।<br>- आफ्नो घर वरपर रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरू पहिचान गर्न । | - आफ्ना गाउँटोलमा मनाइने चाडपर्वहरूमा सहभागी हुन।<br>- परिवारमा मनाइने चाडपर्वहरूमा गरिने मुख्य मुख्य क्रियाकलापहरूको सूची तयार गर्न।<br>- आफ्ना समुदायमा मनाइने चाडपर्व र विभिन्न जात्राको अवस्था झल्कने सामान्य रेखाङ्कन गर्न र रङ्ग भर्न।<br>- आफ्नो धर्म अनुसारका जन्म, विवाह र मृत्यु संस्कारमा गरिने क्रियाकलापहरू उल्लेख गर्न ।<br>- मान्यजनहरूको निर्देशन पालना गर्न। |
| सामाजिक समस्या र समाधान | - साथी र गुरुहरूसँग घुलमिल हुन।<br>- आफ्नो घर परिवार र विद्यालयमा शिष्टाचारसहित अभिवादनको प्रयोग गर्न।<br>- गर्न हुने/गर्न नहुने कामहरू चित्रका आधारमा बताउन ।<br>- साथीसाथीबिच मेलमिलाप र समान व्यवहार गरी बस्न ।<br>- आफ्नो वरपर देखिने सामाजिक समस्याहरूको नाम भन्न। | - सम्बद्ध व्यक्तिहरूसँग घुलमिल हुन र आदर गर्न ।<br>- आदर सत्कार र शिष्टाचारसहित पारिवारिक सद्भावको पालना गर्न।<br>- गर्न हुने/गर्न नहुने कामको नाम भन्न।<br>- आफ्नो समुदायभित्र भएका असल सामाजिक चलनहरू बताउन ।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरूको नाम लेख्न।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरूको समाधान गर्ने व्यक्तिहरूको नाम बताउन। | - सम्बद्ध व्यक्तिहरूसँग सहयोग आदानप्रदान गर्न।<br>- आफ्नो समुदाय समाजमा पालन गर्नुपर्ने आचरणको जानकारी प्राप्त गरी दैनिक जीवनमा अवलम्बन गर्न।<br>- गर्न हुने/गर्न नहुने कामको नाम लेख्न।<br>- आफ्नो समुदायभित्र भएका सामाजिक सहयोग र व्यवहारको सूची बनाउन।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याको पहिचान।<br>- गर्न र समाधान गर्ने तरिका बताउन।<br>- असल बानीबाट हुने फाइदा बताउन।<br>- सामाजिक समस्या समाधानमा<br>- आफ्ना टोल, समुदाय स्तरमा भएका संघसंस्थाहरूको नाम लेख्न। |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | | | - बालश्रम, बालविवाह, लैङ्गिक हिंसा विरुद्धका पोस्टर हेरेर बयान गर्न। |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो परिवारले गर्ने कामका बारेमा बताउन ।<br>- परिवारले गरेको कामबाट उत्पादित सामग्रीको नाम बताउन।<br>- आफ्नो समुदायमा लाग्ने हाटबजारको नाम बताउन।<br>- आफ्नो परिवारले प्रयोग गर्ने गरेका औजारहरूको चित्र हेरेर पहिचान गर्न ।<br>- घरमा प्रयोग गरिने सञ्चारका साधनहरूको नाम बताउन ।<br>- घर तथा विद्यालयमा भएको फूलबारी तथा करेसाबारीमा गरिने कामको अवलोकन गर्न। | - आफ्नो परिवारको पेशा व्यवसाय र आम्दानीका स्रोत बताउन ।<br>- समुदायमा लाग्ने हाटबजारमा किनबेच गरिने सामानहरूको नाम बताउन।<br>- सञ्चारका साधनको पहिचान गरी प्रयोग गरिने तरिका बताउन ।<br>- आफ्नो परिवारको पेशासँग सम्बन्धित औजारहरूको नाम बताउन ।<br>- घर तथा विद्यालयमा भएको फूलबारी तथा करेसाबारीमा गरिने काममा सहयोग गर्न। | - आफ्नो परिवार र छिमेकीको पेशा व्यवसाय र आम्दानीका स्रोतहरूको पहिचान गरी सूची तयार गर्न ।<br>- आफ्ना वडाभित्र लाग्ने मुख्य हाटबजारको नाम लेखी किनबेच गरिने सामानको सूची तयार गर्न<br>- आफ्ना वडाभित्रका सेवामूलक संस्थाहरूको सामान्य जानकारी दिन।<br>- सञ्चारका साधनहरूको सूची तयार गर्न र उपलब्ध साधनहरूको समुचित प्रयोग गर्न ।<br>- आफ्नो परिवार र छिमेकीले काम गर्दा प्रयोग गर्ने गरेका उपकरणहरूको चित्राङ्कन गर्न ।<br>- घर तथा विद्यालयमा भएको फूलबारीमा आफ्नो नामको गमला/फूल तयार गरी स्याहार गर्न। |
| स्थानीय विपद्हरू र व्यवस्थापन | - घर तथा विद्यालय वरपर घट्न सक्ने विपद्हरूको नाम बताउन ।<br>- भुईँचालो, शीतलहर, लु लाग्नु, आगलागी, बाढी जस्ता विपद्हरु चित्र तथा | - विपद्को परिचय दिन, स्थानीय तहमा देखा पर्ने गरेका ६ विपद्हरूको उदाहरण दिन ।<br>- सर्पको डसाइबाट बच्नका लागि गर्नसकिने उपायहरू बताउन। | - छिमेकीलाई पर्ने विपद्का अवस्थामा आफूले निर्वाह गर्नु पर्ने भूमिका बताउन ।<br>- विपद्का बेलामा गरिने प्राथमिक उपचारको महत्त्व बताउन ।<br>- विपद् न्यूनीकरणका लागि गाउँघरमा भएका प्रयास बताउन। |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | भिडियोहरूबाट विपद्को पहिचान गर्न ।<br>- भुइँचालो, शीतलहर, लु लाग्नु र आगलागीको विपद्का अवस्थामा अपनाउनु पर्ने सुरक्षाका विधिहरू शिक्षकको निर्देशनअनुसार पालन गर्न।<br>- प्राथमिक उपचार बाकसमा भएका सामग्री पहिचान गर्न | - नदीकटानबाट उत्पन्न भएका समस्याहरू अवलोकन गरी बताउन ।<br>- जङ्गली जनावरबाट जोगिन के गर्ने के नगर्ने बताउन।<br>- आफू बसेको ठाउँ वा आफ्नो गाउँघरमा घट्न सक्ने विपद्को समय आँकलन गर्न।<br>- सामान्य काटेको अवस्थामा प्राथमिक उपचार बाकस भित्रका सामग्री प्रयोग गरी प्राथमिक उपचारको अभ्यास गर्न। | - आगलागी फैलन नदिन र सर्पको डसाइबाट हुने मानवीय क्षति रोक्न अपनाउने उपायहरू बताउन।<br>- बाढीको परिचय दिन र बाढीबाट जोगिन गर्नसकिने कार्यहरू बताउन ।<br>- विपद्बाट हुने क्षतिको विवरण तयार गर्न। |
| योग, स्वास्थ्य तथा खेलकुद | - हातमुख धुने तरिका बताउन र धुन ।<br>- आफूले खाने खानेकुराको नाम भन्न ।<br>- स्थानीय खेलहरू खेल्न।<br>- शरीरका सूक्ष्म व्यायामहरू गर्न।<br>- दुईवटा आसनहरूको अभ्यास गर्न । | - आफ्नो शरीरको सरसफाइ गर्न। .<br>- स्थानीय स्तरमा पाइने खानेकुराको नाम बताउन।<br>- आफूले खेल्ने खेलहरूको नाम बताउन ।<br>- सूक्ष्म व्यायामहरू आफै गर्न।<br>- चारवटा आसनहरूको नाम बताई अभ्यास गर्न ।<br>- ध्यानको अभ्यास गर्न। | - घर, विद्यालय र कक्षा कोठाको महत्त्व बताउन र सरसफाइ गर्न।<br>- स्वस्थकर र अस्वस्थकर खानेकुराको बारेमा बताउन र छुट्याउन ।<br>- स्थानीय खेलहरूको सूची बनाउन र खेल्न।<br>- सूक्ष्म शारीरिक व्यायाम आफै गर्न।<br>- पाँचवटा आसनहरूको नाम बताई अभ्यास गर्न ।<br>- ध्यानको अभ्यास गर्न र सामान्य प्राणायाम गर्न। |

## ८.२ आधारभूत तह, कक्षा ४ –५

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| हाम्रो स्थानीय तह | - बाह्रदशी गापाको सिमाना र वडाको सिमाना उल्लेख गर्न।<br>- आफ्नो वडाभित्र बसोबास गर्ने मानिसहरूको जात, भाषा र धर्मको सूची तयार गर्न ।<br>- आफ्नो वडाको जनसङ्ख्या उल्लेख गर्न ।<br>- आफ्नो वडाको भौगोलिक अवस्था तथा प्राकृतिक सम्पदाहरूको पहिचान गर्न र सामान्य वर्णन गर्न।<br>- आफ्नो वडाभित्र रहेका सरकारी कार्यालयहरू र सामाजिक संघसंस्थाहरूको सूची तयार गर्न।<br>- आफनो वडाभित्र रहेका मुख्य सडकहरूको विवरण तयार गर्न । | - आफ्नो वडा र बाह्रदशी गापाको क्षेत्रफल उल्लेख गर्न।<br>- आफ्नो वडाभित्र रहेका सरकारी कार्यालयहरूबाट प्राप्त हुने सेवा तथा सुविधाको सामान्य उल्लेख गर्न ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य प्राकृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको सूची तयार गर्न ।<br>- आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको जात भाषा र धर्मको सूची तयार गर्न ।<br>- आफ्नो पालिकाको सक्रिय र आश्रित जनसङ्ख्या उल्लेख गर्न।<br>- आफ्नो वडा र पालिकाको भौगोलिक अवस्था बताउन, नक्सा चित्र र नक्साङ्कनको सामान्य अभ्यास गर्न।<br>- आफ्नो पालिकाको इतिहासको सामान्य जानकारी दिन । |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - वातावरणका जैविक तथा अजैविक तत्वका बारेमा सामान्य परिचय दिन।<br>- स्थानीय वातावरण प्रदूषणका प्रकार र वातावरण संरक्षणको परिचय दिन ।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वहरूको अन्तरसम्बन्धको सामान्य परिचय दिन।<br>- आफ्नो विद्यालय र घरको सरसफाइमा सहभागी हुन ।<br>- फोहोरमैलाको वर्गीकरण गर्न। | - वातावरणभित्र पर्ने जैविक र अजैविक तत्वहरू छुट्याउन ।<br>- वातावरण संरक्षण गर्ने उपायहरू अपनाउन।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वको अन्तरसम्बन्ध उल्लेख गर्न।<br>- स्थानीय वातावरण प्रदूषणका असरहरू उल्लेख गर्न ।<br>- आफ्नो छरछिमेक र टोलको सरसफाइमा सहभागी हुन।<br>- खानेपानी दूषित हुनका कारणहरू र पानी शुद्धीकरणका उपायहरू उल्लेख गर्न।<br>- फोहोरमैलाको असर उल्लेख गर्न। |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | - निकट छिमेकीहरूको सम्बन्ध पहिचान गरी सहयोग आदानप्रदान गर्न।<br>- आफूले प्रयोग गर्ने सामग्रीहरूको सुरक्षितरूपमा प्रयोग गरी हिफाजत गर्न।<br>- मान्यजनहरूको सम्मान गरी उनीहरूबाट प्रेरणा प्राप्त गर्न।<br>- असल बानीको सूची तयार गरी व्यवहारमा प्रयोग गर्न।<br>- आफ्नो समुदायका विभिन्न भाषा, भेषभूषा, रहनसहन र चाडपर्वको पहिचान गरी सूची बनाउन।<br>- आफ्नो जन्मस्थानको महत्त्वबोध गरी अपनत्व दर्शाउन।<br>- आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग गर्न ।<br>- परम्परागतरूपमा चलिआएका सामाजिक नियमहरूको खोजी गरी सूची तयार गर्न। | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको खोजी गरी सूची तयार गर्न ।<br>- जुनसुकै काम गर्ने श्रमिकहरूको सम्मान गर्न।<br>- स्थानीय परम्परागत र सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान गर्न।<br>- स्थानीय भाषा, भेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय दिन ।<br>- आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी गर्न।<br>- अनुशासन तथा असल आचरण पालना गर्न।<br>- आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका लागि भएका स्थानीय प्रयासहरूको खोजी गर्न। |
| सामाजिक समस्या र समाधान | - आदर्श समाजमा गर्नुपर्ने कामका नामहरू लेख्न।<br>- समुदायस्तरमा रहेका सामाजिक समस्याहरूको पहिचान गरी उल्लेख गर्न।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका असर उल्लेख गर्न।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाको नाम र काम उल्लेख गर्न।<br>- बालश्रम, बालविवाहबाट समाजमा हुने असर उल्लेख गर्न । | - आदर्श समाजमा गर्न हुने/गर्न नहुने कामहरूको सूची बनाउन ।<br>- समुदायभित्र भएका सामाजिक समस्याको पहिचान गरी समाधानका उपायहरू बताउन।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका असर बताउन र सचेत रहने उपाय उल्लेख गर्न।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदाय स्तरमा भएका संघसंस्थाको खोजी गरी नाम र काम लेख्न ।<br>- बालश्रम, बालविवाह, लैङ्गिकहिंसा बारेमा सचेत हुन ।<br>- समुदायमा रहेका सामाजिक समस्याहरूबाट सुरक्षित रहने उपायहरू उल्लेख गर्न। |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | | - विद्यालयमा हुने दुर्व्यवहारको पहिचान गर्न। |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो समुदायभित्र भएका मानिसहरूले गर्ने कृषि उद्योग व्यापार र नोकरीसम्बन्धी पेशा र व्यवसायहरू उल्लेख गर्न ।<br>- हाटबजारको महत्त्व बताउन र आफ्नो समुदायभित्र उत्पादित वस्तुहरू पत्ता लगाउन<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने गरेका परम्परागत र आधुनिक उपकरणहरू छुट्याउन<br>- आफ्ना वडाभित्रका सेवामूलक संस्थाहरूको सूची तयार गर्न ।<br>- सूचना तथा सञ्चार प्रविधिको परिचय दिन र सूचनाका माध्यम/साधनहरूको नाम उल्लेख गर्न।<br>- मनोरञ्जनका लागि प्रयोग हुने प्रविधिको नाम बताउन ।<br>- घर तथा विद्यालयमा भएको फूलबारी र करेसाबारीमा समूहमा रही तोकिएको स्थानमा काम गर्न । | - आफ्नो समुदायभित्रका व्यक्तिहरूको कृषि/ उद्योग/ व्यापार/ नोकरी जस्ता कामबाट प्रेरणा लिई काम गर्न ।<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने गरेका आधुनिक उपकरणहरूबाट हुने फाइदाहरू उल्लेख गर्न ।<br>- आफ्नो वडाभित्र रहेका साना/ मझौला र ठुला उद्योगका साथै व्यापारहरूको सूची तयार गर्न।<br>- सूचना तथा सञ्चार प्रविधिको महत्त्व उल्लेख गर्न ।<br>- घर तथा विद्यालयमा भएको फूलबारी र करेसाबारीमा तोकिएको स्थानमा काम गर्न।<br>- आफ्नो समुदायमा भएका विकास निर्माणका कार्यहरू पहिचान गरी तिनको फाइदा उल्लेख गर्न । |
| स्थानीय विपद्हरू र व्यवस्थापन | - प्राकृतिक विपद् र गैर प्राकृतिक विपद्को परिचय दिन र वर्गीकरण गर्न।<br>- नदीकटान नियन्त्रणका लागि अपनाइएका सुरक्षाका उपायहरू बताउन।<br>- जङ्गली हात्ती तथा भुस्याहा कुकरबाट उत्पन्न समस्या न्यूनीकरण गर्न स्थानीय तहले गर्दै गरेका कार्यहरूको सूची बनाउन ।<br>- प्राथमिक उपचारको परिचय दिन र विपद्मा गरिने प्राथमिक उपचार पद्दतिको प्रयोग गर्न।<br>- -विपद्का समयमा सुरक्षित वासस्थानको आवश्यकता र महत्त्व उल्लेख गर्न । | - प्रकोप, जोखिम र विपद्को परिचय दिन ।<br>- विपद् पूर्व तयारीको परिचय दिन र विपद् पूर्व तयारी गर्दा गर्नु पर्ने कार्यहरू उल्लेख गर्न ।<br>- चटयाङ्गो बारेमा बताउन र बच्न गरिने पूर्व तयारी र चटयाङ् पर्दै गरेको बेला अपनाउनु पर्ने सुरक्षाका उपायहरू उल्लेख गर्न ।<br>- घरमा विद्युतीय दुर्घटना हुन नदिन अवलम्बन गर्नु पर्ने सुरक्षाका उपायहरू उल्लेख गर्न र प्राथमिक उपचार पद्दति अपनाउन, ।<br>- विपद्का समयमा सुरक्षित विद्यालयको पहिचान आवश्यकता र महत्त्व उल्लेख गर्न |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| योग, स्वास्थ्य तथा खेलकुद | - स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको परिचय दिन ।<br>- सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय महत्त्व बताउन ।<br>- स्थानीय जडीबुटीहरूको नाम उल्लेख गर्न।<br>- स्थानीय खेलहरू खेल्ने नियमहरू बताउन र खेल्ने अभ्यास गर्न ।<br>- योगको सामान्य परिचय दिन र शारीरिक व्यायाम गर्न ।<br>- योगासनको नाम भन्न र अभ्यास गर्न।<br>- ध्यान र प्राणायाम गर्न । | - सन्तुलित भोजनको अवधारणा प्रस्तुत गर्न।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन ।<br>- स्थानीय खेलकुदको परिचय, महत्त्व र आवश्यकता उल्लेख गर्न ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको सूची बनाउन।<br>- योगको अर्थ र साधारण महत्त्व उल्लेख गर्न।<br>- शारीरिक व्यायाम गर्न ।<br>- योगासन, ध्यान र प्राणायाम गर्न । |

## ८.३ आधारभूत तह, कक्षा ६ –८

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| हाम्रो स्थानीय तह | बाह्रदशी गापाको जनसङ्ख्याको बनावट र वितरणको अवस्था उल्लेख गर्न ।<br>आफ्नो पालिकाभित्र रहेका सरकारी कार्यालयहरूबाट प्राप्त हुने सेवा तथा सुविधाको सामान्य उल्लेख गर्न।<br>बाह्रदशी गापाको चार किल्ला र वडा छुट्टिने गरी नक्साङ्कन गर्न ।<br>पालिकाभित्रका मुख्य बजार तथा सडक सञ्जालहरू उल्लेख गर्न । | बाह्रदशी गापाको भौगोलिक अवस्था र हावापानी उल्लेख गर्न।<br>स्थानीय स्वास्थ्य तथा शैक्षिक संस्थाहरूको विवरण तयार गर्न र त्यहाँबाट प्रदान गर्ने सेवा तथा सुविधाहरू उल्लेख गर्न ।<br>बाह्रदशी गापाको नक्साङ्कन गरी महत्त्वपूर्ण स्थानहरू देखाउन।<br>बाह्रदशी गापाका विकास आयोजनाहरूको सूची तयार गर्न।<br>बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, | बाह्रदशी गाउँपालिकाको गठन प्रक्रिया प्रशासनिक संरचना र प्रवाह हुने सेवा सुविधाहरू उल्लेख गर्न ।<br>बाह्रदशी गापाको नक्सामा धार्मिक ऐतिहासिक एवं प्रशासनिक एकाइहरू देखाउन ।<br>बाह्रदशी गापाको जनसङ्ख्या वर्गीकरणको प्रस्तुति तथा तुलनात्मक विश्लेषण गर्न ।<br>बाह्रदशी गापाका गौरवका विकास आयोजनाहरूको परिचय दिन ।<br>बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको महत्त्व उल्लेख गर्न ।<br>बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूले प्रदान गर्ने सेवा सुविधाहरू उल्लेख गर्न।<br>बाह्रदशी गापाको नामाकरण र बनावट बारे उल्लेख गर्न। | धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणको उपायहरू उल्लेख गर्न ।<br>बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूको संरक्षणमा पालिकाको भूमिका उल्लेख गर्न ।<br>बाह्रदशी गापाको ऐतिहासिक पृष्ठभूमि खोजी गर्न। | संरक्षणमा पालिकाको भूमिका उल्लेख गर्न ।<br>बाह्रदशी गापाको इतिहासबारे खोजी तथा अभिलेख खडा गर्न र वर्तमान अवस्था उल्लेख गर्न। |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - वातावरणको संरक्षणमा वातावरणमैत्री व्यवहार अबलम्बन गर्न।<br>- स्थानीय वातावरण प्रदूषणको रोकथामका उपायहरू उल्लेख गर्न ।<br>- स्थानीय फोहोर मैला व्यवस्थापनको परिचय दिन र व्यवस्थापनका तरिका उल्लेख गर्न।<br>- वातावरण संरक्षणमा स्थानीय संघसंस्थाको भूमिका उल्लेख गर्न ।<br>- वायु तथा जल प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न । | - प्राकृतिक स्रोतको परिचय दिन, महत्व वताउन र वर्गीकरण गर्न।<br>- जलस्रोत, जलाधार र सिमसारको परिचय दिन।<br>- प्राकृतिक स्रोतको विनासको कारण उल्लेख गर्न।<br>- माटो तथा ध्वनि प्रदूषणका कारण असर र रोकथामका उपायहरू उल्लेख गर्न ।<br>- फोहोर मैलाको अव्यवस्थाका कारणबाट उत्पन्न हुने समस्याहरू उल्लेख गर्न । | - जैविक विविधताको परिचय दिन र पालिकाभित्रको वर्तमान स्थितिका साथै महत्त्व उल्लेख गर्न।<br>- प्राकृतिक स्रोतको विनासका असरहरू न्यूनीकरण गर्ने उपायहरू खोज्न र लागु गर्नका लागि स्थानीय संघसंस्थाको भूमिका उल्लेख गर्न ।<br>- फोहोर मैला व्यवस्थापनका उपायहरू अवलम्बन गरी लागु गर्न।<br>- ध्वनि प्रदूषणका कारण, असर र रोकथामका उपायहरू उल्लेख गर्न।<br>- वातावरण संरक्षण र सरसफाइमा स्थानीय तहको भूमिका उल्लेख गर्न।<br>- वातावरण संरक्षण र सरसफाइ गर्नका लागि गरिने प्रचारप्रसार लगायतका क्रियाकलापमा सहभागी हुन । |
| हाम्रा संस्कार, संस्कृति र | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको अभ्यास गर्न। | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि आदिको संरक्षण र | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि, आदिको |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| मूल्य मान्यता | - विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व उल्लेख गर्दै र सम्मान प्रकट गर्न।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान गरी यसको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व उल्लेख गर्न ।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको पहिचान गरी सम्मान गर्न।<br>- पालिकाभित्र रहेका संस्कृतिको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था आदिको सामान्य गतिविधिसँग परिचित हुन।<br>- आत्मानुशासन र सामाजिक व्यवहारको पालना गर्न।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन,मेलापर्व र जात्राहरूको परिचय दिई महत्त्व उल्लेख गर्न। | संवर्धनमा स्थानीय तह तथा संघसंस्थाको भूमिका उल्लेख गर्न ।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान गरी यसको ऐतिहासिक, सांस्कृतिक महत्त्व र संरक्षणका उपायहरू उल्लेख गर्न ।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन,मेलापर्व र जात्राहरूमा सहभागी हुन ।<br>- हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरूसँग परिचित भई सोअनुरूप व्यवहार गर्न।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसङ्ख्यक आदि व्यक्तिहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन।<br>- चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिका खोजी गर्न र सहभागी हुन।<br>- मानवमूल्य आत्मसात् गरी मानव सेवाको भावना जागृत गर्न। | संरक्षण र संवर्धनमा आवश्यक सहयोग गर्न ।<br>- बाह्रदशीका सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा स्थानीय तहको भूमिका उल्लेख गर्दै सहभागी हुन।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको संरक्षणमा सहयोग गर्न।<br>- विविधतामा एकताको रूपमा बाह्रदशीको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन र सो अनुसार अभ्यास गर्न।<br>- सिर्जनशील र चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिकाको खोजी तथा अभ्यास गर्न। |
| सामाजिक समस्या र समाधान | - आदर्श समाजका विशेषताहरू लेख्न।<br>- सामाजिक समस्या र विकृतिको पहिचान गर्न र | - आदर्श समाज र विकृत समाजका विशेषताहरूको सूची बनाउन। | - समुदायका अगुवाको भूमिका पहिचान गर्न ।<br>- सामाजिक समस्या र विकृतिको समाधान गर्न पालिकाको भूमिका उल्लेख गर्न। |

| क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | समाधानका उपायहरूको खोजी गर्न।<br>- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय संघसंस्थाको भूमिका खोजी गर्न।<br>- परिवार र कक्षाकोठामा हुन सक्ने विवादको पहिचान गरी त्यसको समाधानमा आफ्नो भूमिका प्रस्तुत गर्न।<br>- समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाउन।<br>- विद्यालयमा हुने दुर्व्यवहारबाट बच्ने उपायहरू उल्लेख गर्न। | - सामाजिक समस्या र विकृतिका कारण र असरप्रति सचेत भई समाधानका उपायहरू अवलम्बन गर्न।<br>- सामाजिक समस्या समाधानमा खेल्न सक्ने भूमिका खोजी गर्न।<br>- द्वन्द्व र त्यसको व्यवस्थापनमा आफ्नो भूमिका निर्वाह गर्न।<br>- अपाङ्गतामैत्री तथा समावेशी व्यवहार प्रदर्शन गर्न।<br>- बाल दुर्व्यवहारबाट बच्न बालक्लबले खेल्ने भूमिका उल्लेख गर्न । | - द्वन्द्वका कारण, व्यवस्थापनका उपायहरू तथा व्यवहारिक अभ्यास गर्न।<br>- कुरीति र अन्धविश्वास विरुद्धमा आवाज बुलन्द गर्न।<br>- लैङ्गिक समानता तथा सकारात्मक विभेदबारे सुसूचीत हुन।<br>- बाल दुर्व्यवहारबाट बच्न बालक्लबले गर्ने क्रियाकलापहरूमा सहभागी हुन।<br>- जीवनोपयोगी सिपको परिचय दिई असल आचरण प्रस्तुत गर्न। |
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | - आफ्ना छरछिमेकमा मनाइने चाडपर्वहरूको नाम बताउन र सहभागी हुन ।<br>- घरमा गरिने सांस्कृतिक क्रियाकलापहरूको नाम बताउन।<br>- परिवारले मनाउने चाडपर्वमा लगाइने पोसाक पहिचान गर्न।<br>- परिचित व्यक्तिहरूसँग आवश्यक सहयोग लिन र दिन।<br>- आफ्नो घर वरपर रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरू पहिचान गर्न । | - स्थानीय स्तरमा विभिन्न जातजातिहरूले मनाउने चाडपर्वहरू जस्तैः सिरुवा, जितीया, सोहराय, ईद, छैठ, ल्होसार र हुकाहुकी मनाउने समय र स्थानको परिचय ।<br>- घरमा गरिने सांस्कृतिक क्रियाकलापहरूको नाम (जन्मोत्सव, विवाह, मृत्य संस्कार चाडपर्व आदि )।<br>- स्थानीय पहिरन। (पेटानी बर्हती गजी छिट कमीज कुर्ता धोती सारी चोलो लुङ्गी पाइजामा गन्जी बुर्का पटुका, गम्छा, सट पेन्ट )<br>- परिचित व्यक्तिहरूसँग आवश्यक सहयोग ।(वस्तु खानेकुरा स्थान नजानेको विषय आदि)। | - आफ्नो घर, छरछिमेकमा चाडपर्वहरू कहिले कहिले र कहाँ मनाइन्छन्, ती चाडपर्वमा सहभागी भएको/नभएको बारेमा भन्न लगाउने र पाटीमा टिप्ने निष्कर्ष बताइदिने ।<br>- विद्यार्थीहरूलाई आ-आफ्नो घरमा गरिने सांस्कृतिक क्रियाकलापहरूको नाम बताउन लगाई पाटीमा टिप्ने र सहजीकरण गर्ने ।<br>- विद्यार्थीहरूलाई आ-आफ्नो परिवारले मनाउने चाडपर्वमा लगाइने पोसाक बारे भन्न लगाउने र पाटीमा टिप्ने र निष्कर्ष बताइदिने ।<br>- विद्यार्थीहरूलाई परिचित व्यक्तिहरूसँग के कस्ता सहयोग लिने र दिने गरेका छौ भन्ने प्रश्न गरी प्राप्त उत्तरहरूलाई पाटीमा टिप्दै जाने र अरू के कस्ता सहयोग लिन र दिन सकिन्छ भनेर छलफल गर्ने र निष्कर्ष बताइदिने ।<br>- आफ्नो घर वरपर रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरूमा गए/नगएको विद्यार्थीहररूलाई सोध्ने र अरू कुन कुन धार्मिक तथा सांस्कृतिक स्थलहरू हुनसक्छन् भनी छलफल गराई प्राप्त उत्तरहरू पाटीमा टिपेर सहजीकरण गर्ने । | - छरछिमेकमा मनाइने कुनै पाँच ओटा चाडपर्वहरूको नाम बताउन लगाउने ।<br>- घरमा गरिने कुनै तीन ओटा सांस्कृतिक क्रियाकलापहरूको नाम बताउन लगाउने ।<br>- आ-आफ्नो परिवारले मनाउने चाडपर्वमा लगाइने कुनै चार प्रकारका पोसाकको नाम बताउन लगाउने ।<br>- परिचित व्यक्तिहरूसँग लिएका कुनै तीन र दिएका कुनै तीन आवश्यक सहयोगहरू बताउन लगाउने ।<br>- आफ्नो घर वरपर रहेका कुनै तीन ओटा धार्मिक तथा सांस्कृतिक स्थलहरू बताउन लगाउने । | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आफ्नो घर वरपर रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरू मन्दिर, मस्जीद, गुम्बा ,गुरूद्वार, चर्च, थान साकेला आदि । | | | |
| सामाजिक समस्या र समाधान | - सम्बद्ध व्यक्तिहरूसँग घुलमिल हुन र आदर गर्न ।<br>- आदर, सत्कार र शिष्टाचारसहित पारिवारिक सद्भावको पालना गर्न।<br>- गर्न हुने/गर्न नहुने कामको नाम भन्न।<br>- आफ्नो समुदायभित्र भएका असल सामाजिक चलनहरू बताउन ।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरूको नाम लेख्न।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरूको समाधान गर्ने व्यक्तिहरूको नाम बताउन।<br>- | - साथी, गुरुहरू र परिवारका सदस्यहरू तथा छिमेकी बालबालिकासँग घुलमिल र आदर ।(सँगै मिलेर बस्ने, खेल्ने, खाजा खाने, पालो पर्खने, लाइनमा बस्ने, नजानेको कुरा गुरुलाई सोध्ने आदि। )<br>- आदर, सत्कार र शिष्टाचारसहित पारिवारिक सद्भाव( दण्डवत्, प्रणाम/पर्नाम, गोडलागी, नमस्कार, सेवारो, जोजोलापा, फ्याफुल्ला, जोहार, झोर्ले,बन्दगी सलामवालेकुम, सेवा, ज्यू, ढोग,जय मसी, टासी डेले।) | - साथी, गुरुहरू र परिवारका सदस्यहरू तथा छिमेकी बालबालिकासँग घुलमिल र आदर देखाउने चित्र प्रदर्शन गर्ने र अध्ययन तथा अभ्यास गर्न लगाउने । शिक्षकले सहजीकरण गर्ने।<br>- आदर सत्कार र शिष्टाचारसहित पारिवारिक सद्भावको पालना प्रस्तुत हुने चित्रहरू प्रदर्शन गरी अध्ययन गर्न र आ-आफनो संस्कार अनुसार गरिने अभिवादनको अभ्यास गर्न लगाउने।<br>- गर्न हुने/गर्न नहुने कामहरूका बारेमा बिद्यार्थीहरूलाई पालैपालो भन्न लगाई कुन कुन गर्नु हुने र कुन कुन गर्नु नहुने छुट्ट्याउन लगाउने र शिक्षकले सहजीकरण गर्ने।<br>- आफ्नो समुदायभित्र भएका असल सामाजिक चलनहरूको नाम भन्न लगाई अभ्यास गराउने र सबैलाई समान व्यवहार गर्नुपर्ने गुणको विकास गर्न शिक्षकले सहजीकरण गर्ने । | - साथीसाथी बिच घुलमिल र आदरभाव देखाउन लगाई शिक्षकले अवलोकन गर्ने ।<br>- आदर सत्कार र शिष्टाचारसहितको अभिवादन विद्यार्थीबिच गर्न लगाई अवलोकन गर्ने।<br>- तीन/तीन ओटा गर्न हुने र गर्न नहुने कामहरू बताउन लगाउने ।<br>- हाम्रा समाजमा भएका असल सामाजिक कुनै चार चलनहरू भन्न लगाउने ।<br>- कुनै तीन सामाजिक समस्याहरू भन्न लगाउने।<br>- सामाजिक समस्या समाधान गर्ने व्यक्तिहरूको नाम बताउन लगाउने। | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - गर्नु हुने (माया गर्ने, सत्कार, सम्मान, संरक्षण, भेटिएको सामान दिने मेलमिलाप सहयोग उपकार सरसफाइ अर्काको सामान नचलाउने /नलिने वा अनुमति लिएर मात्र चलाउने।)<br>गर्नु नहुने कामहरू ( झुटो बोल्ने, विना अनुमति अर्काको सामान प्रयोग गर्ने, झैझगडा, रिस, अपरिचित व्यक्तिसँग कुराकानी, हेपाइ आदि)<br>- आफ्नो समुदायभित्र भएका असल सामाजिक चलनहरू( पाहुनालाई स्वागत, सत्कार , छिकेकीहरूबिच ऐँचोपैँचो र अर्मपर्म तथा आपसी सहयोग, विभिन्न सामाजिक, सामुदायिक तथा धार्मिक कार्यहरूमा सहभागिता )<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरू (मादक पदार्थ | - आफ्नो वरपर देखिने सामाजिक समस्याहरू (मादक पदार्थ सेवन, चोरी, झैझगडा, बालश्रम, भेदभाव) झल्किने चित्र देखाई भन्न ।<br>- नाम लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरूको समाधान गर्ने व्यक्तिहरू को को हुन सक्छन् भनी छलफल गर्ने सबैको नाम टिपोट गरी सहजीकरण गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सेवन, चोरी, झैझगडा बालश्रम, भेदभाव आदि)।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याहरूको समाधान गर्ने व्यक्तिहरू ।(वडाध्यक्ष सामाजिक अगुवा घरको मूली आदि) । | | | |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो परिवारको पेशा व्यवसाय र आम्दानीका स्रोत बताउन ।<br>- समुदायमा लाग्ने हाटबजारमा किनबेच गरिने सामानहरूको नाम बताउन।<br>- सञ्चारका साधनको पहिचान गरी प्रयोग गरिने तरिका बताउन ।<br>- आफ्नो परिवारको पेशासँग सम्बन्धित औजारहरूको नाम बताउन ।<br>- घर तथा विद्यालयमा भएको फूलबारी तथा करेसाबारीमा गरिने काममा सहयोग गर्न। | - आफ्ना पारिवारका सदस्यहरूले गर्ने मुख्य पेशा र आम्दानीका स्रोतहरू।<br>- आफ्नो समुदायमा लाग्ने हाटबजारमा किनबेच गरिने सामग्रीहरूको नाम ।<br>- टेलिभिजन, एफ. एम. रेडियो, मोबाइल, टेलिफोन र पत्रपत्रिका आदि।<br>- आफ्नो परिवारले प्रयोग गरेका औजारहरूको नाम ।<br>घर तथा विद्यालयमा भएको फूलबारी तथा करेसाबारीमा गरिने काममा सहयोग। | - प्रविधिको माध्यमबाट देखाइएका वा दिइएका चित्रमा भएका विभिन्न कामको नाम र परिवारका सदस्यहरूले गर्ने कामको नाम भन्न लगाउने ।<br>- आफ्ना पारिवारका सदस्यहरूले गरेका कामबाट उत्पादन भएका सामग्रीहरूको नाम र आम्दानीको स्रोत भन्न लगाउने ।<br>- आफ्नो समुदायमा लाग्ने हाटबजारका नाम र स्थानीय हाटबजारमा पाइने वस्तुहरूको नाम भन्न लगाउने र स्थानीय कुनै एक हाटबजारको भ्रमण गराउने ।<br>- घरमा प्रयोग गरिने सञ्चारका साधनको नाम भन्न लगाउने।<br>- परिवारले काम गर्दा प्रयोग गर्ने गरेका औजारहरूको नाम भन्न लगाउने । | - परिवारको काम र उत्पादन हुने सामग्रीको नाम र आम्दानीको स्रोत भन्न लगाउने।<br>- मुख्य मुख्य हाटबजारको नाम भन्न लगाउने ।<br>- घरमा प्रयोग गरिने सञ्चारका साधनको नाम भन्न लगाउने।<br>- परिवारका सदस्यले काम गर्दा प्रयोग गर्ने कुनै ३ ओटा औजारहरूको नाम भन्न लगाउने ।<br>- फूलबारी तथा करेसाबारीमा गरिने कामका बारेमा भन्न लगाउने। विद्यालयमा गरिएको | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | - | | - घर तथा विद्यालयमा भएको फूलबारी तथा करेसाबारीमा गरिने काममा सहयोग गर्न लगाउने र गरिएको सहयोगको बयान कक्षामा सुनाउन लगाउने । | कामको विवरण अवलोकन गरी अभिलेख राख्ने । | |
| स्थानीय विपद्हरू र व्यवस्थापन | - विपद्को परिचय दिन, स्थानीय तहमा देखा पर्ने गरेका ६ विपद्हरूको उदाहरण दिन ।<br>- सर्पको डसाइबाट बच्नका लागि गर्नसकिने उपायहरू बताउन।<br>- नदीकटानबाट उत्पन्न भएका समस्याहरू अवलोकन गरी बताउन ।<br>- जङ्गली जनावरबाट जोगिन के गर्ने के नगर्ने बताउन।<br>- आफू बसेको ठाउँ वा आफ्नो गाउँघरमा घट्न सक्ने विपद्को समय आँकलन गर्न।<br>- सामान्य काटेको अवस्थामा प्राथमिक उपचार बाकस भित्रका सामग्री प्रयोग गरी प्राथमिक उपचारको अभ्यास गर्न। | - विपद्को परिभाषा लेखिएको ड्रइङ् पेपर । (आगलागी, बाढी, शीतलहर र लु लाग्नु, सर्पको डसाइ ,जङ्गली हात्तीको आक्रमण, नदी कटान आदि) जस्ता विपद्हरुको चित्र तथा भिडियोहरू।<br>- सर्पको डसाइबाट जोगिन अपनाउनु पर्ने सुरक्षाका विधिहरू प्रदर्शन गरिएका भिडियो।<br>- नदीकटान भएको क्षेत्रको अवलोकन ।<br>- जङ्गली जनावरबाट जोगिन के गर्ने के नगर्ने भनी देखाइएको चित्राङ्कित चार्ट।<br>- आफू बसेको ठाउँ वा आफ्नो गाउँघरमा घट्न सक्ने विपद् | - भुइँचालो, आगलागी, बाढी, सर्पको डसाइ, नदीकटान, जङ्गली हात्तीको आक्रमण जस्ता विपद्हरु चित्र तथा भिडियोहरू प्रदर्शन गरी विद्यार्थीलाई मस्तिष्क मन्थन गर्न लगाउने विपद्को पहिचान गर्न लगाउने र विपद्को नाम सोध्ने -विपद्को परिभाषा लेखिएको ड्रइङ् पेपर प्रदर्शन गरी विपद्को परिभाषा लेख्न लगाउने ।<br>- सर्पको डसाइको चित्र देखाई विद्यार्थीहरूलाई ४/४ जनाको समूह बनाई सर्पको डसाइबाट जोगिने उपायबारे छलफल गर्न लगाउने र समूहगत रूपमा सोध्ने ।<br>- विद्यालयको चौर, कुनाकानी, झाडी तिर विद्यार्थी लिएर गएर शिक्षकले अभिनय गरी झाडीमा, दाउरा राखेको ठाउँमा जान नहुने, दुलोमा हात हाल्न नहुने, राति टर्चलाइट बिना हिँड्न नहुने जस्ता सुरक्षाका उपाय बताइदिने र विद्यार्थीहरूलाई पनि आफूसँगै अभिनय गर्न लगाउने ।<br>- सर्पको डसाइबाट जोगिन अपनाउनु पर्ने सुरक्षाका विधिहरू प्रदर्शन गरिएको भिडियो देखाउने । | - विपद्को सामान्य परिचय लेख्न लगाउने ।<br>- कुनै ६ वटा विपद्हरुको सूची बनाउन लगाउने ।<br>- सर्पको डसाइबाट बच्ने उपायहरू अभिनय गर्न लगाउने साथै बताउन लगाउने ।<br>- घर वरपर नदीकटानबाट उत्पन्न समस्याहरू बताउन लगाउने ।<br>- जङ्गली जनावरबाट जोगिन के गर्ने के नगर्ने भनी देखाइएको चित्राङ्कित चार्टमा भएको कोठामा ठिक/बेठिक चिन्ह प्रयोग गर्न लगाउने ।<br>- परियोजना कार्य : पत्र पत्रिका वा पुराना पुस्तकमा भएका विपद्हरुका चित्र अभिभावकको सहयोगमा ड्रइङ् पेपरमा टाँसेर ती समस्या घट्न सक्ने समय उल्लेख गरी ल्याउन लगाउने। | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | र विपद् घट्न सक्ने समय लेखिएको चार्ट<br>- प्राथमिक उपचार बाकस र सामग्री तथा प्राथमिक उपचार विधिको प्रयोग । | - नदीकटान भएको क्षेत्रको अवलोकन गराई वा प्रविधिको माध्यमबाट भिडियो देखाएर त्यसबाट उत्पन्न समस्याहरूबारे छलफल गर्न लगाउने र आवश्यक सहजीकरण गरिदिने ।<br>- जङ्गली जनावरबाट जोगिन के गर्ने के नगर्ने भनी लेखिएको चार्ट देखाई आवश्यक सहजीकरण गर्ने ।<br>- अभिभावकको सहयोगमा माथि उल्लेख गरिएका विपद्हरु घट्ने समयबारे जानकारी प्राप्त गर्ने ।<br>- शिक्षकले रातो मसीको प्रयोग गरी चक्कुले हात काटिएको सामान्य अवस्था सिर्जना गरी विद्यार्थीलाई प्रयोगात्मक अभ्यास गराउने। | - विद्यार्थीको सिकाइ सहभागिता र नमुना प्रयोगात्मक अभ्यासको अभिलेखीकरण गर्ने । | |
| योग, स्वास्थ्य तथा खेलकुद | - आफ्नो शरीरको सरसफाइ गर्न। .<br>- स्थानीय स्तरमा पाइने खानेकुराको नाम बताउन।<br>- आफूले खेल्ने खेलहरूको नाम बताउन ।<br>- सूक्ष्म व्यायामहरू आफै गर्न।<br>- चारवटा आसनहरूको नाम बताई अभ्यास गर्न ।<br>- ध्यानको अभ्यास गर्न। | - आफ्नो शरीरको सफाइ। (बिहान शौचालय प्रयोगपछि, खाना खानु अघि र खाइसकेपछि, कुनै पनि काम गरेपछि साबुन पानीले हातमुख मिचिमिचिं धुने, नुहाउने, , कपडा फेर्ने, नङ नटोक्ने, दाँत माइने, जुरफ र रुमाल धुने, आँखा नमिच्ने)<br>- स्थानीय स्तरमा पाइने खानेकुराको नाम। (दाल भात, | - विद्यार्थीहरूलाई बिहान उठेर तपाईं के के गर्नुहुन्छ भनी सोध्ने र उनीहरूले दिएको जवाफलाई दुई भागमा (सरसफाइसम्बन्धी जवाफ र अरू कुरा) लेख्ने । सरसफाइसम्बन्धी जवाफलाई छलफलमा ल्याउने र आवश्यक परे प्रयोग गरेर देखाउने। जस्तैः- नङ काटिदिने, साबुनपानीले हात धुन सिकाउने ।<br>- तपाईंहरूले के के खाने गरेका छौ भनी विद्यार्थीलाई सोध्ने र पाटीमा उपयुक्त खानेकुरा र अनुपयुक्त खानेकुरालाई अलग अलग जवाफ टिप्ने र उपयुक्त खानेकुरालाई छलफलमा ल्याउने र निष्कर्ष दिने। | - आफ्नो शरीरको सरसफाइ कसरी गर्छौ भनी सोध्ने ।<br>- स्थानीय स्तरमा पाइने पाँच ओटा खानेकुराको नाम लेख्न लगाउने ।<br>- आफूले खेल्ने खेलहरूको नाम लेख्न लगाउने ।<br>- सूक्ष्म व्यायामहरू गर्न लगाई अवलोकन गर्ने।<br>- चारवटा आसनहरूको नाम भन्न लगाउने। | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तरकारी, रोटी, भुटेको मकै, भट्मास, गाजीमुरी, चना मुरै, फलफूल, खिचडी, जाउलो, पन्था भात, भक्का। आफूले खाने भाडा सफा गर्ने, काँचै खाने खानेकुरा धोएर खाने आदि। धान मकै, गहुँ), तरकारी (आलु, कोपी, साग, बोडी, मुला, टमाटर, भिण्डी, वैगुन, आदि । फलफूल (अमला, वयर, जल्पाइ, आँप, लिची, मेवा, कटहर आदि)<br>- आफूले खेल्ने खेलहरूको नाम। (गुच्चा, कवडी, लुकीडुम, चुङ्गी, रुमाल लुकाइ, मुसो बिरालो, भित्र बाहिर, पिट्ठु आदि)<br>- सूक्ष्म व्यायामहरू (बसेर खुट्टा तन्काउने, खुम्च्याउने, खुट्टा घुमाउने, औंला चलाउने, हात तन्काउने, मुठ्ठी पार्ने, खोल्ने, ताली बजाउने, हत्केला रगड्ने,)। | - आफूले खेल्ने गरेका र सुनेका खेलहरूको नाम विद्यार्थीहरूलाई बताउन लगाउने र क्रमशः खेलको नियम बताई अभ्यास गर्न लगाउने ।<br>- शिक्षकको निर्देशनमा विभिन्न प्रकारका सूक्ष्म व्यायामहरूको बढी भन्दा बढी अभ्यास गर्ने ।<br>- चित्र वा प्रविधिको प्रयोग गरी सुखासन, पद्मासन, बज्रासन, शवासनहरूलाई क्रमशः प्रस्तुत गर्ने र अभ्यास गराउने ।<br>- विद्यार्थीहरूलाई सुखासन वा पद्मासनमा बस्न सिकाउने र ढाड सिधा राख्र, आँखा चिम्लेर नमस्कार मुद्रामा बस्न, केही नसोची जति सकिन्छ त्यति समय बस्न लगाउने र शिक्षकले निर्देशन अनुसार गरे नगरेको निरीक्षण गरी सच्याइदिने । | - आसन र योगको अभ्यास गर्न लगाई अवलोकन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - चारवटा आसनहरूको नाम । (सुखासन, पद्मासन, बज्रासन,शवासन)<br>- ध्यानको अभ्यास। | | | |

१०.३ **कक्षा ३**

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय तह | - आफ्नो पालिकामा रहने जनप्रतिनिधिहरूको सङ्ख्या भन्न र लेख्न।<br>- आफ्नो वडाका प्रतिनिधिहरूको नाम भन्न र लेख्न ।<br>- आफ्नो छिमेकी विद्यालयहरूको नाम बताउन ।<br>- आफ्नो वडाभित्रका सरकारी कार्यालयहरू र हाटबजारको नाम बताउन र लेख्न । | - आफ्नो पालिकामा रहने जनप्रतिनिधिहरूको सङ्ख्या ।<br>- आफ्नो वडाका प्रतिनिधिहरूको नाम।<br>- आफू पढिरहेको विद्यालयको छिमेकी विद्यालयहरूका नाम।<br>- आफ्नो वडाभित्रका सरकारी कार्यालयहरू र हाटबजारहरूको नाम। | - आफ्नो पालिकाका जनप्रतिनिधिको संख्याको तालिका प्रदर्शन गरी छलफल गराउने ।<br>- वडा कार्यालयको भ्रमण गराई वा नाम तालिका प्रदर्शन गराई जनप्रतिनिधिको नामावली टिप्न लगाउने ।<br>- आफू पढिरहेको विद्यालयको छिमेकी विद्यालयहरूका बारेमा छलफल गराई नाम भन्न तथा लेख्न लगाउने ।<br>- आफू बसेको वडाको नक्सामा मुख्य हाटबजार, सरकारी कार्यालय, स्वास्थ्य चौकी (केन्द्र), तथा | - आफ्नो पालिकामा रहने जनप्रतिनिधिहरूको सङ्ख्या भन्न र लेख्न लगाउने ।<br>- आफ्नो वडाका जनप्रतिनिधिका नामावली तयार पार्न लगाउने ।<br>- छिमेकी विद्यालयका नामावली तयार पार्न लगाउने।<br>- आफू बसेको वडाको नक्सा कोरी आफ्नो घर, विद्यालय, हाटबजार, सरकारी | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - आफ्ना छिमेकीहरूको जात, भाषा र धर्मको नाम बताउन र लेख्न।<br>- आफू बसेको ठाउँको नक्सा बनाई भौगोलिक अवस्थाको बारेमा बताउन। | - आफू बसेको ठाउँको नक्सा,वडाभित्रका आफ्नो घर, विद्यालय, मुख्य बजारहरू, बाटाहरू तथा सार्वजनिक स्थल आदि।<br>- आफ्ना छरछिमेकीहरूको जात, भाषा र धर्मको नाम।<br>- आफू बसेको ठाउँको नक्सा र भौगोलिक स्वरूप । | केही सार्वजनिक स्थल देखाउन लगाउने साथै सूची तयार गर्न लगाउने ।<br>- आफ्ना छिमेकमा रहेका मानिसहरूको घरमूलीको नाम लेखी थर, जात, धर्म, भाषा भर्ने तालिकाको नमुना तयार पारी अभिभावकको सहयोगमा परियोजना कार्य गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने।<br>- आफ्ना छिमेकमा रहेका मानिसहरूको घरमूलीको नाम लेखी थर, जात ,धर्म आदी भर्ने तालिकाको नमुना तयार पारी परियोजना कार्य गर्न लगाउने ।<br>- आफ्नो वडाको नक्सा कोरी आफ्नो घर, घरबाट विद्यालय जाने बाटो रेखाङ्कित गर्न लगाउने । | कार्यालय तथा मुख्य स्थलहरू देखाउन लगाउने ।<br>- कक्षाका साथीहरूको नामावली, थर, जात , धर्म समूह-समूहले तयार पारी कक्षामा टाँस्न लगाउने<br>- कक्षाका केही साथीहरूको नाम लेखी थर, जात, धर्म र भाषा उल्लेख गर्न लगाउने ।<br>- आफ्नो वडाको नक्सामा आफ्नो घर, घरबाट विद्यालय जाने बाटोको वर्णन गर्न लगाउने। | |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - कुहिने र नकुहिने फोहोरका प्रकार छुट्याउन।<br>- वातावरणको परिचय दिन ।<br>- जनावर र बोटबिरुवाको आपसी सम्बन्ध बताउन । | - कुहिने र नकुहिने फोहोरका प्रकारहरू।<br>- वातावरणको परिचय ।<br>- जनावर र बोटबिरुवाको आपसी सम्बन्ध । | - विद्यार्थीहरूलाई कुहिने र नकुहिने फोहोरहरूको सूची बनाउन लगाउने र शिक्षकले सहजीकरण गर्ने । डस्टबिनको प्रयोग गरेर कुहिने र नकुहिने फोहोरहरूको कसरी व्यवस्थापन गर्न सकिन्छ भनी छलफल चलाउने।<br>- प्रविधिको माध्यमबाट अथवा विद्यालय वरपरको सेरोफेरो देखाई विद्यार्थीहरूलाई वातावरणसँग परिचित गराउने र वातावरण अन्तर्गत के कस्ता | - घरबाट निस्कने कुहिने र नकुहिने फोहोरको सूची बनाउन लगाउने<br>- वातावरणको परिचय दिन लगाउने।<br>- जनावर र बोटबिरुवाको आपसी सम्बन्धका बारेमा तीन ओटा महत्त्वपूर्ण बुँदाहरू उल्लेख गर्न लगाउने ।<br>- आफ्नो वरिपरि पाइने पानीका स्रोतहरूको सूची बनाउन लगाउने। | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | - पानी फोहोर हुने कारणहरू र पानीका स्रोतहरू सफा राख्ने तरिका बताउन।<br>- घर तथा विद्यालय सफा राख्ने कार्यमा सहभागी हुन। | - पानी फोहोर हुने कारणहरू र पानीका स्रोतहरू सफा राख्ने तरिका।<br>- घर तथा विद्यालय सफा राख्ने कार्यमा सहभागी । | कुराहरू पर्दछन् लेख्न लगाउने र विद्यार्थीले नै लेखेका कुरा कक्षामा बयान गर्न लगाउने ।<br>- जनावरले आफ्नो खानेकुरा केबाट प्राप्त गर्दछन् भन्ने बारेमा कक्षामा छलफल चलाउने र आएका उत्तरबाट नै जनावर र बोटबिरुवा अन्तरसम्बन्धित तालिका पाटीमा बनाउने र शिक्षकले निष्कर्ष बताइदिने।<br>- आफ्नो स्थानीय क्षेत्र वरिपरि रहेका पानीका स्रोतहरू कल, इनार, खोला, पोखरी, खानेपानी ट्याङ्की आदिको प्रत्यक्ष अवलोकन भ्रमण गराउने र पानी फोहोर हुनाका कारण उल्लेख गर्न लगाउने साथै ती स्रोतहरू सफा राख्न के कस्ता उपायहरू अपनाउनु पर्छ कक्षामा छलफल चलाउने र शिक्षकले निष्कर्ष बताइदिने।<br>- आफू बस्ने सुत्ने वा पढ्ने ठाउँ कसले सफा गर्छ भनी विद्यार्थीहरूलाई प्रश्न गर्ने र आएका उत्तरहरू मध्ये आफैले भन्ने जवाफतर्फ उन्मूख गराउने साथै कक्षाकोठा सफा गर्न लगाउने र घरमा पनि सफा आफैले राख्नुपर्छ भन्ने कुरामा सहमत गराउने । | - पानी फोहोर हुनका कारण लेख्न लगाउने।<br>- पानीका स्रोतहरू सफा राख्ने कुनै तीन तरिकाहरू उल्लेख गर्न लगाउने ।<br>- घर तथा विद्यालय सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरी अभिलेख राख्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रा संस्कार, संस्कृति र मूल्य मान्यता | - आफ्नो गाउँटोलमा बोलिने भाषा, पोसाक र चाडपर्वको तालिका बनाउन।<br>- आफ्ना गाउँटोलमा मनाइने चाडपर्वहरूमा सहभागी हुन।<br>- परिवारमा मनाइने चाडपर्वहरूमा गरिने मुख्य मुख्य क्रियाकलापहरूको सूची तयार गर्न।<br>- आफ्ना समुदायमा मनाइने चाडपर्व र विभिन्न जात्राको अवस्था झल्कने सामान्य रेखाङ्कन गर्न र रङ्ग भर्न।<br>- आफ्नो धर्म अनुसारका जन्म, विवाह र मृत्यु संस्कारमा गरिने क्रियाकलापहरू उल्लेख गर्न ।<br>- मान्यजनहरूको निर्देशन पालना गर्न। | - आफ्नो गाउँटोलमा बोलिने भाषा, (मैथिली, राजवंशी, सन्थाल, उराव, भोजपुरी, हिन्दी, उर्दू, थारू, खवास, महगी, अङ्गिका आदि ।)<br>- पोसाक (पेटानी, बर्हती, गजी, छिट, कमीज, कुर्ता, धोती, सारी, चोलो, लुङ्गी, पाइजामा, गन्जी, बुर्का, पटुका, गम्छा, सर्टपेन्ट आदि)।<br>- चाडपर्व (सोहराई, सिरुवा, करम पूजा, हुक्कापाती, सुकराती, गोठाले पर्व, वसन्तपञ्चमी ,छठ, जितिया, फागु ,माघी, कर्माधर्मा, लाखे, धान्नेपूर्णिमा, इद, बकरिद, बुद्ध पूर्णिमा, ल्होसार, साउने सङ्क्रान्ती, तीज, जुडसितल, दशैं, तिहार, कृष्णाष्टमी, गुरु पूर्णिमा, उँधौलीउँभौली, गाईजात्रा, लाखे जात्रा, मोहरम (लठियारी), ईद-उल फित्र ईद, बिष खेलाउने) को तालिका । | - विद्यार्थीहरूलाई आफ्नो गाउँटोलमा बोलिने भाषाहरूको बारेमा प्रश्नोत्तर गर्ने, प्राप्त उत्तरहरू पाटीमा टिप्दै जाने र अन्त्यमा शिक्षकले निष्कर्ष बताइदिने ।<br>- विद्यार्थीहरूलाई आफ्नो गाउँटोलका मानिसहरूले लगाउने पोसाकहरू बताउन लगाउने र प्राप्त उत्तरहरू पाटीमा टिप्दै जाने र अन्त्यमा शिक्षकले जात अनुसारको पोसाक अलग अलग हुन्छ भन्ने निष्कर्ष बताइदिने ।<br>- विद्यार्थीहरूलाई आफूलाई सबैभन्दा बढी मनपर्ने चाडँपर्वहरूको नाम भन्न लगाई पाटीमा टिप्दै जाने र छुटेका चाडपर्वहरू शिक्षकले थप गरी निष्कर्ष बताइदिने ।<br>- आफू सहभागी भएका र हुने गरेका चाडपर्वहरू विद्यार्थीहरूलाई बताउन लगाउने शिक्षकले पाटीमा टिप्दै जाने र गाउँघरमा मनाइने विभिन्न चाडपर्वहरूमा सहभागी हुनुपर्छ भन्ने निष्कर्ष दिने<br>- कक्षालाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई दुई दुई ओटा चाडपर्वमा गरिने मुख्य मुख्य क्रियाकलापहरूको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | - गाउँटोलमा बोलिने कुनै चार भाषाको नाम लेख्न लगाउने ।<br>- गाउँटोलमा लगाइने कुनै चार प्रकारका हरूको नाम लेख्न लगाउने ।<br>- गाउँटोलमा मनाइने कुनै चार चाडपर्वहरूको नाम लेख्न लगाउने ।<br>- आफ्नो गाउँटोलमा बोलिने भाषा, पोसाक र चाडपर्वको तालिका बनाउन लगाउने।<br>- आफू सहभागी भएका गाउँटोलमा मनाइने कुनै तीन ओटा चाडपर्वहरूको नाम लेख्न लगाउने<br>- आफूलाई मनपर्ने कुनै दुई ओटा चाडपर्वमा गरिने मुख्य मुख्य क्रियाकलापहरू उल्लेख गर्न लगाउने ।<br>- कुनै दुई ओटा चाडपर्व र विभिन्न जात्राको अवस्था झल्कने तस्बिरहरू सङ्कलन गर्न लगाउने र अवलोकन गरी अभिलेख राख्ने।<br>- कुनै एक संस्कारका क्रियाकलापहरू उल्लेख गर्न लगाउने । | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - आफ्ना गाउँटोलमा मनाइने चाडपर्वहरूमा सहभागी।<br>- परिवारमा मनाइने चाडपर्वहरूमा गरिने मुख्य मुख्य क्रियाकलापहरूको सूची ।<br>- आफ्ना समुदायमा मनाइने चाडपर्व र विभिन्न जात्राको अवस्था झल्कने सामान्य रेखाङ्कन र रङ्ग भर्ने कार्य ।<br>- आफ्नो धर्म अनुसारका जन्म विवाह र मृत्यु संस्कारमा गरिने क्रियाकलापहरू।<br>- मान्यजनहरूको निर्देशन पालना। | - आफ्ना समुदायमा मनाइने चाडपर्व र विभिन्न जात्राको अवस्था झल्कने तस्बिरहरू प्रदर्शन गर्ने र ती मध्ये आफूलाई मनपर्ने कुनै दुई तस्बिरहरूको रेखाङ्कन गर्न लगाउने र त्यसमा उपयुक्त रङ्ग भर्न लगाउने र निर्धारित स्थानमा प्रदर्शन गर्न लगाउने ।<br>- विद्यार्थीहरूलाई आफ्नो धर्म अनुसारका जन्म विवाह र मृत्यु संस्कारमा गरिने क्रियाकलापहरू अभिभावकको सहयोगमा तयार गर्ने व्यक्तिगत परियोजना कार्य दिएर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- विद्यार्थीहरूलाई मान्यजनको सूची तयार गर्न लगाउने र भूमिका निर्वाह गर्न लगाउने र शिक्षकले निर्देशन दिने र निष्कर्ष बताइदिने । | - विद्यार्थीहरूले निर्वाह गरेको भूमिकाको अवलोकन गरी अभिलेख राख्ने । | |
| सामाजिक समस्या र समाधान | - सम्बद्ध व्यक्तिहरूसँग सहयोग आदानप्रदान गर्न।<br>- आफ्नो समुदाय समाजमा पालन गर्नुपर्ने आचरणको जानकारी प्राप्त गरी दैनिक जीवनमा अवलम्बन गर्न।<br>- गर्न हुने/गर्न नहुने कामको नाम लेख्न। | साथी, गुरुहरू र परिवारका सदस्यहरू तथा छिमेकी बालबालिकासँग सहयोग आदानप्रदान। (खाजा, खेल्ने सामान, कपीकलम आदि साथीसाथीबिच, दैनिकीमा, आवश्यकता पूरा गर्नमा परिवारका सदस्यहरूबिच, मिलर खेल्ने | - प्रविधिको माध्यमबाट साथी, गुरुहरू र परिवारका सदस्यहरू तथा छिमेकी बालबालिकासँग सहयोग आदानप्रदान गरिने चित्रहरू प्रस्तुत गरी अध्ययन गर्न लगाउने र सहजीकरण गर्ने ।<br>- आफ्नो समुदाय/समाजमा पालन गर्नुपर्ने आचरणको छलफल गरी पाटीमा टिपोट गरी | - साथीसाथीबिच घुलमिल र आदरभाव देखाउन लगाई शिक्षकले अवलोकन गर्ने।<br>- समाजमा पालन गर्नुपर्ने कुनै चार आचरण उल्लेख गर्न लगाउने ।<br>- तीन तीन ओटा गर्न हुने र गर्न नहुने कामहरू बताउन लगाउने। | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - आफ्नो समुदायभित्र भएका सामाजिक सहयोग र व्यवहारको सूची बनाउन।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याको पहिचान गर्न र समाधान गर्ने तरिका बताउन<br>- असल बानीबाट हुने फाइदा बताउन।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदाय स्तरमा भएका संघसंस्थाहरूको नाम लेख्न।<br>- बालश्रम, बालविवाह, लैङ्गिक हिंसा विरुद्धका पोस्टर हेरेर बयान गर्न। | सरसहयोग मित्रता सम्बन्ध कायम आदि छिमेकी बालबालिकाहरूबिच)<br>आफ्नो समुदाय समाजमा पालन गर्नुपर्ने आचरण र दैनिक जीवनमा अवलम्बन ।(आदरभाव, सहयोग, आज्ञापालन, अनुशासन, नम्र बोली-व्यवहार आदि )।<br>गर्नु हुने (माया गर्ने, सत्कार, सम्मान, संरक्षण, भेटिएको सामान दिने, मेलमिलाप, सहयोग, उपकार, सरसफाइ, अर्काको सामान नचलाउने /नलिने वा अनुमति लिएर मात्र चलाउने ।) र गर्नु नहुने कामहरू ( झुटो बोल्ने, विना अनुमति अर्काको सामान प्रयोग गर्ने, झैझगडा रिस, हेपाइ आदि)।<br>आफ्नो समुदायभित्र भएका सामाजिक सहयोग र व्यवहारहरू (पाहुनालाई स्वागत सत्कार, छिमेकीहरूबिच ऐँचोपैँचो र | सहजीकरण गर्ने र तिनीहरूलाई दैनिक जीवनमा अवलम्बन गर्न पालै पालो अभ्यास गराउने ।<br>- गर्न हुने/गर्न नहुने कामहरू कक्षामा विद्यार्थीहरू सँग छलफल गरी पाटीमा टिपोट गरी सहजीकरण गर्ने र तिनको सूची बनाई भन्न र लेख्न लगाउने ।<br>- आफ्नो समुदायभित्र भएका सामाजिक सहयोग र व्यवहारहरूका चित्र तथा प्रविधिमार्फत प्रस्तुत गरी अन्तरक्रिया गराउने र अभ्यासका लागि शिक्षकले सहजीकरण गराउने ।<br>- आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याका चित्रहरू प्रस्तुत गरी छलफल गराउने र समाधानका उपायहरू छलफल गरी शिक्षकले सहजीकरण गराउने।<br>- असल बानीबाट हुने फाइदाहरू कक्षामा सोधखोज गरी शिक्षकले पाटीमा टिपोट गर्ने र भन्न लगाई लेख्न लगाउने ।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदाय स्तरमा भएका संघसंस्थाहरूको चित्र, नाम र कामको कक्षामा छलफल गरी शिक्षकले सहजीकरण गर्ने। | - हाम्रा समाजमा भएका असल सामाजिक कुनै चार चलनहरू भन्न लगाउने ।<br>- आफ्नो समुदायभित्र भएका सामाजिक सहयोग र व्यवहारको सूची बनाउन लगाउने ।<br>- कुनै तीन सामाजिक समस्याहरू र समाधानका उपायहरू भन्न लगाउने ।<br>- असल बानीबाट हुने कुनै चार फाइदाहरू लेख्न लगाउने ।<br>- सामाजिक समस्या समाधान गर्ने संस्थाहरूको नाम बताउन र लेख्न लगाउने ।<br>- बालश्रम, बालविवाह, लैङ्गिक हिंसा विरुद्धका पोस्टर हेरेर बयान गर्न लगाउने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अर्मपर्म, सापटी तथा आपसी सहयोग, विभिन्न सामाजिक, सामुदायिक तथा धार्मिक कार्यहरूमा सहभागिता )<br>आफ्नो घर तथा विद्यालय वरपर हुने सामाजिक समस्याको पहिचान (मादक पदार्थ सेवन, दुर्व्यसन, चोरी, झैझगडा, हेपाइ, बालश्रम, भेदभाव, हिंसा आदि) र समाधान<br>असल बानीबाट हुने फाइदाहरू ।(व्यक्तिगत सरसफाइ, कामप्रति सम्मान, आफ्नो काम आफै गर्ने, आज्ञापालन, अरूलाई आदर र सहयोग गर्ने मिठो बोलीवचन आदि)।<br>सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदाय स्तरमा भएका संघसंस्थाहरू (वडा कार्यालयको मेलमिलाप समिति, मिलिजुली समूह बालक्लब, युवाक्लव, आमा समूह, टोल सुधार समिति आदि)। | - बालश्रम, बालविवाह, लैङ्गिक हिंसा विरुद्धका पोस्टर तथा बालश्रममैत्री सामग्रीहरू कक्षामा प्रस्तुत गरी छलफल गर्ने र शिक्षकले सहजीकरण गर्ने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बालश्रम, बालविवाह, लैङ्गिक हिंसा विरुद्धका तथा बालश्रममैत्री पोस्टरहरू। | | | |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो परिवार र छिमेकीको पेशा व्यवसाय र आम्दानीका स्रोतहरूको पहिचान गरी सूची तयार गर्न ।<br>- आफ्ना वडाभित्र लाग्ने मुख्य हाटबजारको नाम लेखी किनबेच गरिने सामानको सूची तयार गर्न<br>- आफ्ना वडाभित्रका सेवामूलक संस्थाहरूको सामान्य जानकारी दिन।<br>- सञ्चारका साधनहरूको सूची तयार गर्न र उपलव्ध साधनहरूको समुचित प्रयोग गर्न<br>- आफ्नो परिवार र छिमेकीले काम गर्दा प्रयोग गर्ने गरेका उपकरणहरूको चित्राङ्कन गर्न ।<br>- घर तथा विद्यालयमा भएको फूलबारीमा आफ्नो नामको गमला/फूल तयार गरी स्याहार गर्न। | - आफ्नो पारिवार र छिमेकीले गर्ने मुख्य पेशा र आम्दानीका स्रोतहरूको सूची ।<br>- आफ्नो समुदायमा लाग्ने हाटबजारको नाम र किनबेच गरिने सामग्रीहरूको सूची ।<br>- आफ्नो वडाभित्रका सेवामूलक संस्थाहरको नाम।<br>- सञ्चारका साधनहरू टेलिभिजन ,एफ. एम. रेडियो, मोबाइल, टेलिफोन र पत्रपत्रिका आदिको समुचित प्रयोग।<br>- आफ्नो पारिवार र छिमेकीले प्रयोग गर्ने उपकरणहरूको सूची तथा चित्राङ्कन ।<br>- घर तथा विद्यालयमा भएको फूलबारीमा आफ्नो नामको गमला स्याहार । | - आफ्नो परिवार र छिमेकीले गर्ने पेशा व्यवसाय र आम्दानीका स्रोतहरूको सम्बन्धमा समूहगत छलफल गराई सूची बनाउन लगाउने ।<br>- आफ्नो समुदायमा लाग्ने हाटबजारको भ्रमण गरी नाम किनबेच गरिने वस्तुहरूको क्रमशः नाम भन्न लगाउने र शिक्षकले पाटीमा टिप्ने र अन्तमा सूची बनाउन लगाउने।<br>- समूहमा छलफल गरी आफ्ना वडाभित्रका सेवामूलक संस्थाहरूको नाम भन्न लगाउने ।<br>- घरमा प्रयोग गरिने सञ्चारका साधनको नाम र समुचित प्रयोग गर्ने तरिका भन्न लगाउने र अभ्यास गराउने ।<br>- परिवार र छिमेकीले काम गर्दा प्रयोग गर्ने उपकरणहरूको चित्र बनाउन लगाउने ।<br>- घर तथा विद्यालयमा भएको फूलबारीमा आफ्नो नामको गमला राखी त्यसको स्याहार सुसार गर्ने तरिका सिकाउने। | - आफ्नो परिवार र छिमेकीको काम र आम्दानीका स्रोतहरू भन्न लगाउने ।<br>- मुख्य मुख्य हाटबजारको नाम भन्न र किनबेच हुने वस्तुको नाम लेख्न लगाउने।<br>- आफ्ना वडाभित्रका सेवामूलक संस्थाहरूको नाम भन्न लगाउने।<br>- घरमा प्रयोग गरिने सञ्चारका साधनको नाम लेख्न लगाउने र उचित प्रयोग गर्ने तरिका भन्न लगाउने ।<br>- परिवारका सदस्यले काम गर्दा प्रयोग गर्ने उपकरणहरूको नाम लेख्न लगाउने ।<br>- आफ्नो नामको गमलाको हेरचाह गरेनगरेको अवलोकन गर्ने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय विपद्‌हरू र व्यवस्थापन | - छिमेकीलाई पर्ने विपद्‌का अवस्थामा आफूले निर्वाह गर्नु पर्ने भूमिका बताउन ।<br>- विपद्‌का बेलामा गरिने प्राथमिक उपचारको महत्त्व बताउन ।<br>- विपद् न्यूनीकरणका लागि गाउँघरमा भएका प्रयास बताउन।<br>- आगलागी फैलन नदिन र सर्पको डसाइबाट हुने मानवीय क्षति रोक्न अपनाउने उपायहरू बताउन ।<br>- बाढीको परिचय दिन र बाढीबाट जोगिन गर्नसकिने कार्यहरू बताउन<br>- विपद् बाट हुने क्षतिको विवरण तयार गर्न। | - छिमेकीका घरमा वा खेतमा आगलागी, बाढी, सर्पको डसाइ, जङ्गली हात्तीको आक्रमण, नदी कटान जस्ता विपद्‌हरु आएको अवस्थामा बालबालिकाले सहयोग गर्दै गरेका चित्र तथा भिडियोहरू।<br>- प्राथमिक उपचार बाकस<br>- पानीमा डुबेको घाइतेलाई प्राथमिक उपचार प्रदान गर्दै गरेको फोटो र भिडियो।<br>- विपद् न्यूनीकरणका लागि गाउँघरमा भएका प्रयासहरू (भिडियो, क्षेत्रभ्रमण ।)<br>- आगलागी फैलन नदिन र सर्पको डसाइबाट हुने मानवीय क्षति रोक्न अपनाउने उपायहरू लेखिएको चार्ट।<br>- बाढीको परिचय र बाढीबाट जोगिन गर्नु पर्ने कार्यहरू लेखिएको चार्ट। | - छिमेकीका घरमा वा खेतमा आगलागी, बाढी, सर्पको डसाइ ,जङ्गली हात्तीको आक्रमण, नदी कटान जस्ता विपद्‌हरु आएको अवस्थामा बालबालिकाले सहयोग गर्दै गरेका चित्र तथा भिडियोहरू प्रदर्शन गरी चित्रमा र भिडियोमा के देखिन्छ भनी सामूहिक रूपमा प्रश्न गर्ने । विद्यार्थीको उत्तर सुनेपछि छिमेकीलाई विपद् परेका अवस्थामा विद्यार्थीले गर्न सक्ने सहयोगका बारेमा जानकारी प्रदान गर्न आवश्यक सहजीकरण गर्ने ।<br>- प्राथमिक उपचार बाकस देखाई यो के हो भनी प्रश्न सोध्ने र त्यसमा भएका सामाग्रीहरूको नाम र प्रयोगको बारेमा जानकारी प्रदान गर्ने ।<br>- पानीमा डुबेको घाइतेलाई प्राथमिक उपचार प्रदान गर्दै गरेको फोटो र भिडियो प्रदर्शन गरी प्राथमिक उपचारको महत्त्वको विषयमा समूह विभाजन गरी छलफल गर्न लगाउने र भूमिका निर्वाह विधि प्रयोग गरी आवश्यक सहजीकरण गर्ने ।<br>- विपद् न्यूनीकरणका लागि गाउँघरमा भएका प्रयासहरू देखाउन भिडियो देखाउने वा क्षेत्रभ्रमण गराई बाढी, नदीकटान, हात्तीको | - छिमेकीलाई पर्ने विपद्‌का अवस्थामा विद्यार्थीले गर्न सक्ने कुनै तीन सहयोगहरू लेख्न लगाउने ।<br>- पानीमा डुबेको घाइतेलाई प्राथमिक उपचार प्रदान गर्दै गरेको अवस्थाको कृत्रिम अवस्था सिर्जना गरी विद्यार्थीलाई २/२ जनाको समूहमा विभाजन गरी पालैपालो घाइते र प्राथमिक उपचारकको भूमिका निर्वाह गर्न लगाई अभिलेखीकरण गर्ने ।<br>- -विपद् न्यूनीकरणका लागि गाउँघरमा भएका प्रयासहरू देखाउन क्षेत्रभ्रमण गराई बाढी, नदीकटान, हात्तीको आक्रमण, आगलागी, सर्पको डसाइबाट जोगिन गरिएका प्रयासहरूको टिपोट गर्न लगाउने ।<br>- -आगलागी फैलन नदिन र सर्पको डसाइबाट हुने मानवीय क्षति रोक्न अपनाउने उपायहरू बताउन लगाउने ।<br>- बाढीको परिचय दिन र बाढीबाट जोगिन गर्नसकिने कार्यहरू बताउन लगाउने | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - विपद्ले गर्न सक्ने क्षतिसँग सम्बन्धित चित्र तथा भिडियोहरू। | आक्रमण, आगलागी, सर्पको डसाइबाट जोगिन गरिएका प्रयासहरूको टिपोट गर्न लगाउने ।<br>- आगलागी फैलन नदिन र सर्पको डसाइबाट हुने मानवीय क्षति रोक्न अपनाउने उपायहरू लेखिएको चार्ट प्रदर्शन गरी आवश्यक छलफल गराउने र शिक्षकले निष्कर्ष दिने ।<br>- बाढीको परिचय र बाढीबाट जोगिन गर्नु पर्ने कार्यहरू लेखिएको चार्ट प्रदर्शन गरी आवश्यक सहजीकरण गर्ने ।<br>- विपद्ले गर्न सक्ने क्षतिसँग सम्बन्धित चित्र तथा भिडियोहरू प्रदर्शन गरी विद्यार्थीहरूको समूह विभाजन गरी विपद्ले गर्न सक्ने क्षतिहरू ड्रइङ पेपरमा टिपोट गर्न लगाई भित्तामा टाँस्न लगाउने र अर्को समूहका विद्यार्थीहरूलाई थप्न लगाउने । | - परियोजना कार्यः अभिभावकको सहयोगमा गाउँघरमा उत्पन्न हुने विपद् बाट हुने क्षतिका चित्रहरू सङ्कलन गरी ड्रइङ् पेपरमा टाँसेर ल्याउन लगाउने । | |
| योग, स्वास्थ्य तथा खेलकुद | घर, विद्यालय र कक्षा कोठाको महत्त्व बताउन र सरसफाइ गर्न।<br>स्वस्थकर र अस्वस्थकर खानेकुराको बारेमा बताउन र छुट्याउन ।<br>स्थानीय खेलहरूको सूची बनाउन र खेल्न।<br>सूक्ष्म शारीरिक व्यायाम आफै गर्न। | घर, विद्यालय र कक्षा कोठाको महत्त्व र सरसफाइ।<br>स्वस्थकर (ताजा फलफूल तरकारी सागसब्जी माछामासु दूधदही ध्यू आदि) र अस्वस्थकर (बासी, सडेगलेको, जाँड-रक्सी, | विद्यार्थीहरूलाई तपाईंहरू सुत्ने, बस्ने, पढ्ने र खेल्ने ठाउँ कहाँ कहाँ हो र ती ठाउँहरू किन सफा, खुला, व्यवस्थित र स्वच्छ राख्नुपर्छ भनी प्रश्न गरी छलफल गराउने र निष्कर्ष दिने । साथै कक्षाकोठा र विद्यालय सफा गर्न लगाउने । यसरी नै तपाईंको घर र कोठा पनि सफा राख्नुपर्छ भन्ने । कपडा धुने, बिछ्यौना कस्ने, कपडाहरू | घर, विद्यालय र कक्षा कोठाको महत्त्व बताउन लगाउने र सरसफाइ गर्न लगाई अवलोकन गर्ने।<br>खानेकुराको सूची बनाउन लगाउने र स्वस्थकर र अस्वस्थकर खानेकुरा छुट्याउन लगाउने । | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाँचवटा आसनहरूको नाम बताई अभ्यास गर्न ।<br>ध्यानको अभ्यास गर्न र सामान्य प्राणायाम गर्न। | चुरोट-खैनी, बजारिया प्याकेटको) खानेकुराहरूको विवरण।<br>स्थानीय खेलहरूको सूची ।(कवडी, डोरी नाघी, ice water, बमब्लास्ट, गुच्चा ,पिट्ठु, गुच्चा, चुङ्गी, गट्टी, चट्टी, रुमाल लुकाइ, मुसो बिरालो आदि)<br>सूक्ष्म शारीरिक व्यायाम ( हात, खुट्टा, घुँडा, औँला, घाँटी, गर्दन, कम्मर, आँखा, टाउकाको सूक्ष्म व्यायाम )<br>आसनको अभ्यास (सुखासन, पद्मासन, , पवनमुक्तासन, बज्रासन उत्तानपादासन,)<br>ध्यान र प्राणायाम (कपालभाति, अनुलोम विलोम) | जथानभावी नफ्याली पट्याएर तोकिएको स्थानमा राख्ने, किताब, कपी तथा कलम आदि पनि निर्धारित स्थानमा राख्ने बारेमा कक्षामा छलफल गराई निष्कर्ष दिने।<br>विद्यार्थीहरूलाई कुन कुन खान हुने र कुन कुन खान नहुने कुराहरू हुन् भनी सोध्ने र आएका जवाफलाई पाटीमा लेखी छलफल गर्ने र निष्कर्ष दिने ।<br>पालैपालो विद्यार्थीहरूलाई अगाडि आएर पाटीमा स्थानीय खेलहरू लेख्न लगाउने र उनीहरूका सुझावमा अन्तिम सूची बनाउने र कुनै एक खेलको नियम बताइदिने र आफ्नो निर्देशनमा खेल खेलाउने । अर्को दिन अर्को खेल खेलाउने।<br>हात, खुट्टा, घुँडा, औँला, घाँटी, गर्दन, कम्मर, आँखा, टाउकाको सूक्ष्म व्यायाम दृष्य सामग्रीमार्फत गर्न लगाउने ।<br>सुखासन, पद्मासन, पवनमुक्तासन, बज्रासन उत्तानपादासनमा बस्न लगाउने।नजानेको खण्डमा प्रविधिको प्रयोग गरी, चित्र तथा दृष्य देखाएर पुनर्ताजगी गराउने ।<br>ध्यान मुद्रामा बसाएर ध्यानको अभ्यास गराउने। | स्थानीय खेलहरूको सूची बनाउन लगाउने र विद्यार्थीलाई खेल खेल्न लगाई अवलोकन गर्ने।<br>शारीरिक व्यायामहरू गर्न लगाउने र अवलोकन गर्ने।<br>५ ओटा आसनको नाम भनेर गर्न लगाउने।<br>ज्ञान मुद्रामा बसी बाह्य प्राणायाम, कपालभाति, अनुलोम विलोम गरेर देखाउन लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बाह्य प्राणायाम, कपालभाति, अनुलोम विलोम आदि शिक्षकले गरेर वा दृष्य देखाएर अभ्यास गराउने। | | |

१०.४ **कक्षा ४**

| **विषयवस्तु** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | **कार्य घण्टा** |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय तह | - बाह्रदशी गापाको सिमाना र वडाको सिमाना उल्लेख गर्न।<br>- आफ्नो वडाभित्र बसोबास गर्ने मानिसहरूको जात भाषा र धर्मको सूची तयार गर्न ।<br>- आफ्नो वडाको जनसङ्ख्या उल्लेख गर्न ।<br>- आफ्नो वडाको भौगोलिक अवस्था तथा प्राकृतिक सम्पदाहरूको पहिचान गर्न र सामान्य वर्णन गर्न। | - बाह्रदशी गा. पा.को नक्सा सिमाना, र वडाहरू ।<br>- आफ्नो वडामा बसोबास गर्ने मानिसहरूको जात भाषा र धर्मको सूची ।<br>- आफ्नो वडाको जनसङ्ख्या ।<br>- आफ्नो साथीको वडाको जनसङ्ख्या सोधी बताउने | - बाह्रदशी गा. पा. को नक्सा कोरी गापाको सिमाना, र वडाहरू छुट्टयाउन लगाउने, फरक फरक वडालाई फरक फरक रङ्ग लगाउन लगाउने । शिक्षकले सहजीकरण गर्ने<br>- समूहले तयार पारेका गापाको वडा छुट्याइएको नक्सा कक्षाकोठामा प्रदर्शन गराउने ।<br>- समूह निर्माण गरी शिक्षकले प्रदान गरेको नमुनाका आधारमा कक्षाका साथीहरूको नाम लेखी थर, जात, धर्म उल्लेख गर्न लगाउने ।<br>- आफ्नो वडाभित्र बसोबास गर्ने मानिसहरूको जात, भाषा र धर्मको सूची शिक्षकबाट कक्षामा प्रस्तुत गर्ने साथै छिमेकका मानिसहरूको घरमूलीको नाम | - बाह्रदशी गा. पा.को नक्सा कोर्न लगाउने। सिमाना, र वडाहरू छुट्टयाउन लगाउने ।<br>- प्रत्येक वडालाई फरक फरक रङ्गले संकेत गर्न लगाउने ।<br>- समूहले तयार पारेका गापाको वडा छुट्याइएको नक्सा कक्षाकोठामा प्रदर्शन गर्न लगाउने ।<br>- कक्षाका साथीहरूको नामावली, थर, जात , धर्म समूह-समूहले तयार पारी कक्षामा टाँस्न लगाई शिक्षकले अवलोकन गर्ने | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - आफ्नो वडाभित्र रहेका सरकारी कार्यालयहरू र सामाजिक संघसंस्थाहरूको सूची तयार गर्न ।<br>- आफनो वडाभित्र रहेका मुख्य सडकहरूको विवरण तयार गर्न । | - आफ्नो वडामा रहेका नदी,ताल .बगर,थुम्की पोखरी,जङ्गल लगायतका भौगोलिक स्वरूप तथा प्राकृतिक सम्पदा \|<br>- वडामा रहेका बिद्यालय , स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी , प्रहरी कार्यालय, वडा कार्यालय र सामाजिक संघ संस्थाहरूको सूची।<br>- वडाभित्रका मुख्य सडकहरू (अलकत्र भएका, ग्राबेल र कच्ची)को नाम । | लेखी थर, जात ,धर्म आदि भर्ने तालिकाको नमुना तयार पारी परियोजना कार्य गर्न लगाउने ।<br>- जनसङ्ख्या भनेको के हो र आफ्नो वार्डको जनसङ्ख्या कति छ होला भनी विद्यार्थी बिच प्रस्नोत्तर गर्ने र वार्डको जनसङ्ख्या शिक्षकले प्रस्तुत गर्ने र पालैपालो विद्यार्थीलाई वार्डको जनसङख्या भन्न र लेख्न लगाउने<br>- आफ्नो साथीको वडाको जनसङ्ख्या पत्तालगाई अङ्क र अक्षरमा भन्ने/ लेख्ने<br>- आफ्नो वडाको क्षेत्र भ्रमण गराई वडामा रहेका नदी, ताल, पोखरी, जङ्गल लगायतका प्राकृतिक सम्पदाको सूची बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- शिक्षकको सहयोगमा वडामा रहेका बिद्यालय , स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी , प्रहरी कार्यालय, वडा कार्यालय र सामाजिक संघ संस्थाको सूची तयार पार्ने।<br>- शिक्षकको सहयोगमा आफ्नो वडाको नक्सा कोरी मुख्य सडकहरू सङ्केत गरी उक्त सडकका नामहरूको विवरण तयार पार्ने \| | - आफ्ना छिमेकमा रहेका मानिसहरूको घरमूलीको नाम लेखी थर, जात ,धर्म आदि भर्ने तालिकाको नमुना तयार गर्न लगाउने।<br>- आफ्नो वडाको जनसङ्ख्या अङ्क र अक्षरमा भन्न र लेख्न लगाउने<br>- आफ्नो साथीको वडाको जनसङ्ख्या पत्तालगाई अङ्क र अक्षरमा भन्ने/ लेख्ने<br>- आफ्नो वडामा रहेका नदी,ताल, पोखरी, जङ्गल लगायतका प्राकृतिक सम्पदाको सूची बनाउन लगाउने ।<br>- वडामा रहेका विद्यालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्रहरी कार्यालय, वडा कार्यालय र सामाजिक संघ संस्थाको सूची तयार पार्न लगाउने ।<br>- आफ्नो वडामा रहेका सडकहरूको तालिका तयार गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - समूहमा आफ्नो वडाको नक्सा कोरी मुख्य सडकहरू संकेत गरी उक्त सडकका नामहरूको विवरण तयार पार्ने र कक्षाकोठामा प्रदर्शन गर्ने। | | |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - वातावरणका जैविक तथा अजैविक तत्वका बारेमा सामान्य परिचय दिन।<br>- स्थानीय वातावरण प्रदूषणका प्रकार र वातावरण संरक्षणको परिचय दिन ।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वहरूको अन्तरसम्बन्धको सामान्य परिचय दिन।<br>- आफ्नो विद्यालय र घरको सरसफाइमा सहभागी हुन ।<br>- फोहोरमैलाको वर्गीकरण गर्न। | - वातावरणका जैविक तथा अजैविक तत्वहरू।<br>- स्थानीय वातावरण प्रदूषणका प्रकारहरू।(जल जमिन वायु तथा ध्वनि) वातावरण संरक्षणको परिचय ।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वहरूको अन्तरसम्बन्ध<br>- वातावरण संरक्षणको ।<br>- आफ्नो विद्यालय र घरको सरसफाइमा सहभागी ।<br>- फोहोरमैलाको वर्गीकरण। | - प्रविधिमार्फत अथवा चार्ट बनाई जैविक र अजैविक वस्तुहरूको कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई जैविक र अजैविक तत्वका बारेमा बताउन लगाउने।<br>- स्थानीय वातावरण प्रदूषणका प्रकारहरू के के हुनसक्छन् अनुमान गर्न लगाउने र मूलतः जल, जमिन, वायु तथा ध्वनि प्रदूषणका प्रकार हुन् भनी निष्कर्ष बताइदिने । साथै वातावरण संरक्षण गर्न के के गर्नुपर्छ कक्षामा छलफल चलाई निष्कर्ष दिने।<br>- घर र विद्यालय वरपरका प्राणी-वनस्पतिहरूको नाम विद्यार्थीहरूलाई भन्न लगाई पाटीमा टिप्ने ती जीवहरूको र वातावरणीय तत्वहरूको अन्तरसम्बन्धको बारेमा समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- आफ्नो विद्यालय र घरको सरसफाइमा सहभागी हुने गरेको छ/छैन भनी कक्षामा छलफल चलाउने र | - वातावरणका जैविक तथा अजैविक पाँच/पाँच तत्वको सूची तयार गर्न लगाउने ।<br>- स्थानीय वातावरण प्रदूषणका प्रकार उल्लेख गर्न लगाउने।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वहरूको अन्तरसम्बन्धको बारेमा सामान्य परिचय दिन लगाउने।<br>- आफ्नो विद्यालय र घरको सरसफाइमा सहभागी हुन लगाउने र अवलोकन गरी अभिलेख राख्ने।<br>- घरबाट निस्किने ठोस, तरल, कुहिने र नकुहिने फोहोरको वर्गीकरण गर्न लगाउने। | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विद्यालय परिसर र घरको आँगनसमेत सफा राख्नुपर्छ भन्ने सन्देश दिने र सफा गर्न लगाउने ।<br>- चित्र तथा भिडियोसम्बन्धी छलफल र प्रश्नोत्तर गर्ने<br>- ठोस, तरल, कुहिने र नकुहिने फहोरका बारेमा छलफल गराउने ।<br>- कुहिने र नकुहिने फोहोर कसरी व्यवस्थापन गर्न सकिन्छ भनी बताउन लगाउने। | | |
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | - निकट छिमेकीहरूको सम्बन्ध पहिचान गरी सहयोग आदानप्रदान गर्न।<br>- आफूले प्रयोग गर्ने सामग्रीहरूको सुरक्षितरूपमा प्रयोग गरी हिफाजत गर्न।<br>- मान्यजनहरूको सम्मान गरी उनीहरूबाट प्रेरणा प्राप्त गर्न।<br>- असल बानीको सूची तयार गरी व्यवहारमा प्रयोग गर्न।<br>- आफ्नो समुदायका विभिन्न भाषा, भेषभूषा, रहनसहन र चाडपर्वको पहिचान गरी सूची बनाउन ।<br>- आफ्नो जन्मस्थानको महत्त्वबोध गरी अपनत्व दर्शाउन । | - निकट छिमेकीहरूको सम्बन्ध पहिचान र सहयोग आदानप्रदान ।<br>- आफूले प्रयोग गर्ने सामग्रीहरूको सुरक्षितरूपमा प्रयोग र हिफाजत ।<br>- मान्यजनहरूको सम्मान, उनीहरूबाट प्राप्त प्रेरणा।<br>- असल बानीको सूची र व्यवहारमा प्रयोग ।(साँचो बोल्नु, स्वावलम्बी हुनु, सहयोग | - निकट छिमेकीहरूसँग के कस्तो सम्बन्ध हुनुपर्दछ भनी विद्यार्थीहरूलाई सवाल गर्ने र उनीहरूबिच हुने गरेका सहयोग आदानप्रदान पहिचान गरी प्रस्तुत गर्न लगाउने । सहयोग आदानप्रदान गरेको भूमिका निर्वाह गर्न लगाउने।<br>- आफूले प्रयोग गर्ने सामग्रीहरूलाई के कसरी प्रयोग गर्ने गरिएको छ भन्ने प्रश्न गरी विद्यार्थीहरूबाट प्राप्त उत्तरहरू पाटीमा टिपोट गर्दै ती सामग्रीहरूको हिफाजत र सुरक्षितरूपमा प्रयोग गर्ने तरिकाहरू समूहगत रूपमा छलफल गरी प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने ।<br>- मान्यजनहरूलाई कसरी सम्मान गर्ने गरेको छ भन्ने प्रश्न गरी विद्यार्थीहरूबाट आएका उत्तरहरूलाई | - छिमेकीहरूसँग सहयोग आदानप्रदान गरेका कुनै तीन उदाहरण उल्लेख गर्न लगाउने ।<br>- आफूले प्रयोग गर्ने कुनै पाँच ओटा सामग्रीहरूको हिफाजत गर्ने तरिकाहरू उल्लेख गर्न लगाउने ।<br>- मान्यजनहरूको गर्न सकिने सम्मानको सूची तयार गर्न लगाउने र उनीहरूबाट प्राप्त गर्न सकिने कुनै चार प्रेरणाहरू उल्लेख गर्न लगाउने ।<br>- असल बानीहरूको सूची तयार गर्न लगाउने। | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग गर्न ।<br>- परम्परागतरूपमा चलिआएका सामाजिक नियमहरूको खोजी गरी सूची तयार गर्न । | र सम्मान आदानप्रदान, अनुशासित हुनु, इमान्दारिता नैतिकवान् सद्चरित्र मृदुवचन आदि)<br>- आफ्नो समुदायका विभिन्न भाषा, भेषभूषा, रहनसहन र चाडपर्वको पहिचान र सूची ।<br>- आफ्नो जन्मस्थानको महत्त्वबोध र अपनत्व।<br>- आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान र उचित उपयोग ।<br>- परम्परागतरूपमा चलिआएका सामाजिक नियमहरू । (ज्येष्ठनागरिकको सम्मान, बालबालिकाप्रति स्नेह र | पाटीमा टिपोट गरी उनीहरूबाट के कस्तो प्रेरणा प्राप्त गर्न सकिन्छ समूहगत रूपमा छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>- असल बानीहरू के के हुनसक्छन् विद्यार्थीहरूलाई समूहगतरूपमा सूची तयार गरी प्रस्तुत गर्न लगाई व्यवहारमा प्रयोग गर्न उत्प्रेरित गर्ने ।<br>- कक्षालाई चार समूहमा विभाजन गरी आफ्नो समुदायका भाषा, भेषभूषा, रहनसहन र चाडपर्वको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने ।<br>- विद्यार्थीहरूलाई को कहाँ जन्मिएको हो भन्न लगाउने र त्यो स्थानको कत्तिको माया लाग्छ भन्ने प्रश्न गरी आफ्नो जन्मस्थानको महत्त्वबोध र अपनत्वको बारेमा शिक्षकले स्पष्ट गरिदिने ।<br>- आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरू के के छन् लेख्न लगाउने र तिनीहरूको उचित उपयोग के कसरी गर्न सकिन्छ समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष दिने ।<br>- परम्परागतरूपमा चलिआएका सामाजिक नियमहरू अभिभावकहरूसँग सोधीखोजी गरी सूची तयार गर्न | - आफ्नो समुदायका विभिन्न भाषा, भेषभूषा, रहनसहन र चाडपर्वको तालिका बनाउन लगाउने ।<br>- आफ्नो जन्मस्थानको महत्त्वबोध र अपनत्वका बारेमा ५० शब्दमा नबढाई बयान गर्न लगाउने ।<br>- स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको सूची तयार गरी तिनीहरूको उचित उपयोग कसरी गर्न सकिन्छ लेख्न लगाउने ।<br>- परम्परागतरूपमा चलिआएका सामाजिक नियमहरूको सूची तयार गर्न लगाउने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रेखदेख, पाहुनाको सत्कार, महिलाप्रति आदरभाव आदि) | व्यक्तिगत परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने । | | |
| सामाजिक समस्या र समाधान | - आदर्श समाजमा गर्नुपर्ने कामका नामहरू लेख्न ।<br>- समुदायस्तरमा रहेका सामाजिक समस्याहरूको पहिचान गरी उल्लेख गर्न।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका असर उल्लेख गर्न।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाको नाम र काम उल्लेख गर्न।<br>- बालश्रम, बालविवाहबाट समाजमा हुने असर उल्लेख गर्न । | - आदर्श समाजमा गर्नुपर्ने कामका नामहरू (नैतिकवान र सत्चरित्रता, परोपकार, आदरभाव आदि)<br>- समुदायस्तरमा रहेका सामाजिक समस्याहरू (चोरीडकैती, झैझगडा, दुर्व्यसन, हिंसा, विभेद, हेपाइ, ठगी आदि)को पहिचान<br>- मादक वा लागुपदार्थ दुर्व्यसनका असरहरू।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरू (बालक्लब, युवाक्लव, आमा समूह, टोल सुधार | - आदर्श समाज प्रस्तुत हुने भिडियो चित्र प्रदर्शन गरी कुन कुन मन पर्छ वा पर्दैन भनी कारण सहित सोध्ने र मन पर्ने चित्र र आदर्श समाज बिच सम्बन्ध जोडी कक्षा भित्र सहजीकरण गर्ने।<br>- आदर्श समाजको परिचय र आवश्यकता उल्लेख भएको चार्ट प्रस्तुत गरी कक्षामा छलफल गराउने।<br>- आदर्श समाजका विशेषताको चार्ट बनाई कक्षामा छलफल गर्ने।<br>- भिडियो वा चित्रको माध्यमबाट विभिन्न सामाजिक समस्याहरूको सामान्य परिचय दिन र सामाजिक समस्या वा विकृतिहरू पहिचान गर्न समूहगत छलफल चलाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका विभिन्न चित्र भिडियो कथा गीत आदि कक्षामा प्रस्तुत गरी यसबाट हुने हानी नोक्सानीको सूची बनाउन लगाउने र सहजीकरण गर्ने ।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका विरुद्धमा विभिन्न नाराहरू सहितका पोस्टर पर्चा तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | - आदर्श समाजमा गर्नुपर्ने कामका नामहरू उल्लेख्न गर्न लगाउने ।<br>- कुनै पाँच सामाजिक समस्याहरू उल्लेख गर्न लगाउने ।<br>- मादक वा लागुपदार्थ दुर्व्यसनका असरहरू उल्लेख गर्न लगाउने।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरूको सूची तयार गर्ने । तिनीहरूको कामको विवरण तयार गर्न लगाउने ।<br>- बालश्रम, बालविवाहबाट समाजमा हुने असर उल्लेख गर्न लगाउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समिति वडा कार्यालयको मेलमिलाप समिति, आदि) र तिनका कामहरू (सचेतान जगाउने, बालअधिकारका कामहरू सहभागिता, सामुहिक बचत तथा सचेतता, महिला अधिकार सम्बन्धी काम, सामाजिक कार्यहरू र सानातिना झैझगडा मिलाउने । आदि)<br>- बालश्रम, बालविवाहबाट समाजमा हुने असरहरू। | - मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका हानी नोक्सानी वा यस कुलतबाट टाढा हुने सन्देश दिने पोस्टर गीत वा कथा तयार पार्न लगाउने<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरूको नाम र कामको सूची तयार पारी कक्षामा सहजीकरण गर्ने।<br>- आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरूले सामाजिक समस्या समाधानमा खेलेको भूमिका संस्थाका प्रतिनिधिहरूसँग सोधपुछ गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- बालश्रम, बालविवाहसंग सम्वन्धित भिडियो चित्र पोस्टर आदि देखाई शिक्षकले सहजीकरण गर्ने र तिनीहरूबाट पर्ने असर बारेमा कक्षामा छलफल गर्ने र असरहरू पाटीमा टिपोट गरी सहजीकरण गर्ने<br>- समूहगत रूपमा बालश्रम र बालविवाहबाट हुने असरहरू तयार पर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | | |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो समुदायभित्र भएका मानिसहरूले गर्ने कृषि उद्योग व्यापार र नोकरीसम्बन्धी पेशा र व्यवसायहरू उल्लेख गर्न । | - आफ्नो समुदायभित्रका मानिसहरूले गर्ने मुख्य पेशा र व्यवसायहरूको विवरण। | - आफ्नो परिवार र छिमेकीले गर्ने कृषि, उद्योग, व्यापार पेशा र व्यवसायका बारेमा समूहगत छलफल गराउने र निष्कर्ष दिने। | - आफ्नो परिवार र छिमेकीले गर्ने मुख्य काम र आम्दानीका स्रोतहरू उल्लेख गर्न लगाउने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - हाटबजारको महत्त्व बताउन र आफ्नो समुदायभित्र उत्पादित वस्तुहरू पत्ता लगाउन ।<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने गरेका परम्परागत र आधुनिक उपकरणहरू छुट्याउन<br>- आफ्ना वडाभित्रका सेवामूलक संस्थाहरूको सूची तयार गर्न ।<br>- सूचना तथा सञ्चार प्रविधिको परिचय दिन र सूचनाका माध्यम/साधनहरूको नाम उल्लेख गर्न ।<br>- मनोरञ्जनका लागि प्रयोग हुने प्रविधिको नाम बताउन<br>- घर तथा विद्यालयमा भएको फूलबारी र करेसाबारीमा समूहमा रही तोकिएको स्थानमा काम गर्न । | - आफ्नो समुदायमा लाग्ने हाटबजारको महत्त्व र उत्पादित वस्तुहरू खोजी<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने पुराना र नयाँ उपकरणहरूको वर्गीकृत विवरण ।<br>- आफ्नो वडाभित्रका सेवामूलक संस्थाहरूको सूची ।<br>- सूचना तथा सञ्चार प्रविधिको परिचय र टेलिभिजन, एफ.एम. रेडियो, मोबाइल, टेलिफोन र पत्रपत्रिका आदिको नाम।<br>- मनोरञ्जनका लागि प्रयोग हुने प्रविधिको नाम ।<br>- घर तथा विद्यालयमा भएको फूलबारीका | - आफ्नो समुदायमा लाग्ने हाटबजारको महत्त्व र उत्पादित वस्तुहरूहरूबारे छलफल र अन्तर्क्रिया गरी समूहगत रूपमा प्रस्तुत गर्न लगाउने ।<br>- कक्षालाई दुई समूहमा विभाजन गरी आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने पुराना र नयाँ उपकरणहरूको नाम टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउने।<br>- आफ्ना वडाभित्रका रहेका सेवामूलक संस्थाहरूको सूची तयार गरी प्रस्तुत गर्न लगाउने।<br>- सूचना तथा सञ्चार प्रविधि भनेको के हो भनी शिक्षकबाट प्रश्न गरी प्राप्त उत्तरका आधारमा थप प्रस्ट पारिदिने र सूचनाका माध्यमहरूको नाम समूहगतरूपमा टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>- मनोरञ्जनका लागि प्रयोग हुने प्रविधिहरू कुन कुन हुन भनी प्रश्न सोध्ने र आएका उत्तरहरूका आधारमा तथा प्रविधिसमेतको प्रयोग गरी निष्कर्ष दिने ।<br>- विद्यालयमा भएको फूलबारी र करेसाबारीमा सामूहिक कार्य गर्न लगाउने । | - हाटबजारको महत्त्व उल्लेख गर्न लगाउने तथा उत्पादित वस्तुहरूको सूची बनाउन लगाउने।<br>- परिवार र छिमेकीले प्रयोग गर्ने पुराना र नयाँ उपकरणहरूको सूची बनाउन लगाउने।<br>- वडाभित्रका सेवामूलक संस्थाहरूको नाम उललेख गर्न लगाउने ।<br>- घरमा प्रयोग गरिने सञ्चारका साधनको प्रयोग गर्ने तरिका लेख्न लगाउने।<br>- मनोरञ्जनका लागि प्रयोग हुने प्रविधिहरू कुन कुन हुन ? भनी सोध्ने।<br>- विद्यार्थीहरूले गरेका कामको अवलोकन गर्ने र अभिलेख राख्ने।<br>- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कामभा सामूहिक रूपमा सहभागिता। | | | |
| स्थानीय विपद्हरू र व्यवस्थापन | - प्राकृतिक विपद् र गैर प्राकृतिक विपद्को परिचय दिन र वर्गीकरण गर्न।<br>- नदीकटान नियन्त्रणका लागि अपनाइएका सुरक्षाका उपायहरू बताउन।<br>- जङ्गली हात्ती तथा भुस्याहा कुकरबाट उत्पन्न समस्या न्यूनीकरण गर्न स्थानीय तहले गर्दै गरेका कार्यहरूको सूची बनाउन ।<br>- प्राथमिक उपचारको परिचय दिन र विपद्मा गरिने प्राथमिक उपचार पद्धतिको प्रयोग गर्न।<br>-विपद्का समयमा सुरक्षित वासस्थानको आवश्यकता र महत्त्व उल्लेख गर्न । | - प्राकृतिक र गैर प्राकृतिक विपद्हरुका भिडियोहरू र फोटाहरू।<br>- माटो, ढुंगा. मोटरबाट निकालिएको पानीबाट तयार पारिएको कृत्रिम नदी, मसिना गिटीले तयार पारेको बाँधको नमुना आदि ।<br>- जङ्गली हात्ती तथा भुस्याहा कुकुरको आक्रमणबाट उत्पन्न समस्या न्यूनीकरण गर्न स्थानीय तहले गर्दै गरेका कार्य बुझ्न क्षेत्रभ्रमण साथै अन्तर्वार्ताका लागि प्रश्नावली सूची । | - दुवै खालका विपद्का भिडियो तथा फोटोहरू विद्यार्थीलाई देखाई कुन कुन प्राकृतिक र गैर प्राकृतिक विपद्हरु हुन् वर्गीकरण गर्न लगाउने ।<br>- नदी र बाँधको मोडेल विद्यार्थीको सहयोगमा निर्माण गरी गाउँघरमा नदीकटान नियन्त्रणका लागि अपनाइएका सुरक्षाका उपायहरूको बारेमा सहजीकरण गर्ने ।<br>- जङ्गली हात्तीको आक्रमणबाट उत्पन्न समस्या न्यूनीकरण गर्न स्थानीय तहले गर्दै गरेका कार्य बुझ्न पालिकामा वा वडामा क्षेत्रभ्रमण गराउनका लागि साथै अन्तर्वार्ताका लागि प्रश्नावली सूची तयार गराई समूह विभाजन गरी आवश्यक कार्य गराउने र कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>- जङ्गली हात्तीको आक्रमणबाट घाइते भएको व्यक्तिलाई हड्डी भाँचिएको र उच्च रक्तस्राव भएको अवस्थामा प्राथमिक उपचार प्रदान गर्दै गरेको फोटो र भिडियो प्रदर्शन गरी प्राथमिक उपचारको परिचय ,महत्त्व र विधिको विषयमा समूह विभाजन गरी छलफल गर्न लगाउने र भूमिका निर्वाह | - प्राकृतिक विपद् र गैर प्राकृतिक विपद्हरुको सूची तयार पार्न लगाउने ।<br>- प्राकृतिक विपद् र गैर प्राकृतिक विपद् बिच कुनै २ फरकहरू लेख्न लगाउने ।<br>- कृत्रिम नदी कटानको अवस्था सिर्जना गरी नदीकटान नियन्त्रण गर्न विद्यार्थीहरूलाई प्रयोगात्मक कार्य गर्न लगाई अवलोकन गर्ने अभिलेख राख्ने । ।<br>- गाउँपालिका वा वडा कार्यालयको भ्रमण गराई पालिकाले जङ्गली हात्तीको समस्या नियन्त्रण गर्न अवलम्बन गरेका कार्यहरूको विवरण लेख्न लगाउने ।<br>- हड्डी भाँचिएको र उच्च रक्तस्राव भएको अवस्थामा प्राथमिक उपचार प्रदान गर्दै गरेको अवस्थाको कृत्रिम अवस्था सिर्जना गरी विद्यार्थीलाई २/२ जनाको समूहमा विभाजन गरी पालैपालो घाइते र प्राथमिक उपचारकको भूमिका निर्वाह गर्न लगाई प्रयोग गरेको सिपको आधारमा प्राप्त अङ्कको अभिलेखीकरण गर्ने । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - प्राथमिक उपचार बाकस र सामग्री<br>- हड्डी भाँचिएको र उच्च रक्तश्राव भएको अवस्थामा गरिने प्राथमिक उपचारको भिडियो विपद्का समयमा सुरक्षित वासस्थानको आवश्यकता र महत्त्व उल्लेख गरिएको चार्ट। | विधिद्वारा प्राथमिक उपचार बाकसको प्रयोग गराई आवश्यक सहजीकरण गर्ने।<br>- विपद्का समयमा सुरक्षित वासस्थानको आवश्यकता र महत्त्व उल्लेख गरिएको चार्ट प्रदर्शन गरी समूह छलफल गराउने। | - विपद्का समयमा सुरक्षित वासस्थानको आवश्यकता र महत्त्व सम्बन्धमा समूह कार्य गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| योग, स्वास्थ्य तथा खेलकुद | - स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको परिचय दिन ।<br>- सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय महत्त्व बताउन ।<br>- स्थानीय जडीबुटीहरूको नाम उल्लेख गर्न।<br>- स्थानीय खेलहरू खेल्ने नियमहरू बताउन र खेल्ने अभ्यास गर्न ।<br>- योगको सामान्य परिचय दिन र शारीरिक व्यायाम गर्न । | - स्थानीय स्तरका स्वस्थ खानेकुराहरूको परिचय दिन (सागपात, गेडागुडी, फलफूल, अन्न, माछामासु, दूधदही आदि) ।<br>- सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय महत्त्व ।<br>- स्थानीय जडीबुटीहरूको नाम उल्लेख गर्न। | - विद्यार्थीहरूलाई आफूले खाने गरेका खानेकुराहरूको नाम सोध्ने र व्यक्तिगत उत्तर लिँदै पाटीमा लेख्दै जाने ती मध्ये स्वस्थ्य खानेकुराहरूको सूची छुट्याउने अनि छलफल चलाउने र अन्तमा शिक्षकले निष्कर्ष बताइदिने।<br>- सामुदायिक स्वास्थ्य र सरसफाइ भनेको के हो जस्ता प्रश्नहरू उठान गरेर कक्षामा छलफल चलाउने र यिनको महत्त्व के कस्तो छ भन्ने सवालमा समूह कार्य गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने । | - स्थानीय स्वस्थ खानेकुराहरूको विवरण तयार गर्न लगाउने ।<br>- सामुदायिक स्वास्थ्य र सरसफाइको परिचय र यसको महत्त्व उल्लेख गर्न लगाउने ।<br>- स्थानीय रूपमा प्रचलनमा ल्याइएका कुनै पाँच जडीबुटीहरूको नाम उल्लेख गर्न लगाउने ।<br>- स्थानीय खेलहरूको नाम भन्न लगाउने र ती खेलहरू खेल्ने नियमहरू बताउन लगाउने र खेल्ने अभ्यास गराउने र अवलोकन गर्ने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - योगासनको नाम भन्न र अभ्यास गर्न।<br>- ध्यान र प्राणायाम गर्न । | (आइटिन झार, पत्थरचट्टा, आँक, भूमिराज, चरी अमिलो, हर्रो, बर्रो, अमला, बोजो, निम, सजीवन, करीपत्ता, सत्यजीवन, तुलसी, गुर्जो, पिप्ला, बेसार, घिउकुमारी, अदुवा, पुदिना, अमरलता, धतुरो, गाँजा, चिरा, धनिया, सुप, चौसुर, कलचिडो आदि)<br>- स्थानीय खेलहरू (डोरी नाघी, ice water, बमब्लास्ट, गुच्चा, चुङ्गी, गट्टी, चट्टी, रुमाल लुकाइ, मुसो बिरालो, भित्र बाहिर, सेभेन अप कपर्दी, डण्डीबियो, म्युजिकल चियर, , भेडीगाँठो, लुकामारी, आसपास, पिट्टो, गट्टी, | - सबै विद्यार्थीहरूले स्थानीय झारपात बुट्यान आदि जडीबुटीका रूपमा प्रयोग हुँदै वा गर्दै आएका वनस्पति घरमा जान्ने अभिभावकलाई सोधेर टिपोट लिएर आउने भनेर गृहकार्य दिने र कक्षामा प्रत्येक विद्यार्थीलाई भन्न लगाई पाटीमा टिपोट गर्ने र शिक्षकले छुटेका कुराहरूसमेत समावेश गरी निष्कर्ष बताइदिने ।<br>- तपाईंहरूले घरमा वा विद्यालयमा के कस्ता खेल खेल्नेगरेका छौ भनी प्रश्न गरेर कक्षा शुरु गर्ने र स्थानीय खेलहरूको नाम भन्न लगाउने र पाटीमा टिपोट गर्ने र छुटेका स्थानीय खेलहरूलाई थपिदिने । अनि कुन खेल कसरी खेल्ने गरेका छौ भनी प्रश्न गरी विद्यार्थीहरूबाट नै उत्तर खोजी नपुगेका कुराहरू शिक्षकले थपिदिने । ती मध्ये विद्यार्थीका रुचिका खेलहरूलाई क्रमशः खेलाउँदै जाने ।<br>- (कवडी, डोरी नाघी, ice water, बमब्लास्ट, गुच्चा ,पिट्टु, चुङ्गी, गट्टी, चट्टी, रुमाल लुकाइ, मुसो बिरालो, भित्र बाहिर, सेभेन अप आदि ) खेल्ने नियमहरू र खेल्ने अभ्यास | - योगको परिचय लेख्न लगाउने ।<br>- ५/५ सूक्ष्म र स्थुल शारीरिक व्यायामको नमुना देखाउन लगाउने ।<br>- योगासनका कुनै ५ ओटा नाम भनी आसनमा बसेर देखाउन लगाउने र अवलोकन गर्ने ।<br>- ध्यान र प्राणायाम हामी कुन कुन मुद्रा र आसनमा गर्छौं लेख्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भित्रबाहिर ,चोरपुलिस आदि ) खेल्ने नियमहरू र खेल्ने अभ्यास ।<br>- योगको सामान्य परिचय र शारीरिक व्यायाम (शरीरका स्थूल र सूक्ष्म व्यायाम) ।<br>- योगासन (सुखासन, पद्मासन, गौमुखासन, पवनमूक्तासन, बज्रासन उत्तानपादासन) को नाम र अभ्यास ।<br>- ध्यान र प्राणायाम (कपालभाति, अनुलोम विलोम, भस्त्रिका आदि) | - योगको बारेमा विद्यार्थीहरूलाई सामान्य प्रश्नोत्तर गरी उनीहरूबाट आएका जवाफ पाटीमा टिपोट गरी निष्कर्ष दिने।<br>- शारीरिक व्यायाम (शरीरका स्थूल र सूक्ष्म व्यायाम) प्रदर्शन गरी अभ्यास गराउने ।<br>- योगासनको नाम भन्ने र सो आसनमा विद्यार्थीहरूलाई बस्न लगाउने, नसके शिक्षकले अभ्यास गरेर देखाउने र विद्यार्थीहरूलाई अनुकरण गर्न लगाउने ।<br>- पद्मासन, सुखासन तथा ज्ञान मुद्रामा ध्यान गर्न लगाउने र वायुमुद्रामा प्राणायाम(कपालभाति, अनुलोमविलोम, भस्त्रिका आदि) गर्ने गराउने । | | |

१०.५ **कक्षा ५**

| विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय तह | - आफ्नो वडा र बाह्रदशी गापाको क्षेत्रफल उल्लेख गर्न।<br>- आफ्नो वडाभित्र रहेका सरकारी कार्यालयहरूबाट प्राप्त हुने सेवा तथा सुविधाको सामान्य उल्लेख गर्न ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य प्राकृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको सूची तयार गर्न ।<br>- आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको जात भाषा र धर्मको सूची तयार गर्न ।<br>- आफ्नो पालिकाको सक्रिय र आश्रित जनसङ्ख्या उल्लेख गर्न।<br>- आफ्नो वडा र पालिकाको भौगोलिक अवस्था बताउन, नक्सा चित्र र नक्साङ्कनको सामान्य अभ्यास गर्न। | - आफ्नो वडा र बाह्रदशी गापाको क्षेत्रफल।<br>- आफ्नो वडाभित्र रहेका सरकारी कार्यालयहरू (वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि, पशु, शिक्षण संस्था, प्रहरी चौकी आदि)बाट प्राप्त हुने सेवा तथा सुविधाहरू ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य प्राकृतिक स्थल (, झिल, कुवा, पोखरी, जङ्गल, नदी आदि) धार्मिक तथा पर्यटकीय स्थल (मठ, मन्दिर, गुम्बा, मस्जिद ,चर्च ,भ्यू टावर, पार्क, आदि) हरूको सूची । | - आफ्नो वडा र बाह्रदशी गापाको क्षेत्रफलसम्बन्धी विवरण कक्षामा प्रस्तुत गरी छलफल गराउने ।<br>- शिक्षकको सहयोगमा आफ्नो वडाभित्र रहेका सरकारी कार्यालयहरूको नाम र ती कार्यालयहरूले दिने मुख्य सेवाका सम्बन्धमा छलफल र अन्तर्क्रिया गरी तालिका बनाई प्रस्तुत गराउने।<br>- घरपरिवार, छिमेकी तथा शिक्षकलाई सोधी बाह्रदशी गापाभित्र रहेका मुख्य प्राकृतिक स्थल ( झिल, कुवा, पोखरी, जङ्गल , नदी आदि )धार्मिक तथा पर्यटकीय स्थल ( मठ, मन्दिर, गुम्बा, मस्जिद ,चर्च ,भ्यू टावर, पार्क, आदि) हरूको छुट्टाछुट्टै सूची तयार गर्नका लागि समूहगत रूपमा परियोजना कार्य गराउने ।<br>- आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको जात, भाषा र धर्मको विवरण प्रस्तुत गरी छलफल र अन्तरक्रिया गरी शिक्षकले निष्कर्ष बताइदिने । | - आफ्नो वडा र गापाको क्षेत्रफल उल्लेख गर्न लगाउने ।<br>- वडाभित्र रहेका कुनै तीन सरकारी कार्यालयहरूको नाम र ती कार्यालयहरूले दिने मुख्य सेवाको सूची बनाउन लगाउने।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य प्राकृतिक स्थल ( झिल , कुवा , पोखरी, जङ्गल , नदी आदि )धार्मिक तथा पर्यटकीय स्थल ( मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, भ्यू टावर, पार्क, आदि) हरूको छुट्टाछुट्टै सूची तयार गर्न लगाउने ।<br>- आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको जात, भाषा र धर्मको तालिका तयार गर्न लगाउने ।<br>- आफ्नो पालिकाको सक्रिय र आश्रित जनसङ्ख्या उल्लेख गर्न लगाउने ।<br>- आफ्नो वडा र पालिकाको भौगोलिक अवस्था बताउन, नक्सा चित्र र | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - आफ्नो पालिकाको इतिहासको सामान्य जानकारी दिन । | - आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूको जात, भाषा र धर्मको सूची।<br>- आफ्नो पालिकाको वडागत सक्रिय र आश्रित जनसङ्ख्या ।<br>- आफ्नो वडा र पालिकाको भौगोलिक अवस्था, (समथर, बगर, थुम्की, खोलानाला, सिमसार समथर, बगर, थुम्की, खोलानाला, सिमसार आदि ) नक्सा र नक्साङ्कनको सामान्य अभ्यास ।<br>- आफ्नो पालिकाको इतिहासको उत्पति तथा नामाकरण र किंवदन्तीसम्बन्धी सामान्य जानकारी । | - शिक्षकको सहयोगमा बाह्रदशी गा. पा. को जनसङ्ख्या ( सक्रिय तथा आश्रित) कक्षामा प्रस्तुत गरी छलफल गराउने र शिक्षकले निष्कर्ष दिने ।<br>- आफ्नो पालिकाको नक्सा चिन्न र नक्साङ्कनको सामान्य अभ्यास गर्ने ।<br>- आफ्नो वडा र पालिकाको भौगोलिक अवस्था (समथर, बगर, थुम्की, खोलानाला, सिमसार(समथर, बगर, थुम्की, खोलानाला, सिमसार समथर, बगर, थुम्की, खोलानाला, सिमसार(समथर, बगर, थुम्की, खोलानाला, सिमसार, समथर, बगर, थुम्की, खोलानाला, सिमसार, पोखरी, जङ्गल) आदि पालिकाको उत्पत्तिको इतिहासका बारेमा कक्षामा छलफल चलाउने र निष्कर्ष दिने ।<br>- पालिकाको भौगोलिक तथा राजनीतिक नक्सा कक्षामा प्रस्तुत गरी छलफल गराउने साथै नक्साङ्कनको सामान्य सिपमा अभ्यास गराउने । उक्त कार्य व्यक्तिगत र सामुहिकरूपमा गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- शिक्षकको सहयोगमा आफ्नो पालिकाको इतिहासको उत्पति तथा नामाकरण र किंवदन्तीसम्बन्धी कक्षामा छलफल गराउने र शिक्षकले निष्कर्ष बताइदिने । | नक्साङ्कनको सामान्य अभ्यास गर्न लगाई अवलोकन गर्ने<br>- आफ्नो पालिकाको उत्पत्तिको इतिहासको बयान तथा नामाकरण र किंवदन्तीसम्बन्धी सामान्य जानकारी बयान गर्न लगाउने\| | |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - वातावरणभित्र पर्ने जैविक र अजैविक तत्वहरू छुट्याउन ।<br>- वातावरण संरक्षण गर्ने उपायहरू अपनाउन।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वको अन्तरसम्बन्ध उल्लेख गर्न।<br>- स्थानीय वातावरण प्रदूषणका असरहरू उल्लेख गर्न ।<br>- आफ्नो छरछिमेक र टोलको सरसफाइमा सहभागी हुन।<br>- खानेपानी दूषित हुनका कारणहरू र पानी शुद्धीकरणका उपायहरू उल्लेख गर्न।<br>- फोहोरमैलाको असर उल्लेख गर्न। | - वातावरणभित्र पर्ने जैविक र अजैविक तत्वहरू ।<br>- वातावरण संरक्षण गर्ने उपायहरू।(वृक्षारोपण, नकुहिने पदार्थको समुचितविसर्जन, उद्योगबाट निस्कने प्रदूषणको नियन्त्रण, माइकको आवाजको नियन्त्रण आदि)<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वको अन्तरसम्बन्ध ।<br>- स्थानीय वातावरण प्रदूषणका असरहरू ।<br>- आफ्नो छरछिमेक र टोलको सरसफाइमा सहभागिता ।<br>- खानेपानी दूषित हुनका कारणहरू र पानी शुद्धीकरणका उपायहरू ।<br>- फोहोरमैलाको असर। | - हाम्रो वातावरणभित्र के कस्ता कुराहरू पाइन्छन् भनी प्रश्न गर्ने र विद्यार्थीबाट आएका उत्तरहरू पाटीमा टिप्ने र जैविक तथा अजैविक गरी दुई वर्गमा विभाजन गर्न लगाउने र निष्कर्ष बताइदिने ।<br>- वातावरण संरक्षण गर्ने के कस्ता उपायहरू अपनाउन पर्ला भनी कक्षामा छलफल चलाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- घर र विद्यालय वरपरका प्राणी-वनस्पतिहरूको नाम विद्यार्थीहरूलाई भन्न लगाई पाटीमा टिप्ने ती जीवहरूको र वातावरणीय तत्वहरूको अन्तरसम्बन्धको बारेमा समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- वातावरण प्रदूषणका कारण हाम्रो जनजीवनमा के कस्ता असरहरू पर्नसक्छन् भनी कक्षामा छलफल चलाउने र शिक्षकले निष्कर्ष बताइदिने ।<br>- आफ्नो छरछिमेक र टोलको सरसफाइमा सहभागी भएको बारेमा कक्षामा आ-आफ्नो अनुभव सुनाउन लगाउने र सहभागी नभएकालाई सहभागी हुन अभिप्रेरित गर्ने र सहभागी गराउने । | - वातावरणीय तत्वहरू लाई जैविक तथा अजैविक गरी दुई वर्ग उल्लेख गर्न लगाउने ।<br>- वातावरण संरक्षण गर्ने कुनै चार उपायहरू उल्लेख गर्न लगाउने।<br>- घर र विद्यालय वरपरका जीव र वातावरणीय तत्वको अन्तरसम्बन्ध बारेमा पाँच बुँदामा उल्लेख गर्न लगाउने ।<br>- वातावरण प्रदूषणका कारण असरहरू पाँच/पाँच बुँदामा लेख्न लगाउने ।<br>- आफ्नो छरछिमेक र टोलको सरसफाइमा सहभागी हुन लगाउने र विद्यार्थीमार्फत सूचना लिई अभिलेख राख्ने।<br>- पानी शुद्ध पार्ने उपायहरूको सूची बनाउन लगाउने ।<br>- पानी दूषित हुनका कारणहरू के के हुन् ? भन्न लगाउने ।<br>- फोहोरमैलाका पाँच असर उल्लेख गर्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - कक्षालाई दुई समूहमा विभाजन गर्ने र एउटा समूहलाई खानेपानी दूषित हुनका कारणहरू र अर्को समूहलाई पानी शुद्धीकरणका उपायहरूका बारेमा छलफल गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने ।<br>- भिडियो चित्रका माध्यमबाट पानी शुद्ध पार्ने उपायका बारेमा सहजीकरण गर्ने साथै पानी दूषित हुनका कारणहरू र शुद्ध पार्ने उपायहरूको सूची बनाउन लगाउने ।<br>- विभिन्न स्थानको प्रदूषणको उदाहरण दिन चित्र, भिडियो प्रदर्शन गर्ने ।<br>- नजिकैको खोला, कलकारखानामा लघु भ्रमण गराई पानी प्रदूषण सम्बन्धमा समूहगत छलफल र प्रश्नोत्तर गर्ने ।<br>- भिडियो, चित्रका माध्यमबाट फोहोरमैलाको कारणले लाग्ने विभिन्न रोगको बारेमा बताउने, असरहरूका बारेमा छलफल गरी सूची बनाउन लगाउने, प्रश्नोत्तर गर्ने । | | |
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको खोजी गरी सूची तयार गर्न । | स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको खोजी र सूची तयार। (१.लोककथा- | स्थानीय क्षेत्रमा पर्व तथा अवसर अनुसार गाइने सबैखाले गीत सङ्गीतहरूको विवरण तयार गर्न परियोजना कार्य दिने र तिनको संक्षिप्त परिचयसमेत खुलेको प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने। | स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको छुट्टाछुट्टै सूची तयार गर्न लगाउने । | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जुनसुकै काम गर्ने श्रमिकहरूको सम्मान गर्न।<br>स्थानीय परम्परागत र सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान गर्न।<br>स्थानीय भाषा, भेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय दिन।<br>आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी गर्न।<br>अनुशासन तथा असल आचरण पालना गर्न।<br>आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका लागि भएका स्थानीय प्रयासहरूको खोजी गर्न । | छठपर्व सूर्य उपासना तथा षठिमाईसम्बन्धी पौराणिक लोककथा, मुसलमान जातिमा प्रचलित सैयाद बिवीको कहानी, होली पर्वसँग जोडिएको एक ढौण्ड राक्षसी र होलिका एवम् प्रह्लादसम्बन्धी कथा, थारू जातिमा प्रचलित सोनकेशरी रानीको कथा वहरिक बरकोही र सत्तलसिं राजाको कथा<br>२. लोकबाजा<br>मृदङ्ग, झाल/झ्याली, ओढनी, दोदरा, घडीघण्टा, झाँगडढोल, डिगरी, ढुलुक, सहाना, मैनामुरली, गोल्की, सखिया, मादल, ,तुमदाक, टामाक ( सन्थाल), कुर्ताल/कर्ताल, ढोलक, बासी, डुम्री, सतारसिटी, मुर्चुङ्गा, बिनायो, सारङ्गी, | स्थानीय क्षेत्रका भाषाका लिपि ,लोककथा, लोक साहित्य लोक बाजा र स्थानीय कलाको बारेमा एक समूहलाई एउटा विषय तोकी खोजी गर्न लगाउने र परिचयसहित लेख्न र प्रस्तुत गर्न लगाउने । उक्त लेखलाई शिक्षकले संयोजन गर्ने र विद्यालयले प्रकाशनको प्रबन्ध मिलाउने।<br>विद्यार्थीहरूलाई उनीहरूले देखे सुनेका सबैखाले कामहरूको सूची तयार गर्न लगाउने र ती मध्ये कुन कुन काम गर्न रूचाउँछौ र किन भनी छलफल चलाउने र कुनै पनि काम सानो ठुलो हुँदैन । जुनसुकै काम गर्नेलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश विभिन्न कथा वा उदाहरण दिएर विद्यार्थीलाई उत्प्रेरित गर्ने ।<br>स्थानीय परम्परागत र सामाजिक मान्यता तथा प्रचलनहरू के के र कस्ता छन् स्थानीय जानकारहरूबाट लिन समूहगतरूपमा परियोजना कार्य दिने र त्यसको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>विद्यार्थीहरूलाई स्थानीय भाषा, भेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको बारेमा जानकारी लिन विषयगत समूह बनाई परियोजना कार्यदिने र कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने शिक्षकले निष्कर्ष बताइदिने ।<br>प्रेरणादायी व्यक्तित्व कस्ता मानिसलाई भन्छन् भन्ने प्रश्नमा छलफल चलाउने र शिक्षकले बताइदिने र यस्ता | स्थानीय क्षेत्रमा प्रयोगमा आउने गीत सङ्गीतहरू भन्न, लेख्न र गाउन लगाउने।<br>कामको सम्मान गर्नुपर्छ भन्ने शीर्षकमा ५० शब्दमा नघटाई लेख लेख्न लगाउने।<br>स्थानीय परम्परागत र सामाजिक मान्यता तथा प्रचलनहरूको विवरण तयार गर्न लगाउने ।<br>स्थानीय भाषा, भेषभूषा, रहनसहन, मेलापर्व र जात्राहरू मध्ये कुनै एकको बारेमा संक्षिप्त परिचय लेख्न लगाउने ।<br>स्थानीय क्षेत्रमा प्रयोग हुने भेषभूषाहरूको महत्त्व भन्न र लेख्न लगाउने ।<br>आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको सूची तयार गर्न लगाउने र तिनीहरूको योगदानको विवरण तयार गर्न लगाउने।<br>अनुशासन तथा असल आचरणको पालना गरे/नगरेको अवलोकन गर्ने र अभिलेख राख्ने।<br>आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका लागि भएका स्थानीय प्रयासहरूको विवरण तयार गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पिपिरी, बाँसुरी, हारमुनियाँ, मुजुरा, खैजेडी, च्याभ्रुङ, मुरली, सनाही, दमाहा, नरसिङ्गा, खाम, विनी, सेरजा, जोठा(मेचे)<br>३. लोककला<br>थाङ्का, मिथिला मोखा (माटाको भित्ते चित्रकला), मूर्तिकला, टाटुकला)<br>जुनसुकै काम गर्ने श्रमिकहरूको सम्मान।<br>स्थानीय परम्परागत र सामाजिक मान्यता तथा प्रचलनहरूको पहिचान ।<br>स्थानीय भाषा, भेषभूषा, रहनसहन,मेलापर्व र जात्राहरू ।<br>(भाषा लिपि<br>मैथिली,बंङ्गाली, राजवंशी, सन्थाली (अलचिकी), उराव ,भोजपुरी, हिन्दी, उर्दू\अरवी, थारू, खवास महगी | व्यक्तित्वहरू हाम्रो समुदायमा को को छन् भनी प्रश्न गर्ने र त्यस्ता व्यक्तित्वहरूको सूची बनाउने र तिनीहरूको योगदानको विवरण तयार गर्ने ।<br>अनुशासन तथा असल आचरण भनेको के हो भनी कक्षामा छलफल गरिसकेपछि अनुशासन तथा असल आचरण पालना गर्न के के गर्नुपर्छ भनी समूहगत छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने सोको पालना गर्न शिक्षकले अभिप्रेरित गर्ने।<br>आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको सूची तयार गर्न शिक्षकले विद्यार्थीहरूलाई सहयोग गरे पश्चात् तिनको संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासहरू बारे समूहगत रूपमा छलफल गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अङ्गिका/सुर्जापुरी, मेचे, तामाङ्ग, राई वान्तवा, लिम्बु,धिमाल,नेपाली, नेवारी, गुरुङ,/भेषभुषा पेटानी बर्हती गजी छिट कमीज कुर्ता धोती सारी चोलो लुङ्गी पाइजामा गन्जी बुर्का पटुका,गम्छा,सट पेन्ट, वकुपटासी, डोखना(मेचे) लुङ्गी पन्ची( सन्थाल)।<br>आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी।<br>अनुशासन तथा असल आचरण पालना ।<br>आफ्ना स्थानीय क्षेत्रमा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण संवर्धनका लागि भएका स्थानीय प्रयासहरूको खोजी। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सामाजिक समस्या र समाधान | - आदर्श समाजमा गर्न हुने/गर्न नहुने कामहरूको सूची बनाउन ।<br>- समुदायभित्र भएका सामाजिक समस्याको पहिचान गरी समाधानका उपायहरू बताउन।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका असर बताउन र सचेत रहने उपाय उल्लेख गर्न।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदाय स्तरमा भएका संघसंस्थाको खोजी गरी नाम र काम लेख्न<br>- बालश्रम, बालविवाह, लैङ्गिकहिंसा बारेमा सचेत हुन ।<br>- समुदायमा रहेका सामाजिक समस्याहरूबाट सुरक्षित रहने उपायहरू उल्लेख गर्न।<br>- विद्यालयमा हुने दुर्व्यवहारको पहिचान गर्न। | - आदर्श समाजमा गर्नु हुने (माया गर्ने, सत्कार, सम्मान, संरक्षण, भेटिएको सामान दिने, मेलमिलाप, सहयोग, उपकार, सरसफाइ, अर्काको सामान नचलाउने /नलिने वा अनुमति लिएर मात्र चलाउने ।)<br>- र गर्नु नहुने (झुटो बोल्ने, विना अनुमति अर्काको सामान प्रयोग गर्ने, झैझगडा रिस, हेपाइ आदि) कामहरूको सूची।<br>- समुदायस्तरमा रहेका सामाजिक समस्याहरूको (चोरीडकैती, झैझगडा, दुर्व्यसन, हिंसा, विभेद, हेपाइ, ठगी आदि) पहिचान र समाधानका उपायहरू ।<br>- मादक वा लागुपदार्थ दुर्व्यसनका असर तथा सचेतना । | - आदर्श समाज प्रस्तुत हुने भिडियो चित्र प्रदर्शन गरी कुन कुन मन पर्छ वा पर्दैन भनी कारण सहित सोध्ने र मन पर्ने चित्र र आदर्श समाज बिच सम्बन्ध जोडी कक्षा भित्र सहजीकरण गर्ने<br>- आदर्श समाजको परिचय र आवश्यकता उल्लेख भएको चार्ट प्रस्तुत गरी कक्षामा छलफल गराउने।<br>- भिडियो वा चित्रको माध्यमबाट विभिन्न सामाजिक समस्याहरूको सामान्य परिचय दिने र सामाजिक समस्या वा विकृतिहरू पहिचान गरी तिनको समाधानका उपायहरू कक्षामा टिपोट गरी समूहगतरूपमा छलफल गराउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका विभिन्न चित्र भिडियो कथा गीत आदि कक्षामा प्रस्तुत गरी यसबाट हुने हानी नोक्सानीको सूची बनाउन लगाउने र सहजीकरण गर्ने<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका विरुद्धमा विभिन्न नाराहरूसहितका पोस्टर पर्चा तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका हानी नोक्सानी वा यस कुलतबाट टाढा रहन सचेत रहने उपायहरू | - समाजमा गर्न हुने र गर्न नहुने ५/५ ओटा कामहरूको सूची बनाउन लगाउने ।<br>- ५/५ ओटा सामाजिक समस्याहरू र समाधानका उपायहरू लेख्न लगाउने ।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका हानी नोक्सानी वा यस कुलतबाट टाढा रहन सचेत रहने उपायहरू उल्लेख गर्न लगाउने ।<br>- आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरूको विवरण तयार गर्न लगाउने र सामाजिक समस्या समाधानमा संघसंस्थाहरूले खेलेको भूमिका उल्लेख गर्न लगाउने ।<br>- बालश्रम, बालविवाह, लैङ्गिकहिंसा बारेमा सचेत रहन अपनाइने कुनै तीन ओटा उपायहरू उल्लेख गर्न लगाउने ।<br>- समुदायमा रहेका सामाजिक समस्याहरूबाट सुरक्षित रहने उपायहरू उल्लेख गर्न लगाउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरू (बालक्लब, युवाक्लव, आमा समूह, टोल सुधार समिति, प्रहरी, वडा कार्यालयको मेलमिलाप समिति आदि ) र तिनका कामहरू (सचेतना जगाउने, बालअधिकारका कामहरू, सहभागिता, सामुहिक बचत तथा सचेतता, महिला अधिकार सम्बन्धी काम, सामाजिक कार्यहरू र सानातिना झैझगडा मिलाउने आदि)<br>- बालश्रम, बालविवाह, लैङ्गिकहिंसा बारे सचेतना।<br>- समुदायमा रहेका सामाजिक समस्याहरू (चोरीडकैती, झैझगडा, दुर्व्यसन, हिंसा, विभेद, हेपाइ, ठगी आदि) | समूहगत रूपमा छलफल गरी प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष दिने ।<br>- मादक वा लागुपदार्थ जस्ता दुर्व्यसनका हानी नोक्सानी वा यस कुलतबाट टाढा हुने सन्देश दिने पोस्टर गीत वा कथा तयार पार्न लगाउने।<br>- सामाजिक समस्या समाधानमा आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरूको नाम र कामको सूची तयार पारी कक्षामा सहजीकरण गर्ने<br>- आफ्ना टोल, समुदायमा संलग्न भएका संघसंस्थाहरूको छलफलका माध्यमबाट विवरण तयार गर्न लगाउने र सामाजिक समस्या समाधानमा खेलेको भूमिका संस्थाका प्रतिनिधिहरूसँग सोधपुछ गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- बालश्रम, बालविवाहसँग सम्वन्धित भिडियो चित्र पोस्टर आदि देखाई शिक्षकले सहजीकरण गर्ने र तिनीहरूबाट पर्ने असरका बारेमा कक्षामा छलफल गर्ने र असरहरू पाटीमा टिपोट गरी सहजीकरण गर्ने।<br>- समूहगत रूपमा बालश्रम र बालविवाहबाट हुने असरहरू तयार पार्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | - विद्यालयमा हुनसक्ने सम्भावित दुर्व्यवहारहरूको विवरण तयार गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बाट सुरक्षित रहने उपायहरू।<br>- विद्यालयमा हुने दुर्व्यवहारहरू (भेदभाव, हेपाइ, शारीरिक दण्डसजाय, हिंसा, यौन दुर्व्यवहार आदि) | - समुदायमा रहेका सामाजिक समस्याहरूबाट सुरक्षित रहने उपायहरू कक्षामा समूहगत रूपमा छलफल गरी शिक्षकले सहजीकरण गर्ने ।<br>- विद्यालयमा हुने दुर्व्यवहारको पहिचान गर्न सम्वन्धित भिडियो चित्र पोस्टर आदि देखाई शिक्षकले सहजीकरण गर्ने र तिनीहरूबाट पर्ने असर बारेमा कक्षामा छलफल गर्ने र असरहरू पाटीमा टिपोट गरी सहजीकरण गर्ने। | | |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो समुदायभित्रका व्यक्तिहरूको कृषि/ उद्योग/ व्यापार/ नोकरी जस्ता कामबाट प्रेरणा लिई काम गर्न ।<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने गरेका आधुनिक उपकरणहरूबाट हुने फाइदाहरू उल्लेख गर्न ।<br>- आफ्नो वडाभित्र रहेका साना/ मझौला र ठुला उद्योगका साथै व्यापारहरूको सूची तयार गर्न ।<br>- सूचना तथा सञ्चार प्रविधिको महत्त्व उल्लेख गर्न । | - आफ्नो समुदायभित्रका असल मानिसहरू डाक्टर, इन्जिनियर, शिक्षक, कृषि विज्ञ ,प्राध्यपक तथा समाजसेवकका कामबाट प्रेरणा र अनुसरण ।<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने आधुनिक उपकरणका फाइदाहरू।<br>- सम्बन्धित वडाभित्र रहेका घरेलु, साना, मझौला र ठुला उद्योग तथा व्यापारहरूको सूची।<br>- सूचना तथा सञ्चार प्रविधिको महत्त्व। | - आफ्नो समुदायभित्रका डाक्टर, इन्जिनियर, शिक्षक, कृषक, प्राध्यापक तथा समाजसेवीहरूले गर्ने कार्य छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- आफ्नो परिवार र छिमेकीले प्रयोग गर्ने आधुनिक उपकरणका फाइदा समूहगतरूपमा प्रस्तुत गर्न लगाई निष्कर्ष दिने ।<br>- सम्बन्धित वडाको भ्रमण गराई वडाभित्र रहेका घरेलु, साना, मझौला र ठुला उद्योग तथा व्यापारहरूको खोजी गरी सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गराउने ।<br>- सूचना तथा सञ्चार प्रविधिको प्रयोग र महत्त्वबारे छलफल गराई समूहगत रूपमा कक्षामा प्रस्तुत गराउने ।<br>- घर तथा विद्यालयमा भएको फूलबारी र करेसाबारीमा स्थान छुट्याई काम गर्न लगाउने । | - डाक्टरले गर्ने मुख्य कार्य प्रस्तुत गर्न लगाउने ।<br>- शिक्षक तथा प्राध्यापकका मुख्य काम उल्लेख गर्न लगाउने ।<br>- कृषि विज्ञको भूमिकाबाट हुने फाइदाको सूची निर्माण गर्न लगाउने ।<br>- आधुनिक उपकरणका फाइदा उल्लेख लगाउने ।<br>- आफ्नो वडाभित्र रहेका घरेलु,साना, मझौला र ठुला उद्योग तथा व्यापारहरूको सूची तयार गर्न लगाउने ।<br>- सूचना तथा सञ्चार प्रविधिको महत्त्व बुँदागत रूपमा उल्लेख गर्न लगाउने ।<br>- विद्यार्थीहरूले गरेका कामको अवलोकन गर्ने। | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - घर तथा विद्यालयमा भएको फूलबारी र करेसाबारीमा तोकिएको स्थानमा काम गर्न।<br>- आफ्नो समुदायमा भएका विकास निर्माणका कार्यहरू पहिचान गरी तिनको फाइदा उल्लेख गर्न । | - घर तथा विद्यालयमा भएको फूलबारी र करेसाबारीमा तोकिएको स्थानमा काम ।<br>- आफ्नो समुदायमा भएका विकास निर्माणका कार्यहरूको पहिचान र फाइदाहरू। | - समुदायमा भएका विकास निर्माणका आयोजनाहरूको खोजी गर्न लगाउने र त्यसबाट हुने फाइदाहरू टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | - घरमा प्रयोग गरिने सञ्चारका साधनको प्रयोग गर्ने तरिका लेख्न लगाउने ।<br>- समुदायमा भएका विकास निर्माणका आयोजनाहरूको सूची बनाउन लगाउने । | |
| स्थानीय विपद्हरू र व्यवस्थापन | प्रकोप, जोखिम र विपद्को परिचय दिन ।<br>विपद् पूर्व तयारीको परिचय दिन र विपद् पूर्व तयारी गर्दा गर्नु पर्ने कार्यहरू उल्लेख गर्न ।<br>चटयाङ्को बारेमा बताउन र बच्न गरिने पूर्व तयारी र चटयाङ् पर्दै गरेको बेला अपनाउनु पर्ने सुरक्षाका उपायहरू उल्लेख गर्न ।<br>घरमा विद्युतीय दुर्घटना हुन नदिन अवलम्बन गर्नु पर्ने सुरक्षाका उपायहरू उल्लेख गर्न र प्राथमिक उपचार पद्दति अपनाउन, । | प्रकोप, जोखिम र विपद्को परिचय दिने चार्ट वा श्रव्यदृश्य सामग्री।<br>विपद् पूर्व तयारीको परिचय र विपद् पूर्व तयारी गर्दा गर्नु पर्ने कार्यहरू ()।<br>चटयाङको परिचय र बच्न गरिने पूर्व तयारी तथा चटयाङ् पर्दै गरेको बेला अपनाउनु पर्ने सुरक्षाका उपायहरू ।<br>घरमा विद्युतीय दुर्घटना हुने कारणहरू र विद्युतीय दुर्घटना हुन नदिन अवलम्बन गर्नु पर्ने सुरक्षाका उपायहरू साथै | -Think, pair and share विधिको प्रयोगका साथै प्रकोप, जोखिम र विपद्को परिचय दिने चार्ट वा श्रव्यदृश्य सामग्रीको प्रदर्शन गर्ने र अवधारणा प्रदान गर्न आवश्यक सहजीकरण गर्ने।<br>- विपद् पूर्व तयारीको चित्र प्रदर्शन गरी विद्यार्थीलाई चटयाङ, हावाहुरी, शीतलहर , लु लाग्नु, विद्युतीय दुर्घटना आदिबाट हुने क्षति न्यूनीकरण गर्न विपद् पूर्व तयारी गर्दा गर्नु पर्ने कार्यहरूबारे मस्तिष्क मन्थन गर्न लगाउने र आवश्यक सिकाइ सहजीकरण गर्ने।<br>- चटयाङ भनेको के हो भनी विद्यार्थीलाई प्रश्नसोधी आएका उत्तरहरूबाट सहजीकरण गरी चटयाङको परिचय दिइसकेपछि त्यसबाट बच्न गरिने पूर्व तयारी तथा चटयाङ् पर्दै गरेको बेला अपनाउनु पर्ने सुरक्षाका | प्रकोप, जोखिम र विपद्को परिचय लेख्न लगाउने ।<br>आफ्ना क्षेत्रमा सम्भावित विपद्को चार्ट पेपरमा वृत्तचित्र बनाउन लगाउने।<br>विपद् पूर्वतयारीको परिचय लेख्न लगाउने ।<br>विपद् पूर्व तयारी गर्दा गर्नु पर्ने कार्यहरूको सूची तयार गर्न लगाउने ।<br>विपद् आउनुभन्दा अगाडि अपनाउनु पर्ने सचेतता, विपद् आइपर्दा बच्ने उपाय र विपद्को व्यवस्थापनका बारेमा छुट्टा छुट्टै सूची तयार पार्न लगाउने ।<br>चटयाङ्को परिचय लेख्न लगाउने।<br>चटयाङबाट बच्न गरिने पूर्व तयारी र चटयाङ् पर्दै गरेको बेला अपनाउनु पर्ने सुरक्षाका उपायहरू उल्लेख गर्न लगाउने। | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद्का समयमा सुरक्षित विद्यालयको पहिचान आवश्यकता र महत्त्व उल्लेख गर्न। | विद्युतीय दुर्घटनाका घाइतेको उपचार गर्न प्रयोग गरिने प्राथमिक उपचार पद्दति । विपद्का समयमा सुरक्षित विद्यालयको पहिचान आवश्यकता र महत्त्व । | उपायहरूबारे समूहगत छलफल चलाई प्रस्तुत गर्न लगाई निष्कर्ष दिने।<br>-ग्राफिटी विधि प्रयोग गरी घरमा विद्युतीय दुर्घटना हुन नदिन अवलम्बन गर्नु पर्ने सुरक्षाका उपायहरू र प्राथमिक उपचार पद्दतिका बारेमा विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गरी सिकाइ सहजीकरण गर्ने<br>- भूमिका निर्वाह विधिको प्रयोग गरी विद्युतीय दुर्घटनामा प्रयोग हुने प्राथमिक उपचार पद्धतिका बारेमा विद्यार्थीलाई प्रयोगात्मक कार्य गर्न लगाउने ।<br>- सुरक्षित विद्यालयको पहिचान, आवश्यकता र महत्त्वबारे सिकाइ गर्न MIX, FREEZE, PAIR AND SHARE विधिको प्रयोग गर्ने। | विद्युतीय दुर्घटनाका घाइतेलाई प्रयोग गरिने प्राथमिक उपचार पद्धतिको प्रयोगात्मक कार्यको मूल्याङ्कनको अभिलेखीकरण गर्ने। परियोजना कार्य :घरमा विद्युतीय दुर्घटना हुने कारण र विद्युतीय दुर्घटना हुन नदिन गर्ने गरेका कार्यहरू अभिभावकलाई सोधेर लेख्न लगाउने ।<br>विपद्का समयमा सुरक्षित विद्यालयको पहिचान,आवश्यकता र महत्त्वबारे ५० शब्दमा १ लेख तयार गर्न लगाउने । | |
| योग, स्वास्थ्य तथा खेलकुद | - सन्तुलित भोजनको अवधारणा प्रस्तुत गर्न ।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन ।<br>- स्थानीय खेलकुदको परिचय, महत्त्व र आवश्यकता उल्लेख गर्न ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको सूची बनाउन। | - सन्तुलित भोजनको अवधारणा (अन्न, फलफूल, गेडागुडी, हरियो सागपात, अण्डा, माछामासु, दूध, दही, घ्यू आदि)।<br>- - स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरू (स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकी, अस्पताल, आयुर्वेधिक औषधालय, | - सन्तुलित भोजन भनेको के होला वा हाम्रो शरीरको वृद्धि र विकास हुनका लागि के कस्ता खानेकुराको आवश्यकता पर्दछ भनी छलफल र अन्तरक्रिया गराउने र निष्कर्ष दिने ।<br>- मानिसहरू बिरामी हुँदा उपचार गर्न कहाँ जाने गरेका छन् भन्ने प्रश्न गर्ने र प्राप्त उत्तरहरू पाटीमा टिपोट गर्ने साथै स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन शिक्षकले सहजीकरण गर्ने ।<br>- विद्यार्थीहरूलाई उनीहरूले खेल्ने गरेका खेलहरू बताउन लगाउने र आएका जवाफहरूलाई पाटीमा | - शरीरको वृद्धि र विकासका लागि आवश्यक पर्ने कुनै पाँच सन्तुलित भोजनका नाम लेख्न लगाउने ।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूको सूची बनाउन लगाउने ।<br>- स्थानीय खेलकुदको परिचय, महत्त्व र आवश्यकता उल्लेख गर्न लगाउने ।<br>- स्थानीय स्तरमा पाइने कुनै पाँच ओटा जडीबुटीहरूको सूची बनाउन लगाउने ।<br>- योगको अर्थ लेख्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - योगको अर्थ र साधारण महत्त्व उल्लेख गर्न ।<br>- शारीरिक व्यायाम गर्न ।<br>- योगासन, ध्यान र प्राणायाम गर्न। | गाउँघर स्वास्थ्य क्लिनिक आदि )।<br>- स्थानीय खेलकुद (स्थानीय खेलहरू कवडी, डोरी नाघी, ice water, बमब्लास्ट , आसपास, गुच्चा ,पिट्टु, चुङ्गी, गट्टी, चट्टी, रुमाल लुकाइ, मुसो बिरालो, भित्र बाहिर, सेभेन अप आदि) को परिचय, महत्त्व र आवश्यकता ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरू(आइटिन झार पत्थरचट्टा आँक भूमिराज चरी अमिलो हर्रो बर्रो अमला बोजो निम सजीवन करीपत्ता सत्यजीवन तुलसी गुर्जो पिप्ला बेसार घिउकुमारी अदुवा पुदिना अमरलता धतुरो गाँजा)को सूची। | टिपोट गर्दै जाने र ती खेलहरू खेल्दा हामीलाई के कस्ता फाइदाहरू हुन्छन् भनी प्रश्न गर्ने र आएका उत्तरहरूका आधारमा शिक्षकले निष्कर्ष दिने ।<br>- कक्षालाई समूहमा विभाजन गरी प्रत्येक समूहलाई कम्तीमा चार/चार ओटा जडीबुटीहरूको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र ठुलो समूहमा स्थानीय स्तरमा पाइने जडीबुटीहरूको सूची बनाउन लगाउने ।<br>- योगको अर्थ विद्यार्थीहरूलाई सोध्ने र शिक्षकले स्पष्ट पार्ने तथा मानव जीवनसँग योगको अकाट्य सम्बन्ध बताई यसको महत्त्व बुझाउने । योगले मानव शरीरमा पार्ने प्रभावलाई चित्र तथा श्रव्यदृष्य सामग्रीबाट प्रष्ट्याउने ।<br>- विभिन्न शारीरिक व्यायामहरूको चित्र हेरेर अभ्यास गर्न लगाउने ।<br>- योगका आसनहरूलाई पुनर्ताजगी गराई भस्त्रिका, कपालभाति, अनुलोम विलोम, भ्रामरी, उज्जयनी प्राणायामबाट प्रशिक्षित गर्ने ।<br>- ध्यानमा बस्दाको आसन बताई मनलाई एकाग्र गर्न अभ्यास गराउने। | - जीवनमा योगको महत्त्व लेख्न लगाउने ।<br>- केही शारीरिक व्यायामहरूको अभ्यास गर्न लगाई अवलोकन गर्ने ।<br>- ध्यान गर्दा हामीले के के कुरामा ध्यान दिनु पर्छ? भन्न र लेख्न लगाउने ।<br>- कुनै दुई ओटा प्राणयामको अभ्यास गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - योगको अर्थ र साधारण महत्त्व। <br>- शारीरिक व्यायाम। <br>- योगासन, ध्यान र प्राणायाम (भस्त्रिका, कपालभाति, अनुलोम विलोम, भ्रामरी ,उज्जयी आदि ) | | | |

१०.६ **कक्षा ६**

| **विषयवस्तु** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | कार्य घण्टा |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय तह | - बाह्रदशी गापाको जनसङ्ख्याको बनावट र वितरणको अवस्था उल्लेख गर्न । <br>- आफ्नो पालिकाभित्र रहेका सरकारी कार्यालयहरूबाट प्राप्त हुने सेवा तथा सुविधाको सामान्य उल्लेख गर्न। <br>- बाह्रदशी गापाको चार किल्ला र वडा छुट्टिने गरी नक्साङ्कन गर्न । <br>- पालिकाभित्रका मुख्य बजार तथा सडक सञ्जालहरू उल्लेख गर्न । | - बाह्रदशी गापाको उमेरगत , लैंङ्गीक, जातीय , धार्मिक आदिका आधारमा जनसङ्ख्या। <br>- आफ्नो पलिकाभित्र रहेका सरकारी कार्यालयहरू (पालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य सेवा, शिक्षण संस्था, सुरक्षा निकाय, कृषि तथा पशु सेवा आदि)को | - इन्टरनेट र अन्य स्रोतको प्रयोग गरी बाह्रदशी गापाको उमेरगत , लैंङ्गीक, जातीय , धार्मिक आदिका आधारमा जनसङ्ख्या विवरण कक्षामा प्रस्तुत गर्ने र छलफल गराई निष्कर्ष बताइदिने । <br>- आफ्नो पालिकाभित्र रहेका सरकारी कार्यालयहरूको नाम र ती कार्यालयहरूले दिने मुख्य सेवाको समूहगत रूपमा छलफल गराउने र तालिका बनाई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने। | - बाह्रदशी गापाको उमेरगत, लैंङ्गीक, जातीय , धार्मिक आदि आधारमा जनसङ्ख्या तालिकामा उल्लेख गर्न लगाउने । <br>- पालिकाभित्र रहेका सरकारी कार्यालयहरूको नाम र ती कार्यालयहरूले दिने मुख्य सेवाको तालिका बनाउन लगाउने। <br>- बाह्रदशी गापाको चार किल्ला र वडा छुट्टिने गरी नक्साङ्कन गर्न लगाउने । | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको महत्त्व उल्लेख गर्न ।<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूले प्रदान गर्ने सेवा सुविधाहरू उल्लेख गर्न ।<br>- बाह्रदशी गापाको नामाकरण र बनावट बारे उल्लेख गर्न । | नाम कार्यालयहरूबाट प्राप्त हुने सेवा तथा सुविधाहरू।<br>- बाह्रदशी गापाको चार किल्ला र वडा छुट्टिने गरी नक्साङ्कन।<br>- पालिकाभित्रका मुख्य बजार तथा सडक सञ्जालहरू।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको नाम तथा महत्त्व ।(साधुपट्टी सिमसार, लक्ष्मीस्थान, गौरीशंकर शिवालय, बाह्रदशी सामुदायिक वन,)<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति (सामुदायिक भवन, पुस्तकालय तथा वाचनालय, पार्क, नहर कुलो सडक बत्ती आदि )तथा संघसंस्थाहरू (रेडक्रस, सहकारी, अपाङगता, ज्येष्ठ नागरिक र महिला, जातीय, | - बाह्रदशी गापाको चार किल्ला, मुख्य बजार तथा सडक सञ्जालहरू र वडा छुट्टिने गरी नक्साङ्कन गर्न लगाउने ।<br>- आफ्नो पालिकाको भ्रमण गरी वा घरपरिवार, छिमेकी तथा शिक्षकलाई सोधी बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, प्राकृतिक स्थल( झिल , कुवा, पोखरी, जङ्गल , नदी आदि ) धार्मिक तथा पर्यटकीय स्थल ( मठ, मन्दिर, गुम्बा, मस्जिद ,चर्च ,भ्यू टावर, पार्क, आदि) हरूको छुट्टाछुट्टै सूची तयार गर्न र तिनको महत्त्व उल्लेख गर्न सामुहिक रूपमा परियोजना कार्य गर्न दिने र प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्तिहरू तथा सार्वजनिक संघसंस्थाहरूको सूची बनाउन लगाई प्रदान गर्ने सेवा सुविधाहरू उल्लेख गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने\|<br>- आफ्नो पालिकाको उत्पत्तिको इतिहास तथा नामाकरण र किंवदन्तीसम्बन्धी जानकारहरूसँग सम्पर्क र समन्वय गरी सूचना तथा विवरण लिई सामान्य इतिहास तयार गर्न लगाउने तथा कक्षामा प्रस्तुत गर्न लगाउने । उक्त कार्य | - पालिकाका मुख्य बजार तथा सडक सञ्जालहरूको विवरण तयार गर्न लगाउने।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, प्राकृतिक स्थल( झिल, कुवा, पोखरी, जङ्गल, नदी आदि) धार्मिक तथा पर्यटकीय स्थल (मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, भ्यू टावर, पार्क, आदि) हरूको छुट्टाछुट्टै सूची तयार गर्न लगाउने।<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्तिहरूको सूची बनाई महत्त्व उल्लेख गर्न लगाउने \|<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक संघसंस्थाहरूको नाम लेखी उक्त संस्थाहरूले प्रदान गर्ने सेवा सुविधाहरू उल्लेख गर्न लगाउने\|<br>- आफ्नो पालिकाको उत्पत्तिको इतिहास तथा नामाकरण र किंवदन्तीसम्बन्धी विवरण उल्लेख गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | धार्मिक संघसंस्थाहरू विभिन्न संगठन र क्लबहरू आदि ) तथा तिनले प्रदान गर्ने सेवा सुविधाहरू ।<br>- बाह्रदशी गापाको नामाकरण, बनावट र सामान्य इतिहास।(साविक राजगढ, चकचकी र डाँगीबारी गाविसहरू/ हाल ७ ओटा वार्डहरू) | समूहगत रूपमा गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने । तयार भएको आलेख प्रकाशनको व्यवस्था विद्यालयले मिलाउने । | | |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - वातावरणको संरक्षणमा वातावरणमैत्री व्यवहार अबलम्बन गर्न।<br>- स्थानीय वातावरण प्रदूषणको रोकथामका उपायहरू उल्लेख गर्न।<br>- स्थानीय फोहोर मैला व्यवस्थापनको परिचय दिन र व्यवस्थापनका तरिका उल्लेख गर्न।<br>- वातावरण संरक्षणमा स्थानीय संघसंस्थाको भूमिका उल्लेख गर्न । | - वातावरणको संरक्षणमा वातावरणमैत्री व्यवहारहरू ।<br>- स्थानीय वातावरण प्रदूषणको रोकथामका उपायहरू ।<br>- स्थानीय फोहोर मैला व्यवस्थापनको परिचय र व्यवस्थापनका तरिका ।<br>- वातावरण संरक्षणमा स्थानीय संघसंस्थाको भूमिका ।<br>- वायु तथा जल प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरू । | - हाम्रो वरपरको वातावरणको संरक्षण गर्न के कस्ता व्यवहारहरू गर्न आवश्यक छ भनी कक्षालाई प्रश्न गर्ने र व्यक्तिगत उत्तरलाई समूहमा र समूहको उत्तर ठुलो समूह(कक्षा) मा मिसाई प्रस्तुत गर्न लगाउने र त्यस्ता वातावरणमैत्री व्यवहारहरू अवलम्बन गर्न अभिप्रेरित गर्ने ।<br>- हाम्रो वरपरको वातावरण प्रदूषणका कारणहरू के के हुनसक्छन् भनी कक्षालाई प्रश्न सोधी आएका उत्तरहरूलाई पाटीमा लेख्ने र रोकथामका उपायहरू समूहगत रूपमा | - वातावरणको संरक्षणमा वातावरणमैत्री व्यवहारहरूको सूची तयार गर्न लगाउने र विद्यार्थीको व्यवहार अवलोकन गरी अभिलेख राख्ने।<br>- स्थानीय वातावरण प्रदूषणको रोकथामका उपायहरूको सूची तयार गर्न लगाउने।<br>- फोहोर मैला व्यवस्थापनका तरिका उल्लेख गर्न लगाउने।<br>- वातावरण संरक्षणमा कुनै दुई स्थानीय संघसंस्थाको भूमिका उल्लेख गर्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - वायु तथा जल प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न । | | छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष दिने ।<br>- फोहोर मैलाका स्रोतहरू के के हुनसक्छन् भनी प्रश्न गर्ने र आएका उत्तरहरू पाटीमा टिप्ने अनि यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>- वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने स्थानीय संघसंस्थाको सूची तयार गर्न लगाई तिनीहरूको भूमिकाबारे समूहलाई लेख्न दिने र प्रस्तुत गर्न लगाउने । छुटेका कुरा शिक्षकले थपिदिने ।<br>- वायु तथा जल प्रदूषणका कारण, असर र न्यूनीकरणका बारेमा समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने र निष्कर्ष बताइदिने ।<br>- स्थानीय जलवायु तथा वातावरण कसरी संरक्षण गर्न सकिन्छ भनी छलफल गराई निष्कर्ष दिने। | - वायु तथा जल प्रदूषणका कारण, असर र न्यूनीकरणका उपायहरू उल्लेख गर्न लगाउने। | |
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको अभ्यास गर्न । | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको अभ्यास । | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको सूची बनाउन लगाउने सहक्रियाकलापको रूपमा तिनीहरूको अभ्यास गर्न लगाउने । | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला आदिको अभ्यासको अवलोकन गर्ने र अभिलेख राख्ने । | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व उल्लेख गर्दै र सम्मान प्रकट गर्न।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान गरी यसको ऐतिहासिक सांस्कृतिक महत्त्व उल्लेख गर्न ।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको पहिचान गरी सम्मान गर्न।<br>- पालिकाभित्र रहेका संस्कृतिको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था आदिको सामान्य गतिविधिसँग परिचित हुन।<br>- आत्मानुशासन र सामाजिक व्यवहारको पालना गर्न।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन,मेलापर्व र जात्राहरूको परिचय दिई महत्त्व उल्लेख गर्न।<br>- | - विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व र सम्मान प्रकट ।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान र ऐतिहासिक सांस्कृतिक महत्त्व।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको पहिचान र सम्मान ।<br>- पालिकाभित्र रहेका संस्कृतिको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था आदिको सामान्य गतिविधि<br>- आत्मानुशासन र सामाजिक व्यवहारको पालना।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय र महत्त्व<br>- स्थानीय स्तरमा मान्ने धर्मअनुसारका रीतिरिवाज (जन्म, | - स्थानीयरूपमा मनाइने चाडपर्वहरूमा गरिने क्रियाकलापहरूको महत्त्वबारे कक्षामा अन्तरक्रिया गराउने र एक अर्काले मनाउने गरेका चाडपर्वहरूलाई सम्मान प्रकट गर्नुपर्छ भन्ने निष्कर्ष दिने।<br>- पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको जानिफकारहरूको सहयोगमा सूची तयार गर्न लगाउने र तिनको ऐतिहासिक सांस्कृतिक महत्त्वबारे समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने ।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरू को को छन् जानिफकारहरूको सहयोगमा पत्ता लगाउने र तिनीहरूको सम्मान गर्नु हाम्रो कर्तव्य हो भन्ने निष्कर्ष दिने ।<br>- पालिकाभित्र रहेका संस्कृतिको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था आदिले गर्ने साँस्कृतिक गतिविधि जानिफकारहरूको मद्दतमा खोजी गर्न परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने । | - स्थानीयरूपमा मनाइने चाडपर्वहरूमा गरिने क्रियाकलापहरूको महत्त्वबारे लेख्न लगाउने र फरक चाडपर्वमा सहभागी हुन लगाउने र अवलोकन गरी अभिलेख राख्ने ।<br>- पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा र तिनको ऐतिहासिक सांस्कृतिक महत्त्व उल्लेख गर्न लगाउने ।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको सम्मान गर्न किन आवश्यक छ लेख्न लगाउने ।<br>- पालिकाभित्र रहेका संस्कृतिको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था आदिको सामान्य गतिविधिहरूका बारेमा सूचना सङ्कलन गर्न लगाई समूहमा प्रतिवेदन तयार गर्न लगाउने ।<br>- आत्मानुशासन र सामाजिक व्यवहारका बारेमा विद्यार्थीहरूले तयार गरेका | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विवाह, मृत्यु संस्कार आदि) र परम्परा।<br>- आफ्नो गाउँघरमा प्रयोग गरिने भेषभूषाको विवरण (पेटानी, बर्हती, गन्जी, छिट, कुर्ता पाइजामा, बुर्का, धोती, गजी आदि) । | - आत्मानुशासन र सामाजिक व्यवहारहरूको विवरण तयार गर्न लगाउने र कक्षामा समूहगत प्रस्तुति पेश गर्न लगाउने ।<br>- स्थानीयस्तरको धर्म तथा तिनका रीतिरिवाज र रहनसहनको चार्ट बनाउन लगाई समूहगत प्रस्तुति गर्न लगाउने ।<br>- स्थानीय क्षेत्रका भाषाका लिपि, लोककथा, लोक साहित्य, लोकबाजा र स्थानीय कलाको बारेमा एक समूहलाई एउटा विषय तोकी खोजी गर्न लगाउने र परिचयसहित लेख्न र प्रस्तुत गर्न लगाउने । उक्त लेखलाई शिक्षकले संयोजन गर्ने र विद्यालयले प्रकाशनको प्रबन्ध मिलाउने। | कुराहरू व्यवहारमा पालना गरे नगरेको अवलोकन गर्नेर अभिलेख राख्ने।<br>- स्थानीयस्तरको धर्म तथा तिनका रीतिरिवाज र रहनसहनको चार्ट बनाउन लगाउने ।<br>- स्थानीय क्षेत्रका मानिसहरूले लगाउने भेषभूषाहरूको विवरण तयार गर्न लगाउने।<br>- स्थानीय क्षेत्रका भाषाका लिपि ,लोककथा, लोक साहित्य, लोकबाजा र स्थानीय कला मध्ये कुनै एकको परिचय दिन लगाउने । | |
| सामाजिक समस्या र समाधान | - आदर्श समाजका विशेषताहरू लेख्न।<br>- सामाजिक समस्या र विकृतिको पहिचान गर्न र समाधानका उपायहरूको खोजी गर्न।<br>- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय संघसंस्थाको भूमिका खोजी गर्न।<br>- परिवार र कक्षाकोठामा हुन सक्ने विवादको पहिचान गरी त्यसको | - आदर्श समाजका विशेषताहरू (परोपकार, भाइचारा, सहयोग, मेलमिलाप, सहभागिता, सहअस्तित्व, सहसम्बन्ध, नराम्रा कुराहरूको अन्त )<br>- सामाजिक समस्या र विकृति (चोरी, डकैती, झैझगडा, दुर्व्यसन, हिंसा, विभेद, हेपाइ, ठगी आदि) को पहिचान गर्न र | - आदर्श समाज प्रस्तुत हुने भिडियो चित्र प्रदर्शन गरी कुन कुन मन पर्छ वा पर्दैन भनी कारण सहित सोध्ने र मन पर्ने चित्र र आदर्श समाजबिच सम्बन्ध जोडी कक्षाभित्र सहजीकरण गर्ने।<br>- आदर्श समाजको परिचय र आवश्यकता उल्लेख भएको चार्ट प्रस्तुत गरी कक्षामा छलफल गराउने। | - आदर्श समाजका कुनै चार ओटा विशेषताहरू लेख्न लगाउने ।<br>- कुनै पाँच ओटा सामाजिक समस्या र विकृतिहरू उल्लेख गर्न लगाउने।<br>- कुनै चार ओटा सामाजिक समस्या र विकृतिहरूका समाधानका उपायहरू उल्लेख गर्न लगाउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | समाधानमा आफ्नो भूमिका प्रस्तुत गर्न।<br>- समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाउन।<br>विद्यालयमा हुने दुर्व्यवहारबाट बच्ने उपायहरू उल्लेख गर्न । | समाधानका उपायहरूको खोजी गर्न।<br>- समुदाय स्तरमा रहेका विकृति र सामाजिक समस्याहरूको पहिचान र समाधानका उपायहरू।<br>- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय संघसंस्थाको भूमिका। (सामाजिक आचरण पालनामा जोड, मेलमिलाप गराउने, न्यायिक निर्णय ,चेतावनी, सामाजिक सचेतता)<br>- परिवार र कक्षाकोठामा हुन सक्ने विवादको पहिचान त्यसको समाधानमा आफ्नो भूमिका ।<br>- समाजमा हुने द्वन्द्वका कारणहरू। (लेनदेन, दुर्व्यसन, हेपाइ, असमानता, भेदभाव, दुर्व्यहार, हिंसा आदि) | - आदर्श समाजका विशेषताको चार्ट बनाई कक्षामा छलफल गर्ने।<br>- भिडियो वा घटना, सन्दर्भ, नीतिकथा, चित्रको माध्यमबाट विभिन्न सामाजिक विकृति र समस्याहरूको सामान्य परिचय दिने र सामाजिक समस्या वा विकृतिहरू समूहगत रूपमा छलफलको माध्यमबाट पहिचान गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले कक्षामा सहजीकरण गर्ने ।<br>- सामाजिक समस्याहरूको समाधानका उपायहरू कक्षामा समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- सामाजिक समस्याहरू के के हुन सक्छन् भनी प्रश्न गर्ने र आएका उत्तरहरू पाटीमा टिप्ने र कुन समस्या कसले समाधान गर्न सक्छन् सोको विवरण तयार गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने।<br>- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय संघसंस्थाको भूमिका खोजी गर्न समूहगत छलफल गर्दा आएका बुँदाहरूलाई टिपोट गरी सहजीकरण गर्ने। | - सामाजिक समस्याहरू र समाधान गर्ने व्यक्ति/संस्थाहरूको विवरण तयार गर्न लगाउने।<br>- परिवार र कक्षाकोठामा हुन सक्ने विवादहरू र तिनको समाधान गर्ने तरिकाहरूको विवरण तयार गर्न लगाउने।<br>- समाजमा हुने कुनै पाँच ओटा द्वन्द्वका कारणहरू उल्लेख गर्न लगाउने।<br>- विद्यालयमा हुने तीन प्रकारका दुर्व्यवहारहरू र त्यसबाट बच्ने उपायहरू उल्लेख गर्न लगाउने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालयमा हुने दुर्व्यवहारहरू (हेपाइ, यौन दुर्व्यवहार, दण्डसजाय) र बच्ने उपायहरू। | - परिवार र कक्षाकोठामा हुन सक्ने विवादहरू सम्बन्धमा विद्यार्थीहरूका अनुभवहरू भन्न लगाउने र विवादहरू के के हुन सक्छन् भनी कक्षामा प्रश्न सोधी व्यक्तिगत उत्तर लिने र त्यसको समाधानमा विद्यार्थीको भूमिका के कस्तो हुन सक्छ भनी छलफल चलाउने। शिक्षकले सहजीकरण गर्ने।<br>- छलफलबाट आएका सुझावहरूको सूची तयार पारी कक्षामा सहजीकरण गर्ने ।<br>- समाजमा हुने द्वन्द्व के के हुन सक्छन् भनी प्रश्नोत्तर गर्ने र बुँदा टिपोट गर्ने । यसरी आएका द्वन्द्वका कारणहरू कक्षाकोठामा खोजी गरी शिक्षकले सहजीकरण गर्ने ।<br>कक्षालाई तीन ओटा समूहमा विभाजन गरी विद्यालयमा हुने दुर्व्यवहारहरू र त्यसबाट बच्ने उपायहरूका बारेमा छलफल गराई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने। | | |
| पेशा, व्यवसाय र प्रविधि | - आफ्नो समुदाय र गाउँपालिकाभित्रका मानिसहरूका काम र पेशा तथा प्रविधि उल्लेख गर्न। | - आफ्नो समुदाय र गाउँपालिकाभित्रका | - आफ्नो समुदाय र गाउँपालिकाभित्रका मानिसहरूका काम, पेशा र प्रविधिबारे समूहगत | - समुदाय र गाउँपालिकाभित्रका मानिसहरूका काम, पेशा र प्रविधिको सूची बनाउन लगाउने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - गाउँपालिकाभित्रका चलनचल्तीमा रहेका विभिन्न पेशाव्यवसायको वर्णन गर्न।<br>- पालिकाभित्र रहेका पर्यटन व्यवसायको विवरण तयार गर्न ।<br>- गाउँपालिकाभित्र उत्पादित वस्तुहरूको पहिचान गरी उपयोग र वितरणको अवस्था पत्ता लगाउन ।<br>- सूचना तथा सञ्चारका प्रविधिको आवश्यकता र प्रभाव प्रस्तुत गर्न ।<br>- आफ्नो वडा र गाउँपालिकाभित्रका सेवाप्रदायक संस्थाहरूले गर्ने कार्य उल्लेख गर्न ।<br>- स्थानीयस्तरका उद्योगहरूका लागि चाहिने कच्चापदार्थ र जनशक्तिको पहिचान गर्न ।<br>- परम्परागत तथा आधुनिक खेतीमा गरिने काममा सहयोग गर्न । | - मानिसहरूका काम, पेशा र प्रविधि।<br>- गाउँपालिकाभित्रका चलनचल्तीमा रहेका पेशाव्यवसायहरू । (माटाका भाँडा बनाउने, माछा मार्ने, नदी तार्ने, फलामका औजारहरू बनाउने, छालाका सामान बनाउने, परम्परागत तेल पेल्ने, भक्का, मुरही बनाउने गारो र काठको काम गर्ने, डोको नाम्लो, ढाकी, झल्ला, कुचो, दुनाटपरी बनाउने आदि) ।<br>- पालिकाभित्र रहेका पर्यटन व्यवसायको विवरण ।<br>- गाउँपालिकाभित्र उत्पादित वस्तुहरूको पहिचान गरी उपयोग र वितरणको अवस्था । जस्तै.....मकै, धान, गहुँ, तोरी, सुपारी, नरिवल, केरा..<br>- सूचना सञ्चारका प्रविधिको आवश्यकता र प्रभाव । | रूपमा छलफल गराई टोलीनेताहरूलाई प्रस्तुत गर्न लगाउने ।<br>- गाउँपालिकाभित्रका मानिसहरूका चलनचल्तीमा रहेका परम्परागत पेशा जस्तै माटाका भाँडा बनाउने, माछा मार्ने, नदी तार्ने, फलामका औजारहरू बनाउने, छालाका सामान बनाउने, भक्का, मुरही बनाउने, गारो र काठको काम गर्ने, डोको, नाम्लो, ढाकी, झल्ला, कुचो बनाउने आदि परम्परागत पेशा, व्यवसायबारे कक्षामा समूह बनाई छलफल गर्न लगाउने र प्रस्तुत गर्न लगाउने ।<br>- गाउँपालिकाभित्र रहेका पर्यटन स्थलहरूको खोजी गर्न परियोजना कार्य दिने ।<br>- कक्षालाई समूहमा विभाजन गरी आफ्नो गाउँपालिकाभित्र उत्पादन हुने वस्तुहरूको विवरण तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>- सूचना तथा सञ्चार प्रविधिको आवश्यकताबारे कक्षामा छलफल गराई निष्कर्ष दिने।<br>- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले दैनिक जीवनमा पारेको प्रभावबारे छलफल गराउने ।<br>- आफ्ना वडा र गा.पा. भित्र रहेका सेवाप्रदायक संस्थाहरूको नाम र तिनले गर्ने कार्यबारे | - गाउँपालिकाभित्रका मानिसहरूले गर्ने पेशा व्यवसायको नाम लेखी तिनको वर्णन गर्न लगाउने ।<br>- आफ्नो गाउँपालिकाभित्र रहेका पर्यटन स्थलहरूको विवरण तयार गर्न लगाउने।<br>- गाउँपालिकाभित्र उत्पादन हुन वस्तुहरूको सूची तयार गर्न लगाउने ।<br>- सूचना तथा सञ्चार प्रविधिको महत्त्व तथा प्रभाव बुँदागत रूपमा उल्लेख गर्न लगाउने ।<br>- वडा र गा.पा. भित्र रहेका सेवाप्रदायक संस्थाहरूले के के काम गर्दछन् ? भनी उल्लेख गर्न लगाउने ।<br>- विद्यार्थीहरूले गरेका उद्योगका लागि चाहिने कच्चा पदार्थको परियोजना कार्यको प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>- परम्परागत र आधुनिक खेतीका काममा कसरी सहयोग गर्न सकिन्छ, उल्लेख गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - आफ्नो वडा र गा.पा.भित्र रहेका सेवाप्रदायक संथाहरूले गर्ने कार्यहरू ।<br>- स्थानीय उद्योगका लागि चाहिने कच्चा पदार्थ र जनशक्ति ।जस्तै<br>- परम्परागत र आधुनिक खेतीमा गरिने काम । (परम्परागत- माटाका भाँडा बनाउने माछा मार्ने, नदी तार्ने, फलामका औजारहरू बनाउने, छालाका सामान बनाउने, भक्का, मुरही बनाउने, गारो र काठको काम गर्ने, डोको, नाम्लो, ढाकी, झल्ला, कुचो, दुना, टपरी बनाउने आदि तथा आधुनिक व्यावसायिक कृषि, पशुपन्छि, माछा, दुग्ध, फलफूल साथै घरेलु उद्योग, व्यापार, नोकरी आदि) । | वैयक्तिक परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने।<br>- स्थानीय उद्योगका लागि चाहिने कच्चा पदार्थ खोजी गर्न समूहगत परियोजना कार्य गर्न लगाउने र प्राप्त जनशक्तिका बारेमा छलफल गराउने ।<br>- परम्परागत र आधुनिक खेतीका काममा पुऱ्याएको सहयोगको विवरण प्रस्तुत गर्न लगाई थप के कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा छलफल गराउने । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय विपद्‌हरू र व्यवस्थापन | - विपद् जोखिम न्यूनीकरण, विपद् पुनर्लाभ, विपद् प्रतिकार्य, विपद् व्यवस्थापन जस्ता शब्दावलीको परिभाषा दिन।<br>- विद्यालयमा रहेको विपद् व्यवस्थापन समितिको संरचना, काम कर्तव्य र अधिकार उल्लेख गर्न ।<br>- विपद् व्यवस्थापनमा भूमिका खेल्ने स्थानीय सरकारी तथा गैर सरकारी निकायको नाम बताउन र तिनीहरूले खेल्ने भूमिका उल्लेख गर्न ।<br>- विपद् आउँदा गरिने प्रतिकार्यको नमुना अभ्यास गर्न ।<br>- बाढीमा डुबेको मानिसको प्राथमिक उपचार पद्धतिद्वारा उपचार गर्ने सामान्य विधि प्रदर्शन गर्न ।<br>- हुरीबतासको विपद् जोखिम न्यूनीकरणका लागि अपनाउनुपर्ने उपायहरू उल्लेख गर्न। | - विपद् जोखिम न्यूनीकरण, विपद् पुनर्लाभ, विपद् प्रतिकार्य, विपद् व्यवस्थापन जस्ता शब्दावलीको परिभाषा।<br>- विद्यालयमा रहेको विपद् व्यवस्थापन समितिको संरचना , काम कर्तव्य र अधिकार ।<br>- विपद् व्यवस्थापनमा भूमिका खेल्ने स्थानीय सरकारी निकाय (विद्यालय, स्वास्थ्य संस्था, प्रहरी कार्यालय, वडा कार्यालय, गाउँपालिका आदि ) तथा गैर सरकारी निकाय ( रेडक्रस , उद्योग बाणिज्य संघ, स्काउट, जेसिस, सहकारी, रोटरी क्लब आदि) को नाम र तिनीहरूले खेल्ने भूमिका ।<br>- बाढी आउँदा गरिने प्रतिकार्यको नमुना अभ्यास ।<br>- बाढीमा डुबेको मानिसको प्राथमिक उपचार पद्धतिद्वारा | - विपद् जोखिम न्यूनीकरण, विपद् पुनर्लाभ, विपद् प्रतिकार्य, विपद् व्यवस्थापन जस्ता शब्दावलीको अर्थयुक्त चार्ट देखाई टिपोट गर्न लगाउने<br>- विद्यार्थीको समूह बनाई विद्यालयमा रहेको विपद् व्यवस्थापन समितिको संरचना, काम कर्तव्य र अधिकारबारे विद्यालयको सूचना अधिकारीमार्फत जानकारी प्राप्त गर्न लगाउने -विपद् पश्चातको व्यवस्थापन गर्न भूमिका खेल्ने सरकारी निकाय र गैर सरकारी निकायको नाम र भूमिका सहजीकरण गर्न ग्राफिटी विधिको प्रयोग गर्ने ।<br>- बाढी आउँदा गर्नुपर्ने विपद् प्रतिकार्यको नमुना अभ्यास गराउने ।<br>- बाढीमा डुबेको मानिसको प्राथमिक उपचार पद्धतिद्वारा उपचार गर्ने सामान्य विधि शिक्षकले प्रदर्शन गर्ने र विद्यार्थीलाई नमुना अभ्यास गर्न लगाउने ।<br>- हुरी बतासको विपद् जोखिम न्यूनीकरणका लागि अपनाउनु पर्ने उपायहरू समावेश गरिएको भिडियो देखाई विद्यार्थीलाई समूहमा विभाजन | - विपद् जोखिम न्यूनीकरण, विपद् पुनर्लाभ, विपद् प्रतिकार्य, विपद् व्यवस्थापन जस्ता शब्दावलीको परिभाषा लेख्न लगाउने ।<br>परियोजना कार्य : सूचना अधिकारी सँग अन्तर्वार्ता लिएर विद्यालयमा रहेको विपद् व्यवस्थापन समितिको संरचना, काम कर्तव्य र अधिकारको बारेमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>- विपद् व्यवस्थापनमा भूमिका खेल्ने स्थानीय सरकारी तथा गैर सरकारी निकायको नाम बताउन र तिनीहरूले खेल्ने भूमिका लेख्न लगाउने ।<br>- विपद् आउँदा गरिने प्रतिकार्यको नमुना अभ्यासमा विद्यार्थीको सहभागिता, सिपको प्रदर्शनको अभिलेखीकरण गरी अङ्कन गर्ने<br>- बाढीमा डुबेको मानिसको प्राथमिक उपचार पद्धतिद्वारा उपचार गर्ने विधिको प्रदर्शन गरे बापत प्रयोगात्मक कार्य बापतको अङ्क प्रदान गर्ने ।<br>- गाउँघरमा हुरीबतासको विपद् जोखिम न्यूनीकरणका गरिएका प्रयासहरू | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपचार गर्ने सामान्य विधि प्रदर्शन ।<br>- हुरीबतासको विपद् जोखिम न्यूनीकरणका लागि अपनाउनुपर्ने उपायहरू । | गरी टिपोट गर्न लगाउने र प्रस्तुत गर्न लगाउने । | गाउँघरका अग्रज व्यक्तिहरूलाई सोधेर टिपोट गरी ल्याउन लगाउने । | |
| योग, स्वास्थ्य तथा खेलकुद | - अर्ग्यानिक खेती र विषादीरहित भान्साका लागि अपनाउने तरिकाहरू उल्लेख गर्न ।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाका बारेमा उल्लेख गर्न ।<br>- विद्यालयमा हुने स्थानीय खेलकुदमा अभ्यास गर्न ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको महत्त्व उल्लेख गर्न ।<br>- क्रमागतरूपमा स्थुल र सूक्ष्म व्यायामहरू गर्न।<br>- उठेर, बसेर र सुतेर गरिने आसनहरूको अभ्यास गर्न।<br>- ध्यान र प्राणायामको अभ्यास गर्न। | - अर्ग्यानिक खेती र विषादीरहित भान्साका लागि अपनाउने तरिकाहरू ।(कम्पोस्ट मल तथा जैविक विषादीको प्रयोग)<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाहरू (स्वास्थ्य केन्द्र , बर्थिङ सेन्टर, खोपकेन्द्र, स्वास्थ्य चौकी, अस्पताल, आयुर्वेधिक औषधालय, गाउँघर स्वास्थ्य क्लिनिक आदिबाट नियमित स्वास्थ्य परीक्षण रगत खकार दिसापिसाब परीक्षण मातृ तथा शिशुसेवा, सुत्केरी गराउने खोप लगाउने स्वास्थ्य परामर्श, | - अर्ग्यानिक खेती र विषादीरहित भान्सा भनेको के हो भनी सामुहिक प्रश्न गरी व्यक्तिगत उत्तर लिने र उत्तरलाई पाटीमा टिपोट गर्ने र निष्कर्ष बताइदिने ।<br>- करेसा बारी तथा खेतीमा लगाइने तरकारी फलफूल र अन्नबाली लगाउँदा प्रयोग गरिने मल, बिउ तथा विषादीका बारेमा समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले प्रस्ट पारिदिने ।<br>- अर्ग्यानिक खेती र विषादीरहित भान्साका लागि अपनाउने तरिकाहरूका बारेमा समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष दिने ।<br>- आफू वा आफन्तहरूलाई स्वास्थ्य सेवाका लागि स्वास्थ्य प्रदायक संस्थामा लिएर गएको अनुभव सुनाउन लगाई त्यहाँबाट प्राप्त सेवाहरू बारेमा | - अर्ग्यानिक खेती र विषादीरहित भान्साका लागि अपाइने तरिकाहरू उल्लेख गर्न लगाउने।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाका बारेमा उल्लेख गर्न लगाउने।<br>- विद्यार्थीहरूले गरेका विभिन्न स्थानीय खेलकुदहरूको अवलोकन गरी अभिलेख राख्ने।<br>- स्थानीय स्तरमा पाइने कुनै पाँच ओटा जडीबुटीहरूका नाम र काम उल्लेख गर्न लगाउने ।<br>- पाँच/पाँच स्थुल र सूक्ष्म शारीरिक व्यायामहरू गर्न लगाउने र अवलोकन गर्ने। | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्वास्थ्य शिक्षा आदि सेवाहरू)।<br>- विद्यालयमा हुने स्थानीय खेलकुदमा अभ्यास ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरू(आइटिन झार, पत्थरचट्टा, आँक, भूमिराज, चरी अमिलो, हर्रो, बर्रो, अमला, बोजो, निम, सजीवन, करीपत्ता, सत्यजीवन, तुलसी, गुर्जो, पिप्ला, बेसार, घिउकुमारी, अदुवा, पुदिना, अमरलता, धतुरो, गाँजा)को महत्त्व।<br>- क्रमागत स्थुल र सूक्ष्म व्यायामहरू (हात, खुट्टा, घुँडा, औँला, घाँटी, गर्दन, कम्मर, आँखा, टाउकाको सूक्ष्म व्यायाम)।<br>- उठेर, बसेर र सुतेर गरिने आसनहरू (सुखासन, पद्मासन, | समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने र निष्कर्ष बताइदिने ।<br>- विद्यालयमा हुने गरेका विभिन्न स्थानीय खेलकुदहरूमा बढी भन्दा बढी अभ्यास गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- के कस्ता बिमारी हुँदा गाउँघरमा पाइने जडीबुटीहरू प्रयोग गर्ने गरिएको छ कक्षामा प्रश्न गरी समूहगत रूपमा उत्तर लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले जडीबुटीको महत्त्व सम्बन्धमा शिक्षकले सहजीकरण गर्ने ।<br>- हात, खुट्टा, घुँडा, औँला, घाँटी, गर्दन, कम्मर, आँखा, टाउकाको स्थूल र सूक्ष्म व्यायाम प्रविधिमार्फत गर्न लगाउने ।<br>- सुखासन, पद्मासन, ध्यानमुद्रासन, योगमुद्रासन, गौमुखासन, पवनमूक्तासन, अर्धपादवृत्तासन, उत्तानपादासन, नौकासन, मण्डुकासनमा बस्न लगाउने। नजानेको खण्डमा चित्र तथा प्रविधिको प्रयोग गरेर पुनर्ताजगी गराउने ।<br>- ध्यान मुद्रामा बसाएर ध्यानको अभ्यास गराउने। | - ६ वटा आसनको नाम भनेर गर्न लगाउने।<br>- ध्यान र योग मुद्रामा बसी बाह्य प्राणायाम, कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार गरेर देखाउन लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ध्यानमुद्रासन, योगमुद्रासन, गौमुखासन, पवनमूक्तासन, अर्धपादवृत्तासन, उत्तानपादासन, नौकासन, मण्डुकासनमा) को अभ्यास ।<br>- ध्यान र प्राणायाम (कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार) को अभ्यास। | - बाह्य प्राणायाम, कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार आदि शिक्षकले गरेर वा प्रविधिको प्रयोग गरेर अभ्यास गराउने।<br>- | | |

१०.७ **कक्षा ७**

| **विषयवस्तु** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | **कार्य घण्टा** |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय तह | - बाह्रदशी गापाको भौगोलिक अवस्था र हावापानी उल्लेख गर्न।<br>- स्थानीय स्वास्थ्य तथा शैक्षिक संस्थाहरूको विवरण तयार गर्न र त्यहाँबाट प्रदान गर्ने सेवा तथा सुविधाहरू उल्लेख गर्न ।<br>- बाह्रदशी गापाको नक्साङ्कन गरी महत्त्वपूर्ण स्थानहरू देखाउन। | - बाह्रदशी गापाको भौगोलिक अवस्था, अवस्थिति (भौगौलिक स्वरूप , पालिकाको अवस्थिति अक्षाङ्श देशान्तर जिल्ला प्रदेश तथा सिमाना आदि) र हावापानी (उष्ण, अर्धोष्ण, मन्सून, मौसम, ऋतु परिवर्तन आदि)। | - बाह्रदशी गापाको भौगोलिक अवस्था, अवस्थिति र हावापानी आदिको बारेमा कक्षामा छलफल र अन्तर्क्रिया गरी समूहगत रूपमा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गरिदिने ।<br>- क्षेत्र भ्रमण गरी स्थानीय स्वास्थ्य-संस्था जस्तै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र, सामुदायिक अस्पताल, क्लिनिक शिक्षणसंस्थाहरू आदिको विवरण तयार गर्न लगाई त्यहाँबाट प्रदान | - बाह्रदशी गापाको भौगोलिक अवस्था, अवस्थिति, हावापानी, मौसम, ऋतु परिवर्तन आदि उल्लेख गर्न लगाउने।<br>- स्थानीय स्वास्थ्य-संस्था जस्तै स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र, सामुदायिक अस्पताल, क्लिनिक | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - बाह्रदशी गापाका विकास आयोजनाहरूको सूची तयार गर्न ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणको उपायहरू उल्लेख गर्न ।<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूको संरक्षणमा पालिकाको भूमिका उल्लेख गर्न ।<br>- बाह्रदशी गापाको ऐतिहासिक पृष्ठभूमि खोजी गर्न। | - स्थानीय स्वास्थ्य संस्था जस्तै स्वास्थ्य चौकी , सामुदायिक स्वास्थ्य केन्द्र, सामुदायिक अस्पताल, क्लिनिक आदि शिक्षणसंस्थाहरूको विवरण र त्यहाँबाट प्रदान गर्ने सेवा तथा सुविधाहरू \|<br>- बाह्रदशी गापाको नक्साङ्कन र महत्त्वपूर्ण स्थानहरू।<br>- बाह्रदशी गापाका विकास आयोजनाहरूको विवरण ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरू (सिमसार, पार्क) को संरक्षणका उपायहरू ।<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूको संरक्षणमा पालिकाको भूमिका । | गर्ने सेवा तथा सुविधाहरूका बारेमा समूहगत प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- समूहमा स्थानीय तहमा रहेका शैक्षिक संस्थाहरूको विवरण तयार गरी र त्यहाँबाट प्रदान गर्ने सेवा तथा सुविधाहरू उल्लेख गर्ने ।<br>- बाह्रदशी गापाका महत्त्वपूर्ण स्थानहरू कक्षागतरूपमा छलफल गरी निर्क्योल गर्ने र उक्त स्थानहरू नक्सामा देखाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- विकास भनेको के हो ? हाम्रो आसपासमा के कस्ता विकासका कामहरू भएका छन् जस्ता प्रश्न गरी कक्षामा छलफल चलाउने र निष्कर्ष दिने वा आयोजना अवलोकनको लागि लघु भ्रमणमा लैजाने र आफ्नो पालिकाका मुख्य विकास आयोजनाहरूको प्रतिवेदन समूहगत रूपमा तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- कक्षालाई समूहमा विभाजन गरी बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको विवरण तयार गर्न र संरक्षणको उपायहरू उल्लेख गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने । | शिक्षणसंस्थाहरू आदिको विवरण तयार पारी त्यहाँबाट प्रदान गर्ने सेवा तथा सुविधाहरू उल्लेख गर्न लगाउने \|<br>- बाह्रदशी गापाको नक्सामा महत्त्वपूर्ण स्थानहरू उल्लेख गर्न लगाउने ।<br>- बाह्रदशी गापाका विकास आयोजनाहरूको सूची तयार गर्न लगाउने ।<br>- समूहमा बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणको उपायहरू उल्लेख गर्न लगाउने।<br>- बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूको संरक्षणमा पालिकाको भूमिका उल्लेख गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - बाह्रदशी गापाको ऐतिहासिक पृष्ठभूमि सम्बन्धी आलेखहरू । | - बाह्रदशी गापाभित्र रहेका सार्वजनिक सम्पत्ति तथा संघसंस्थाहरूको संरक्षणमा पालिकाको भूमिका सम्बन्धमा सहक्रियाकलापको रूपमा वक्तृत्वकला, निबन्ध लेखन, आदि गराउने ।<br>- बाह्रदशी गापाको ऐतिहासिक पृष्ठभूमि बारेमा जानकार व्यक्तिहरूसँग अन्तर्वार्ता लिई खोजी गर्ने र प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । शिक्षकले सहजीकरण गर्ने र तयार भएको आलेख प्रकाशनको व्यवस्था विद्यालयले मिलाउने । | - बाह्रदशी गापाको ऐतिहासिक पृष्ठभूमि खोजी गर्न व्यक्तिगत परियोजना कार्य गराई प्रतिवेदन तयार गर्न लगाउने । | |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - प्राकृतिक स्रोतको परिचय दिन, महत्व वताउन र वर्गीकरण गर्न।<br>- जलस्रोत, जलाधार र सिमसारको परिचय दिन।<br>- प्राकृतिक स्रोतको विनासको कारण उल्लेख गर्न।<br>- माटो तथा ध्वनि प्रदूषणका कारण असर र रोकथामका उपायहरू उल्लेख गर्न ।<br>- फोहोर मैलाको अव्यवस्थाका कारणबाट उत्पन्न हुने समस्याहरू उल्लेख गर्न । | - प्राकृतिक स्रोतको परिचय, महत्व र वर्गीकरण ।<br>- जलस्रोत, जलाधार र सिमसारको परिचय ।<br>- प्राकृतिक स्रोतको विनासको कारण ।<br>- माटो तथा ध्वनि प्रदूषणका कारण असर र रोकथामका उपायहरू । | - कक्षालाई प्राकृतिक स्रोतहरूको सूची तयार गर्न लगाउने र सबैलाई प्राकृतिक स्रोतको परिचयको ३० भन्दा बढी शब्दमा परिचय लेख्न लगाउने र प्राकृतिक स्रोतको वर्गीकरण गर्न शिक्षकले विद्यार्थीलाई सहयोग गर्ने र समूहगत रूपमा प्राकृतिक स्रोतको महत्त्वमा छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>- जलस्रोत, जलाधार र सिमसार भनेको के हो भन्ने समूहमा प्रश्न गरी व्यक्तिगत उत्तर लिएर पाटीमा टिपोट गर्ने र शिक्षकले तीन ओटै कुराको छुट्टाछुट्टै चार्ट वा प्रविधिको प्रयोग गरी प्रष्ट गरिदिने । | - प्राकृतिक स्रोतको परिचय ५० शब्दमा नबढाई लेख्न लगाउने । प्राकृतिक स्रोतको वर्गीकरण गर्न लगाउने।<br>- प्राकृतिक स्रोतको, महत्व उल्लेख गर्न लगाउने ।<br>- जलस्रोत, जलाधार र सिमसारको छोटो परिचय लेख्न लगाउने ।<br>- प्राकृतिक स्रोतको विनासको कुनै पाँच ओटा कारणहरू लेख्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - फोहोर मैलाको अव्यवस्थाका कारणबाट उत्पन्न हुने समस्याहरू । | - प्राकृतिक स्रोतको विनासको कारण के के हुनसक्छन् भन्ने प्रश्न गरी समूहगत छलफल गरेर प्रतिवेदन प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने।<br>- कक्षालाई तीन समूहमा विभाजन गरी माटो तथा ध्वनि प्रदूषण हुनका कारण असर र रोकथामका उपायहरू बारे छलफल गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने।<br>- फोहोरमैलाको व्यवस्थापन हुन नसक्ता के कस्ता समस्याहरू उत्पन्न हुनसक्छन् समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने । | - माटो तथा ध्वनि प्रदूषणका कारण असर र रोकथामका उपायहरू उल्लेख गर्न लगाउने ।<br>- फोहोरमैलाको व्यवस्थापन हुन नसक्दा उत्पन्न हुने समस्याहरू लेख्न लगाउने। | |
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि आदिको संरक्षण र संवर्धनमा स्थानीय तह तथा संघसंस्थाको भूमिका उल्लेख गर्न ।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान गरी यसको ऐतिहासिक सांस्कृतिक महत्त्व र संरक्षणका उपायहरू उल्लेख गर्न । | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि आदिको संरक्षण र संवर्धनमा स्थानीय तह तथा संघसंस्थाको भूमिका ।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा, यसको ऐतिहासिक सांस्कृतिक महत्त्व र संरक्षणका उपायहरू । | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि आदिको संरक्षण र संवर्धनमा स्थानीय तह तथा संघसंस्थाको के कस्तो भूमिका रहेको छ भन्ने विषयमा तत् तत् क्षेत्रमा क्षेत्र भ्रमण गराई कक्षामा प्रतिवेदन पेश गर्न लगाउने र निष्कर्ष भनिदिने ।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदाहरू कहाँ र कुन कुन छन् विवरण तयारगर्न लगाउने र तिनीहरूको ऐतिहासिक सांस्कृतिक महत्त्व र संरक्षणका | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि आदिको संरक्षण र संवर्धनमा स्थानीय तह तथा संघसंस्थाको भूमिका उल्लेख गर्न लगाउने ।<br>- आफ्ना पालिकाभित्र रहेका विभिन्न सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान गर्न लगाउने | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन,मेलापर्व र जात्राहरूमा सहभागी हुन ।<br>- हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरूसँग परिचित भई सोअनुरूप व्यवहार गर्न।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसङ्ख्यक आदि व्यक्तिहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन।<br>- चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिका खोजी गर्न र सहभागी हुन।<br>- मानवमूल्य आत्मसात् गरी मानव सेवाको भावना जागृत गर्न। | - स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन,मेलापर्व र जात्राहरूमा सहभागिता ।<br>- हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरू र सोअनुरूप व्यवहार ।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसङ्ख्यक आदि व्यक्तिहरूको खोजी, सम्मान र उनीहरूको कामबाट प्रेरणा ।<br>- चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिका र सहभागिता।<br>- मानवमूल्य आत्मसात् गरी मानव सेवाको भावना जागृत गर्न। | उपायहरूका बारेमा कक्षालाई तीन समूहमा विभाजन गरी छलफल गराउने र प्रस्तुत गर्न लगाउने अनि निष्कर्ष दिने ।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको प्रविधिका माध्यमबाट परिचित गराउने र ती कुराहरू मध्ये को को कुन कुन कुरामा सहभागी भएको अनुभव छ कक्षामा सुनाउन लगाउने र यी सबै हाम्रा पहिचान हुन् र यिनमा सहभागी हुनुपर्छ भन्ने निष्कर्ष दिने ।<br>- हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरू के के हुन् भनी प्रश्न सोध्ने र पाटीमा टिप्दैजाने र सोअनुरूप व्यवहार गरेका छौं भने अनुभव आदानप्रदान गर्न लगाउने।<br>- जानिफकारहरूको मद्दतले प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसङ्ख्यक आदि व्यक्तिहरूको खोजी गर्न लगाउने र तिनीहरूको सम्मान किन आवश्यक छ साथै उनीहरूको कामबाट कसरी प्रेरणा लिन सकिन्छ भन्ने बारेमा समूहगत छलफल गरी प्रस्तुत गर्न लगाई निष्कर्ष दिने।<br>- चरित्र निर्माण भनेको के हो र चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिका के कस्तो | - ती सम्पदाहरूको ऐतिहासिक सांस्कृतिक महत्त्व र संरक्षणका उपायहरू उल्लेख गर्न लगाउने ।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन,मेलापर्व र जात्राहरूमा सहभागी हुन लगाउने र अवलोकन गर्ने।<br>- हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरूको सूची तयार गर्न लगाउने । ती मध्ये कुन कुराको पालना गरिएको छ उल्लेख गर्न लगाउने ।<br>- प्रेरणादायी व्यक्तिहरूको सम्मान र प्रेरणाका बारेमा ५० शब्दमा नबढाई लेख लेख्न लगाउने।<br>- चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाहरूको के कस्तो भूमिका हुनसक्छ उल्लेख गर्न लगाउने ।<br>- मानवमूल्य र मानव सेवाको भावना सम्बन्धमा १५० शब्दमा निबन्ध तयार गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रहेको छ वा हुनसक्छ भनी कक्षामा छलफल चलाउने निष्कर्ष निकाल्ने र त्यस्ता कार्यमा सहभागी हुन अभिप्रेरित गर्ने।<br>- मानवमूल्यका बारेमा प्रविधिमार्फत जानकारी गराउने र सोसँग आत्मसात् गर्न र मानव सेवाको भावना जागृत गर्न विभिन्न नैतिक कथाहरूको माध्यमबाट अभिप्रेरित गर्ने। | | |
| सामाजिक समस्या र समाधान | - आदर्श समाज र विकृत समाजका विशेषताहरूको सूची बनाउन।<br>- सामाजिक समस्या र विकृतिका कारण र असरप्रति सचेत भई समाधानका उपायहरू अवलम्वन गर्न।<br>- सामाजिक समस्या समाधानमा खेल्न सक्ने भूमिका खोजी गर्न।<br>- द्वन्द्व र त्यसको व्यवस्थापनमा आफ्नो भूमिका निर्वाह गर्न।<br>- अपाङ्गतामैत्री तथा समावेशी व्यवहार प्रदर्शन गर्न।<br>बाल दुर्व्यवहारबाट बच्न बालक्लबले खेल्ने भूमिका उल्लेख गर्न । | - आदर्श समाज(परोपकार, भाइचारा, सहयोग , मेलमिलाप, सहभागिता, सहअस्तित्व, सहसम्बन्ध, नराम्रा कुराहरूको अन्त आदि ) र विकृत समाज (चोरीडकैती,झैझगडा, दुर्व्यसन,हिंसा,विभेद, हेपाइ, ठगी आदि)का विशेषताहरू ।<br>- सामाजिक समस्या र विकृतिका कारण, (परम्परागत सोच, वर्ग विभेद, अशिक्षा, चेतनाको कमी, सामन्ती संस्कार आदि) असर (द्वन्द्व, झगडा, बेमेल, दुश्मनी, सामाजिक सद्भावमा खलल, | - प्रविधिको माध्यमबाट आदर्श समाज झल्कने भिडियो/चित्र प्रदर्शन गर्ने र आदर्श समाजका विशेषताहरूबिच सम्बन्ध जोडी कक्षाभित्र सहजीकरण गर्ने।<br>- प्रविधिको माध्यमबाट विकृत समाज झल्कने भिडियो/चित्र प्रदर्शन गर्ने र विकृत समाजका विशेषताहरू छलफलको माध्यमबाट पहिचान गराउने दुवैबिच सम्बन्ध स्थापना गर्न लगाउने र सहजीकरण गर्ने।<br>- भिडियो वा चित्रको माध्यमबाट विभिन्न सामाजिक विकृति र समस्याहरूको सामान्य परिचय दिई र सामाजिक समस्या र विकृतिहरू पहिचान गर्न लगाई शिक्षकले कक्षामा सहजीकरण गर्ने ।<br>- सामाजिक समस्याका कारणहरू कक्षामा छलफल गरी टिपोट गर्ने, त्यसका असरहरू र | - आदर्श समाज र विकृत समाजका विशेषताहरू उल्लेख गर्न लगाउने।<br>- सामाजिक समस्याका कारणहरू लेख्न लगाउने ।<br>- सामाजिक समस्याका असर र समाधानका उपायहरूबारे उल्लेख गर्न लगाउने ।<br>- सामाजिक समस्या समाधानमा विद्यालय र संघसंस्थाको भूमिका उल्लेख गर्न लगाउने।<br>- छरछिमेकी र विद्यालयमा हुन सक्ने विवादको पहिचान र त्यसको समाधानमा विद्यार्थीको भूमिका उल्लेख गर्न लगाउने। | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उन्नति वा विकासमा अवरोध आदि) र समाधानका उपायहरू(सत्य, शान्ति, प्रेम , अहिंसा, क्षमा, समझदारी, सद्भाव,मित्रता आदि)।<br>- सामाजिक समस्या समाधानमा विद्यालय र संघसंस्थाको भूमिका ।(सचेतना अभियान- सडक नाटक, र्याली प्रशिक्षण छलफल, लोकगीत, माइकिङ् , पोस्टर, सामाजिक सञ्जालको प्रयोग, मेलमिलाप आदि )।<br>- छरछिमेकी र विद्यालयमा हुन सक्ने विवादको पहिचान र त्यसको समाधानमा विद्यार्थीको भूमिका।<br>- अपाङ्गतामैत्री तथा समावेशी व्यवहारहरू (सम्मान, सहयोग, समभाव प्रकट, समानुभूति व्यवहार गर्ने) । | समाधानका उपायहरूका बारे समूहगत रूपमा छलफल गराउने र प्रस्तुत गर्न लगाई शिक्षकले निष्कर्ष दिने ।<br>- सामाजिक समस्या समाधानमा विद्यालय र संघसंस्थाको भूमिका खोजी गर्न नाम र काम समूहगत छलफल गर्ने र शिक्षकले सहजीकरण गर्ने<br>- सामाजिक समस्या समाधानमा विद्यालय र संघसंस्थाको भूमिका खोजी गर्न समूहगत छलफल गर्दा आएका बुँदाहरूलाई टिपोट गरी सहजीकरण गर्ने।<br>- छरछिमेकी र विद्यालयमा हुन सक्ने द्वन्द्वहरू के के हुन सक्छन् भनी व्यक्तिगत उत्तर लिई त्यसको समाधानमा विद्यार्थीको भूमिका के कस्तो हुन सक्छ भनी छलफल गराउने र छलफलबाट आएका सुझावहरूको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- अपाङ्गतामैत्री तथा समावेशी व्यवहारहरू के के हुन सक्छन् भनी कक्षामा प्रश्न गर्ने र आएका उत्तरहरू पाटीमा टिपोट गर्ने यसरी आएका अपाङ्गतामैत्री तथा समावेशी व्यवहारहरू कक्षामा | - कुनै पाँच अपाङ्गतामैत्री तथा समावेशी व्यवहारहरू उल्लेख गर्न लगाउने ।<br>विद्यालय तथा समुदायमा हुने बाल दुर्व्यवहारबाट बच्न बालक्लबले खेल्ने भूमिका उल्लेख गर्न लगाउने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालय तथा समुदायमा हुने बाल दुर्व्यवहारबाट बच्न बालक्लबले खेल्ने भूमिका । | समूहगत रूपमा छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- विद्यालय तथा समुदायमा हुने बाल दुर्व्यवहरू के के हुन सक्छन् भनी प्रश्नोत्तर गर्ने र प्राप्त भएका उत्तरहरू पाटीमा टिपोट गर्ने। यसरी आएका दुर्व्यवहारहरूबाट बच्न बालक्लबले के कस्तो भूमिका खेल्न सक्छ भनी समूहगत रूपमा छलफल गर्न र कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने। | | |
| पेशा, व्यवसाय र प्रविधि | - गाउँपालिकाभित्रका परम्परागत तथा आधुनिक पेशाका अवसरको परिचय दिन।<br>- विभिन्न पेशा र व्यवसायको परिचय दिदै यसका आधारभूत सिपको विवरण तयार गर्न।<br>- उत्पादक र उपभोक्ताको परिचय अन्तरसम्बन्धका साथै दुवै पक्षले ध्यान दिनुपर्ने कुराहरूको विवरण तयार गर्न। | - आफ्नो गाउँपालिकाभित्रका परम्परागत तथा आधुनिक पेशाका अवसरहरू ।(परम्परागत-माटाका भाँडा बनाउने, माछा मार्ने, नदी तार्ने, फलामका औजारहरू बनाउने, छालाका सामान बनाउने, भक्का, मुरही बनाउने, गारो र काठको काम गर्ने, डोको, नाम्लो, ढाकी, झल्ला, कुचो बनाउने आदि तथा आधुनिक | - कक्षालाई दुई समूहमा विभाजन गरी आफ्नो गाउँपालिकाभित्रका परम्परागत र आधुनिक पेशाहरूको वर्गीकरण गर्न लगाई ती पेशाहरूबाट के कस्ता अवसरहरू प्राप्त हुनसक्छन् छलफल गराई प्रस्तुत गर्न लगाउने साथै निष्कर्ष दिने।<br>- विभिन्न पेशा र व्यवसायको सूची बनाउन लगाई तिनीहरूको परिचय दिन लगाउने ।<br>- ती पेशाहरू र ती पेशासँग सम्बन्धित आधारभूत सिपहरूको समूहगत रूपमा तालिका बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने। | - आफ्नो गाउँपालिकाभित्रका परम्परागत र आधुनिक पेशाहरूको वर्गीकरण गर्न लगाउने।<br>- ती पेशाहरूबाट प्राप्त अवसरहरू उल्लेख गर्न लगाउने ।<br>- कुनै पाँच पेशा र तीसँग सम्बन्धित सिपहरू उल्लेख गर्न लगाउने ।<br>- उत्पादक तथा उपभोक्ताको परिचय तथा अन्तरसम्बन्ध उल्लेख गर्न लगाउने। | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - इन्टरनेट सेवाको परिचय दिई सामाजिक सञ्जालको सदुपयोग गर्न साथै साइबर अपराधसम्बन्धी जानकारी लिन ।<br>- पालिकाभित्र विभिन्न पेशा र उद्योगबाट उत्पादित सामग्री र सेवाबाट गाउँपालिकाको आर्थिक विकासमा थप योगदान (टेवा पुगेको) को विवरण तयार गर्न ।<br>- श्रमको सम्मान गर्न र घरायसी विभिन्न कार्यमा सहभागी हुन ।<br>- च्याउको खेतीसम्बन्धी आधारभूत सिपसँग परिचित हुन । | व्यावसायिक कृषि पशुपन्छि माछा दुग्ध फलफूल साथै घरेलु उद्योग व्यापार नोकरी आदि) ।<br>- विभिन्न पेशा र व्यवसायको परिचय दिन र कामसँग सम्बन्धित आधारभूत सिपको विवरण ।<br>- उत्पादक र उपभोक्ताको परिचय, अन्तरसम्बन्ध र दुवै पक्षले ध्यान दिनुपर्ने कुराहरूको विवरण ।<br>- इन्टरनेट सेवाको परिचय, सामाजिक सञ्जालको सदुपयोग तथा साइबर अपराधसम्बन्धी कुराहरू ।<br>- पालिकाभित्र सञ्चालित उद्योहरूबाट उत्पादित सामग्रीहरूले आर्थिक विकासमा पुर्याउने योगदान।<br>- श्रमको सम्मान गर्न र विभिन्न घरायसी काममा सहभागिता । | - गाउँपालिकाभित्रका मानिसहरूले गर्ने विभिन्न पेशा व्यवसायबारे छलफल गरी विवरण तयार गर्न लगाउने ।<br>- वस्तु तथा सेवा उत्पादन गर्नेलाई के भनिन्छ र उत्पादित सेवा र वस्तुहरूको उपभोग गर्नेलाई के भनिन्छ भनी कक्षालाई प्रश्न गर्ने र व्यक्तिगत उत्तर लिने वा कक्षालाई दुई समूहमा विभाजन गरी एक समूहलाई उत्पादक र अर्को समूहलाई उपभोक्ता बनाई भूमिका निर्वाह गर्न लगाउने साथै अन्तरसम्बन्ध तथा दुवै पक्षले ध्यान दिनुपर्ने कुराहरूबारे छलफल गराउने ।<br>- इन्टरनेट सेवाको परिचय र सामाजिक सञ्जालको सदुपयोग गर्न सम्बन्धमा कक्षामा छलफल गराई निष्कर्ष दिने साथै साइबर अपराधसम्बन्धी कानूनी व्यवस्था जानकारी भएको चार्ट/पोस्टर प्रस्तुत गर्ने अथवा सोसम्बन्धी सामग्री प्रविधिको माध्यमबाट प्रस्तुत गर्ने ।<br>- पालिकाभित्र सञ्चालित उद्योहरूबाट उत्पादित सामग्रीहरूले आर्थिक विकासमा पुर्याउने योगदानका बारेमा प्रश्नोत्तर गराउने । पालिकासँग सम्बन्धित अभिलेखका आधारमा आर्थिक | - इन्टरनेटको परिचय दिन लगाउने।<br>- सामाजिक सञ्जालको सदुपयोग गर्ने तरिका उल्लेख गर्न लगाउने ।<br>- साइबर अपराध भन्नाले के बुझिन्छ ? भनी उल्लेख गर्न लगाउने।<br>- पलिकाभित्र सञ्चालित उद्योहरूबाट उत्पादित सामग्रीहरूको सूची तयार गर्न तथा पालिकालाई हुने आर्थिक लाभको विवरण उल्लेख गर्न लगाउने ।<br>- विद्यार्थीले गरेका कामको अवलोकन गर्ने र अभिलेख राख्ने।<br>- च्याउ खेती लगाउने तरिका उल्लेख गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - च्याउ खेतीसम्बन्धी आधारभूत सिप ( मल, बिऊबिजन, लगाउने तरिका, संरक्षण र उत्पादन) | विकासमा थप योगदानको विवरण प्रविधिको माध्यमबाट प्रस्तुत गरी निष्कर्ष दिने ।<br>- श्रमको सम्मान गर्न सिकाउने र स्थलगत भ्रमण गराउने ।<br>- घरमा गर्ने कार्यहरूको विवरण तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने।<br>- च्याउ खेतीसम्बन्धी विशेषज्ञलाई कक्षामा बोलाई स्रोतव्यक्तिका रूपमा कक्षा लिन लगाउने । | | |
| स्थानीय विपद्हरू र व्यवस्थापन | - विपद् खोज तथा उद्धार समूहको परिचय दिन र महत्त्व उल्लेख गर्न ।<br>- महामारीको परिचय दिन र महामारी नियन्त्रणका लागि बाह्रदशी गाउँपालिकाले अपनाउदै आएको रणनीति उल्लेख गर्न ।<br>- विपद् व्यवस्थापनमा सुरक्षा निकायको काम, कर्तव्य र अधिकार तथा दायित्व प्रस्तुत गर्न ।<br>- स्थानीय तहमा रहेका संघसंस्थाहरूले विपद् व्यवस्थापनमा खेलेको भूमिका उल्लेख गर्न । | - विपद् खोज तथा उद्धार समूहको परिचय<br>- कार्यहरू र महत्त्व।<br>- महामारीको ( औलो, डेंगु, कोभिड १९ आदि ) परिचय र महामारी नियन्त्रणका लागि बाह्रदशी गाउँपालिकाले अपनाउदै आएको रणनीतिहरू।<br>- विपद् व्यवस्थापनमा सुरक्षा निकायको काम, कर्तव्य र अधिकार तथा दायित्व ।<br>- स्थानीय तहमा रहेका संघसंस्थाहरू( स्काउट, रेडक्रस, जेसिस,स्वास्थ्यचौकी, | - विपद् खोज तथा उद्धार समूहको परिचय, कार्यहरू र महत्त्वको बारेमा सिकाइ सहजीकरण गर्न विद्यार्थीलाई ३ समूहमा विभाजन गरी परिचय, कार्य र महत्त्व टिपोट गर्न लगाउने यसका लागि जिग्स विधिद्वारा सिकाइ सहजीकरण गर्ने<br>- महामारी नियन्त्रणका लागि गाउँपालिकाले गरेका कार्यबारे जानकारी प्राप्त गर्न विद्यार्थीलाई गाउँपालिका स्वास्थ्य शाखाका प्रमुखसङ्ग अन्तरक्रिया गराउने र बुँदा टिपोट गर्न लगाउने<br>- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ इन्टरनेटमा खोज गरी खोज विधिबाट विपद् व्यवस्थापनमा सुरक्षा निकायको काम, कर्तव्य र अधिकार तथा दायित्व टिपोट गर्न लगाउने र आवश्यक सहजीकरण गर्ने | - विपद् खोज तथा उद्धार समूहको परिचय, कार्यहरू र महत्त्व लेख्न लगाउने ।<br>- विभिन्न प्रकारका महामारी नियन्त्रणका लागि गाउँपालिकाले अभ्यास गरेका कार्यहरू टिपोट गर्न लगाउने ।<br>- विपद्हरूबाट जोगिने र व्यवस्थापन गर्न सकिने उपायहरू बारे लेख्न लगाउने ।<br>- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ , दफा १८ मा प्रयुक्त विपद् व्यवस्थापनमा सुरक्षा | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - विपद् न्यूनीकरणका लागि सडक मापदण्ड र ट्राफिक नियमको पालना गर्न।<br>- हृदयाघातमा गरिने प्राथमिक उपचार पद्दतिको अभ्यास गर्न। | युवा क्लब, आमा समूह, सहकारी, उद्योग वाणिज्य संघ, महिला समूह ) आदिले विपद् व्यवस्थापनमा खेलेको भूमिका।<br>- विपद् न्यूनीकरणका लागि सडक मापदण्ड र ट्राफिक नियमको पालना ।<br>- हृदयाघातको परिचय, कारण तथा असर।<br>- हृदयाघातको अवस्थामा गरिने प्राथमिक उपचारको भिडियो<br>- CPR विधिको फ्लो चित्रसहितको फ्लो चार्ट। | - स्थानीय तहमा रहेका विभिन्न सार्वजनिक तथा नीजि संस्थाहरूले विपद् व्यवस्थापनमा खेलेको भूमिकाको बारेमा मस्तिष्क मन्थन गर्न लगाउने KWL विधिको प्रयोग गरी आवश्यक सहजीकरण गर्ने ।<br>- ट्राफिक चिन्हहरूको फोटो तथा नियमहरूसँग सम्बन्धि भिडियो प्रदर्शन गरी आवश्यक सहजीकरण गर्दै सडक दुर्घटना न्यूनीकरणका लागि सडक मापदण्ड र ट्राफिक नियमको पालना गर्नका लागि नमुना अभ्यास गराउने ।<br>- हृदयाघातको भिडियो देखाई मस्तिष्क मन्थन गर्न लगाउने<br>- यसको परिचय, कारण तथा असरबारे समूहगत छलफल गराई आवश्यक सहजीकरण गरिदिने<br>- हृदयाघातको भिडियो देखाउने र CPR विधिको फ्लो चार्ट टाँसेर विद्यार्थीलाई हृदयाघात भएको बिरामीलाई गरिने प्राथमिक उपचारको नमुना अभ्यास गर्न लगाउने । | निकायको काम, कर्तव्य र अधिकार इन्टरनेटमा खोज गरी टिपोट गर्न लगाउने ।<br>- स्थानीय तहमा रहेका सार्वजनिक तथा नीजि संघ संस्थाले विपद् व्यवस्थापनमा खेलेको भूमिकाबारे स्लाइड तयार गरी कक्षा कोठामा प्रदर्शन गर्न लगाउने<br>- परियोजना कार्य :विभिन्न पत्रपत्रिका तथा पुस्तकमा भएका ट्राफिक चिन्हहरू टाँस्न लगाई प्रत्येकको अर्थ चित्रको तल लेख्न लगाउने र कक्षाकोठाको भित्तामा टाँस गर्न लगाउने<br>- ट्राफिक नियमको पालना गर्न गरिएको नमुना अभ्यासमा विद्यार्थीको सहभागिता तथा सिपको आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्ने ।<br>- हृदयाघातको परिभाषा, कारण तथा असर लेख । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | - -CPR विधि प्रयोग गरी हृदयाघातको बिरामीलाई गरिने प्राथमिक उपचारको नमुना अभ्यास गर्न लगाई प्रयोगात्मक कार्यको अभिलेखीकरण गर्ने। | |
| योग, स्वास्थ्य तथा खेलकुद | - परम्परागत र प्राकृतिक उपचार पद्धतिसँग परिचित हुन ।<br>- स्थानीयस्तरमा पाइने जडीबुटीहरूको प्रयोग गर्न ।<br>- अम्लीय र क्षारीय गुण भएको खाना पहिचान गर्न र जङ्क फुडका असरहरू उल्लेख गर्न।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता उल्लेख गर्न ।<br>- योगको महत्त्व र आवश्यकता उल्लेख गर्न तथा योगाभ्यास गर्न ।<br>- सूर्य नमस्कार अभ्यासको चक्र पूरा गरेर देखाउन।<br>- ध्यान र प्राणायामको अभ्यास गर्न । | - परम्परागत र प्राकृतिक उपचार पद्धति (विजय सालको पानी छाती तथा पेट दुखेको बिमार निको पार्ने सिरूको जरा/भोर्लाका टाटा आदि जुका पर्दा , उखुका पात गाई भैसीको अम्रो झार्न आदि। )<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरू (आइटिन झार, पत्थरचट्टा, आँक, भूमिराज, चरी अमिलो, हर्रो, बर्रो, अमला, बोजो, निम, सजीवन, करीपत्ता, सत्यजीवन, तुलसी, गुर्जो, पिप्ला, बेसार, घिउकुमारी, अदुवा, पुदिना, घोडताप्रे, अमरलता, ज्वानो, मरिच, | - परम्परागत र प्राकृतिक उपचार पद्धति भनेको के हो र गाउँघरमा यस्ता पद्धति के के जाने सुनेका छौ भन्ने प्रश्नबाट कक्षामा छलफल चलाउने र शिक्षकले निष्कर्ष दिने ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको प्रयोग के कसरी गरिदै आइएको छ अभिभावकहरूलाई सोधी ल्याउन परियोजना कार्य गर्न लगाउने ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीको प्रयोगसम्बन्धी स्थानीय विशेषज्ञ (चिकित्सक) को सहयोगमा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>- कक्षामा अम्लीय र क्षारीय गुण भएको खानाहरूका बारेमा प्रविधिको माध्यमबाट देखाएर जानकारी गराउने र जङ्क फुडका असरहरूका बारेमा कक्षामा छलफल चलाउने र शिक्षकले निष्कर्ष दिने ।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकताका बारेमा | - परम्परागत र प्राकृतिक उपचारका कुनै दुई पद्धति उल्लेख गर्न लगाउने ।<br>- स्थानीय स्तरमा पाइने कुनै चार जडीबुटीहरूको प्रयोगका बारेमा लेख्न लगाउने ।<br>- अम्लीय र क्षारीय गुण भएको खाना पहिचान गर्न र जङ्क फुडका असरहरू उल्लेख गर्न लगाउने ।<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता लेख्न लगाउने ।<br>- योगको महत्त्व र आवश्यकता उल्लेख गर्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुप,चौसुर, धतुरो, गाँजा आदि) को प्रयोग ।<br>- अम्लीय र क्षारीय गुण भएको खाना र जङ्क फुडका असरहरू<br>- स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको महत्त्व र आवश्यकता।<br>- योगको महत्त्व र आवश्यकता तथा योगाभ्यास ।<br>- सूर्य नमस्कार अभ्यासमा प्रयोग हुने १२ आसनका नाम (प्रणाम, हस्त उत्तानासन, पादहस्तासन वा पश्चिमोत्तनासन, अश्व सञ्चालनासन, पर्वतासन, अष्टाङ्गासन, भुजङ्गासन, पर्वतासन, अश्व सञ्चालन आसन, हस्तासन, हस्तउत्तानासन, प्रणाम मुद्रा ) र अभ्यासको तरिका ।<br>- सूर्य नमस्कार अभ्यासको महत्त्व। | समूहगतरूपमा कक्षामा छलफल गराई प्रतिवेदन प्रस्तुत गर्न लगाई निष्कर्ष दिने ।<br>- योगको महत्त्व के कस्तो छ भन्ने प्रश्नबाट कक्षामा छलफल चलाई आवश्यकताका बारेमा शिक्षकले बताइदिने साथै प्रविधिको प्रयोग गरी योगाभ्यास गराउने ।<br>- सूर्य नमस्कारका १२ आसनको चित्र अथवा प्रविधिबाट प्रस्तुत गर्ने र खेल मैदानमा लगेर शिक्षकले प्रस्तुत गर्ने साथै विद्यार्थीहरूलाई अनुसरण गर्न लगाउने अनि यसबाट हुने फाइदा बताइदिने । यो क्रम बारबार दोहोऱ्याउने ।<br>- कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार, त्रिबन्ध जस्ता प्राणायाममा अभ्यास गराउने।<br>- ज्ञानमुद्रामा बसेर ध्यानको अभ्यास गराउने । | - कुनै पाँच ओटा आसनहरूको नाम लेख्न लगाई अभ्यास गर्न लगाउने र अवलोकन गर्ने ।<br>-<br>- सूर्य नमस्कारका १२ आसनको नाम लेख्न लगाउने ।<br>- सूर्य नमस्कारको महत्त्व लेख्न लगाउने ।<br>- कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार, त्रिबन्ध मध्ये कुनै एक प्राणायाम गरेर देखाउन लगाउने ।<br>- ध्यान गर्ने तरिका बताउन लगाउने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - सूर्य नमस्कार अभ्यासको पूरा चक्र ।<br>- ध्यान र प्राणायाम (कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार, त्रिबन्ध) को अभ्यास | | | |

१०.८ **कक्षा ८**

| **विषयवस्तु** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | **कार्य घण्टा** |
|---|---|---|---|---|---|
| हाम्रो स्थानीय तह | - बाह्रदशी गाउँपालिकाको गठन प्रक्रिया प्रशासनिक संरचना र प्रवाह हुने सेवा सुविधाहरू उल्लेख गर्न ।<br>- बाह्रदशी गापाको नक्सामा धार्मिक ऐतिहासिक एवं प्रशासनिक एकाइहरू देखाउन ।<br>- बाह्रदशी गापाको जनसङ्ख्या वर्गीकरणको प्रस्तुति तथा तुलनात्मक विश्लेषण गर्न । | - बाह्रदशी गापाबाट प्राप्त हुने सेवा र सुविधाहरू ।<br>- बाह्रदशी गापाको गठन प्रक्रिया र प्रशासनिक संरचना।<br>- बाह्रदशी गापाको नक्सामा धार्मिक ऐतिहासिक एवं प्रशासनिक एकाइहरू ।<br>- बाह्रदशी गापाको शैक्षिक, जातिगत, लिङ्गगत, उमेरगत, | - बाह्रदशी गापाको र सम्बन्धित वडाको क्षेत्र भ्रमण गराई त्यहाँबाट प्रदान गरिने सेवा, सुविधाहरू गठन प्रक्रिया तथा प्रशासनिक संरचनाको टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने।<br>- बाह्रदशी गापाको नक्सा बनाउन लगाई त्यहाँ रहेका धार्मिक ऐतिहासिक स्थल एवं प्रशासनिक एकाइहरू देखाउन लगाउने ।<br>- विभिन्न समूह बनाई राष्ट्रिय जनगणना २०७८ अनुसार बाह्रदशी गापाको तथ्याङ्बाट शैक्षिक, जातिगत, लिङ्गगत, | - बाह्रदशी गापा र वडाबाट प्राप्त हुने सेवा र सुविधाको सूची तयार गर्न लगाउने।<br>- बाह्रदशी गापाको गठन प्रक्रिया र वडाको प्रशासनिक चार्ट बनाउन लगाई प्रस्तुत गर्न लगाउने।<br>- बाह्रदशी गापाको नक्सा बनाउन लगाई त्यहाँ रहेका धार्मिक ऐतिहासिक स्थल एवं प्रशासनिक एकाइहरू देखाउन लगाउने। | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - बाह्रदशी गापाका गौरवका विकास आयोजनाहरूको परिचय दिन ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणमा पालिकाको भूमिका उल्लेख गर्न ।<br>- बाह्रदशी गापाको इतिहासबारे खोजी तथा अभिलेख खडा गर्न र वर्तमान अवस्था उल्लेख गर्न। | धार्मिक र पेशागत जनसङ्ख्याको वर्गीकरण र विश्लेषण ।<br>- बाह्रदशी गापाका गौरवका विकास आयोजनाहरू।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणमा पालिकाको भूमिका।<br>- बाह्रदशी गापाको इतिहास तयार । | उमेरगत, धार्मिक र पेशागत जनसङ्ख्याको वर्गीकरण र विश्लेषण गर्न लगाई प्रस्तुत गर्न लगाउने।<br>- विद्यार्थीहरूलाई पालिकको भ्रमण गराई गौरवका विकास आयोजनाहरूको विवरण लिन लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य सांस्कृतिक, ऐतिहासिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणमा पालिकाको भूमिकाखोजी गर्न कक्षालाई समूहगतरूपमा परियोजना कार्य तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने।<br>- बाह्रदशी गापाको इतिहासका बारेमा जान्ने जानिफकारहरूको सूची बनाउने र को जानिफकारबाट के कति जानकारी लिने भन्ने योजना बनाउने र सो अनुसार जानिफकारलाई भेटघाट र अन्तर्वाताका लागि समय मिलाउने र जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने र दस्तावेजीकरणमा शिक्षकले सहयोग गर्ने। विद्यालयले प्रकाशनको व्यवस्था मिलाउने । | - बाह्रदशी गापाको तथ्याङ्बाट शैक्षिक जातिगत लिङ्गगत धार्मिक पेशागत जनसङ्ख्याको चार्ट बनाउन लगाउने।<br>- बाह्रदशी गापाभित्र रहेका मुख्य ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा तथा प्राकृतिक, पर्यटकीय स्थलहरूको संरक्षणमा पालिकाको भूमिका उल्लेख गर्न लगाउने ।<br>- गौरवका विकासआयोजनाहरूको विवरण तयार पार्न लगाउने ।<br>- बाह्रदशी गापाको बारेमा १२० शब्दमा नघटाई बयान गर्ने । | |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | - जैविक विविधताको परिचय दिन र पालिकाभित्रको वर्तमान स्थितिका साथै महत्त्व उल्लेख गर्न। | - जैविक विविधताको परिचय र पालिकाभित्रको वर्तमान स्थिति तथा महत्त्व ।<br>- प्राकृतिक स्रोतको विनासका असरहरू न्यूनीकरण गर्ने | - जैविक विविधतामा आधारित भिडियो सामग्री कक्षामा प्रस्तुत गर्ने र पालिकाभित्रको वर्तमान स्थितिका साथै महत्त्वका बारेमा समूहगत छलफल गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने । | - जैविक विविधताका बारेमा ३० शब्दमा नघटाई जवाफ लेख्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - प्राकृतिक स्रोतको विनासका असरहरू न्यूनीकरण गर्ने उपायहरू खोज्न र लागु गर्नका लागि स्थानीय संघसंस्थाको भूमिका उल्लेख गर्न ।<br>- फोहोर मैला व्यवस्थापनका उपायहरू अवलम्बन गरी लागु गर्न।<br>- ध्वनि प्रदूषणका कारण, असर र रोकथामका उपायहरू उल्लेख गर्न ।<br>- वातावरण संरक्षण र सरसफाइमा स्थानीय तहको भूमिका उल्लेख गर्न।<br>- वातावरण संरक्षण र सरसफाइ गर्नका लागि गरिने प्रचारप्रसार लगायतका क्रियाकलापमा सहभागी हुन । | उपायहरू र लागु गर्नका लागि स्थानीय संघसंस्थाको भूमिका ।<br>- फोहोर मैला व्यवस्थापनका उपायहरूको अवलम्बन तथा कार्यान्वयन।<br>- ध्वनि प्रदूषणका कारण, असर र रोकथामका उपायहरू ।<br>- वातावरण संरक्षण र सरसफाइमा स्थानीय तहको भूमिका ।<br>- वातावरण संरक्षण र सरसफाइ गर्नका लागि गरिने प्रचारप्रसार लगायतका क्रियाकलापमा सहभागिता। | - कक्षालाई तीन समूहमा विभाजन गर्न लगाई प्राकृतिक स्रोतको विनासका असरहरूको सूची तयार गर्न, असरलाई न्यूनीकरण गर्ने उपायहरू र लागु गर्नका लागि स्थानीय संघसंस्थाको भूमिका सम्बन्धमा छलफल गराई प्रस्तुत गर्न लगाउने ।<br>- फोहोर मैला व्यवस्थापनका उपायहरू के के हुनसक्छ भनी समूहगत रूपमा छलफल गर्न लगाई ती उपायहरू अवलम्बन गर्न र लागु गर्न विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने।<br>- ध्वनि प्रदूषण भनेको के हो प्रश्न गरी छलफल चलाउने र ध्वनि प्रदूषण गर्ने स्रोतहरूको सूची बनाउन लगाउने ।<br>- समूह बनाई ध्वनि प्रदूषणका कारण असर र रोकथामका उपायहरूका बारेमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने र निष्कर्ष बताई दिने ।<br>- वातावरण संरक्षण र सरसफाइमा स्थानीय तहको भूमिका सम्बन्धमा जानकारी लिन गाउँपालिकाको भ्रमण गराउने र सोको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- वातावरण संरक्षण र सरसफाइ गर्नका लागि गरिने प्रचारप्रसार लगायतका क्रियाकलापमा सहभागी हुन के के कार्य गर्न सकिन्छ समूह विभाजन गरी लेख्न लगाउने र | - पालिकाभित्रको जैविक विविधताको वर्तमान स्थिति र महत्त्वबारे उल्लेख गर्न लगाउने।<br>- प्राकृतिक स्रोतको विनासका असरहरू न्यूनीकरण गर्ने उपायहरू खोज्न र लागु गर्नका लागि स्थानीय संघसंस्थाको भूमिका उल्लेख गर्न लगाउने।<br>- फोहोर मैला व्यवस्थापनका उपायहरू उल्लेख गर्न लगाउने।<br>- ध्वनि प्रदूषणका कारणहरू लेख्न लगाउने ।<br>- ध्वनि प्रदूषण हुँदा हुने असरहरू र रोकथामका उपायहरू उल्लेख गर्न लगाउने ।<br>- वातावरण संरक्षण र सरसफाइमा स्थानीय तहको भूमिका उल्लेख गर्न लगाउने।<br>- वातावरण संरक्षण र सरसफाइ गर्नका लागि गरिने प्रचारप्रसार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रस्तुत गर्न लगाउने। शिक्षकले त्यस्ता कार्यहरूमा सहभागी हुन अभिप्रेरित गर्ने । | लगायतका क्रियाकलापमा सहभागी हुन लगाउने र सोको अवलोकन गरी अभिलेख राख्ने । | |
| हाम्रा संस्कार,संस्कृति र मूल्य मान्यता | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि, आदिको संरक्षण र संवर्धनमा आवश्यक सहयोग गर्न।<br>- बाह्रदशीका सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा स्थानीय तहको भूमिका उल्लेख गर्दै सहभागी हुन।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको संरक्षणमा सहयोग गर्न।<br>- विविधतामा एकताको रूपमा बाह्रदशीको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न। | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि, आदिको संरक्षण र संवर्धनमा आवश्यक सहयोग ।<br>- बाह्रदशीको सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरू र संरक्षण कार्यमा स्थानीय तहको भूमिका तथा सहभागिता।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको संरक्षणमा सहयोग ।<br>- विविधतामा एकताको रूपमा बाह्रदशीको परिचय, सामाजिक सद्भाव र सहिष्णुता। | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि, आदिको संरक्षण र संवर्धनमा के कसरी सहयोग गर्न सकिन्छ विद्यार्थीलाई व्यक्तिगत लेख्नदिने र ती भनाइलाई समूहमा समावेश गर्नलगाई कक्षामा प्रस्तुत गर्न लगाउने र निष्कर्ष बताइदिने ।<br>- बाह्रदशीको सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरू के कस्ता रहेका छन् अभिभावकको सहयोगमा खोजी गरी ल्याउन व्यक्तिगत परियोजना कार्य दिने र समूहमा मिसाई प्रतिवेदन तयार गर्न लगाई पेश गर्ने र तिनको संरक्षण कार्यमा स्थानीय तहको भूमिका पत्ता लगाउन क्षेत्र भ्रमण गराउने ।त्यस्ता प्रचलनको संरक्षण गर्ने जिम्मेवारी हाम्रो हो भन्ने निष्कर्ष बताइदिने।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको संरक्षणमा विद्यार्थीहरूले के कसरी सहयोग गर्न सक्छन् भन्ने बारेमा समूहगत छलफल गराउने र प्रस्तुत गर्न लगाउने।<br>- बाह्रदशी गाउँपालिका विविधतामा एकताको रूपमा किन छ प्रश्न सोध्ने र आएका उत्तरहरू पाटीमा टिप्ने । ती | - स्थानीय लोक साहित्य, लोक नृत्य, लोक गीत, बाजा, कला, लिपि, आदिको संरक्षण र संवर्धनमा गर्नसकिने सहयोगका बारेमा लेख्न लगाउने।<br>- सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनहरूको सूची तयार गर्न लगाउने।<br>- ती प्रचलनहरूको संरक्षण कार्यमा स्थानीय तहको भूमिका उल्लेख गर्न लगाउने।<br>- स्थानीय भाषा, भेषभूषा, रीतिरिवाज, रहनसहन, मेलापर्व र जात्राहरूको संरक्षणमा गर्न सकिने सहयोगको विवरण तयार गर्न लगाउने ।<br>- विविधतामा एकताको रूपमा बाह्रदशी किन रहेको छ लेख्न लगाउने र त्यसले सामाजिक सद्भाव | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन र सो अनुसार अभ्यास गर्न।<br>सिर्जनशील र चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिकाको खोजी तथा अभ्यास गर्न। | - स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको खोजी, सम्मान र उनीहरूको कामबाट प्रेरणा तथा सो अनुसारको अभ्यास।<br>सिर्जनशील र चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिका तथा अभ्यास । | कुराहरू सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न कतिको प्रभावकारी छन् भन्ने बारेमा छलफल चलाउने र निष्कर्ष दिने।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूको कामबाट के कस्तो प्रेरणा लिन सकिन्छ त्यसको विवरण तयार गर्न लगाउने र ती मध्ये कुन कुन कुरा आफ्नो दैनिक जीवनमा लागु गर्न सकिन्छ व्यक्तिगत विचार भन्न लगाउने ।<br>- सिर्जनशील र चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाहरूले के कस्तो भूमिका निर्वाह गर्न सक्छन् भन्ने बारेमा समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र निष्कर्ष दिने। | र सहिष्णुता कायम राख्न कस्तो भूमिका खेलेको छ लेख्न लगाउने।<br>- स्थानीय प्रेरणादायी अग्रज, जेष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक आदि व्यक्तिहरूले गरेका कामबाट के कस्तो प्रेरणा लिन सकिन्छ विवरण तयार गर्न लगाउने ।<br>- सिर्जनशीलता र चरित्र निर्माणमा स्थानीय क्लब र संस्थाको भूमिका बारे उल्लेख गर्न लगाउने । | |
| सामाजिक समस्या र समाधान | - समुदायका अगुवाको भूमिका पहिचान गर्न ।<br>- सामाजिक समस्या र विकृतिको समाधान गर्न पालिकाको भूमिका उल्लेख गर्न।<br>- द्वन्द्वका कारण, व्यवस्थापनका उपायहरू तथा व्यवहारिक अभ्यास गर्न।<br>- कुरीति र अन्धविश्वास विरुद्धमा आवाज बुलन्द गर्न। | - आदर्श समाज निर्माणमा आफ्नो समुदायका अगुवाको भूमिका।<br>(नेतृत्वदायी भूमिका, समन्वयकारी भूमिका, सहयोग र सहजीकरण भूमिका,)<br>- सामाजिक समस्या र विकृतिको समाधान गर्न पालिकाको भूमिका (ऐन | - आदर्श समाज निर्माणमा समुदायका अगुवाहरूले खेलेको भूमिकासँग सम्वन्धित भिडियो चित्र प्रदर्शन गर्ने चित्र र आदर्श समाजबिच सम्बन्ध स्थापना गर्ने र शिक्षकले सहजीकरण गर्ने।<br>- आदर्श समाज निर्माणमा आफ्नो समुदायका अगुवाहरूको भूमिका के कस्तो रहेको छ भनी कक्षा भीत्र छलफल गरी सहजीकरण गर्ने।<br>- सामाजिक समस्या र विकृतिहरू के के हुन सक्छन् भनी कक्षामा समूहगत छलफल गरी प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने। | - आदर्श समाज निर्माणमा आफ्नो समुदायका अगुवाको भूमिका उल्लेख गर्न लगाउने ।<br>- सामाजिक समस्या र विकृतिको समाधान गर्न पालिकाको भूमिका उल्लेख गर्न लगाउने ।<br>- समाजमा हुने द्वन्द्वका कारण, यसको व्यवस्थापनका उपायहरू उल्लेख गर्न लगाउने । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | - लैङ्गिक समानता तथा सकारात्मक विभेदबारे सुसूचीत हुन।<br>- बाल दुर्व्यवहारबाट बच्न बालक्लबले गर्ने क्रियाकलापहरूमा सहभागी हुन।<br>जीवनोपयोगी सिपको परिचय दिई असल आचरण प्रस्तुत गर्न। | कानून र नीति नियमको व्यवस्था, विकास आयोजनाहरू सञ्चालन, न्याय निरूपण, स्रोत र सेवाको प्रबन्ध, नियमन तथा अनुगमन आदि) ।<br>- समाजमा हुने द्वन्द्वका कारण, यसको व्यवस्थापनका उपायहरू र व्यवहारिक अभ्यास ।<br>- कुरीति र अन्धविश्वास विरुद्धमा आवाज । (छुवाछुत, धामीझाँक्री, बोक्सीडाइनी, लैङ्गिक विभेद, दाइजो/दहेज, बाल विवाह, अनमेल विवाह,आदिका विरुद्ध विभिन्न माध्यमबाट आवाज उठाउने र सचेतीकरणका कार्यक्रमहरू आदि )।<br>- लैङ्गिक समानता तथा सकारात्मक विभेद। | - समूहमा विभाजन गरी सामाजिक समस्या र विकृतिको समाधान गर्न पालिकाको भूमिका पहिचान गर्न पालिका वा वडामा स्थलगत अवलोकन भ्रमण गराई कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने ।<br>- सामाजमा हुन् सक्ने द्वन्द्वका कारणहरू के के हुन सक्छन् भनी कक्षामा समूहगत छलफल गरी प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने।<br>- सामाजमा हुने द्वन्द्व व्यवस्थापन गर्न अपनाइने उपायहरू के के हुन सक्छन् भनी कक्षामा समूहगत रूपमा छलफल गर्न लगाउने र प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष बताइदिने । आवश्यकता अनुसार सान्दर्भिक भिडियो प्रदर्शन गर्ने ।<br>- समाजमा हुने कुनै एक वा दुई द्वन्द्वको छनोट गर्ने र सो समस्या समाधान गर्न अपनाइने उपायहरूबारे भूमिका निर्वाह गर्न लगाउने र शिक्षकले निर्देशकको रूपमा सहजीकरण गर्ने ।<br>- कुरीति र अन्धविश्वास भनेको के हो हाम्रो समाजमा कस्ता प्रकारका कुरीतिहरू छन् यसले हाम्रो समाजमा के कस्तो असर गरेको छ भन्ने प्रश्नमा कक्षामा छलफल चलाउने र आएका उत्तरहरू पाटीमा टिपोट गर्ने । ती कुरीतिहरू समाधान गर्न के कस्ता कार्यहरू गर्नुपर्ला समूहगत रूपमा | - कुरीति र अन्धविश्वास हटाउन के कस्ता कार्यहरू गर्न सकिन्छ लेख्न लगाउने ।<br>- लैङ्गिक समानता तथा सकारात्मक विभेद बारे उल्लेख गर्न लगाउने ।<br>- बाल दुर्व्यवहारका विरुद्ध बालक्लबको सदस्य भएका नाताले विद्यार्थीले खेलेको भूमिका उल्लेख गर्न लगाउने ।<br>- जीवनोपयोगी सिप तथा असल आचरणसम्बन्धी कुनै पाँच ओटा बुँदामा उल्लेख गर्न लगाउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (महिला-पुरूषबिच समान व्यवहार, समान सम्मान समान माया समान ज्याला विशेष आवश्यकता भएकालाई विशेष सेवासुविधा आदि)<br>- विद्यालय तथा समुदायमा हुने बाल दुर्व्यवहारबाट बच्न बालक्लबले गर्ने क्रियाकलापमा सहभागिता ।<br>- जीवनोपयोगी सिपको परिचय तथा असल आचरण । | प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- लैङ्गिक समानता तथा सकारात्मक विभेद भनेको के हो भनी कक्षामा प्रश्न गर्ने र आएका उत्तरहरू पाटीमा टिपोट गरी निष्कर्ष बताइदिने । आवश्यकता अनुसार भिडियो प्रदर्शन गर्ने ।<br>- लैङ्गिक समानता तथा सकारात्मक विभेद कसरी कायम गर्न सकिन्छ ? भनी कक्षाभित्र समूहगत रूपमा छलफल गरी प्रस्तुत गर्न लगाई निष्कर्ष दिने ।<br>- विद्यालय तथा समुदायमा हुने बाल दुर्व्यवहारहरू के के हुन सक्छन भनी प्रश्नोत्तर गर्ने र आएका उत्तरहरू पाटीमा टिपोट गर्ने । यसरी आएका दुर्व्यवहारहरूबाट बच्न बालक्लबले के कस्तो भूमिका खेल्न सक्छ भनी छलफल गर्ने र शिक्षकले सहजीकरण गर्ने।<br>- बाल दुर्व्यवहारबाट बच्न बालक्लबले खेलेको भूमिका बारेमा अभिनय गर्न लगाउने ।<br>- जीवनोपयोगी सिप भनेको के हो भन्ने प्रश्न गरी छलफल गराउने र प्राप्त उत्तरहरू पाटीमा टिपोट गर्न र आवश्यकता अनुसार भिडियो प्रदर्शन गर्ने ।<br>- असल आचरणहरू के-के हुन सक्छन? भनी कक्षभित्र छलफल गरी सहजीकरण गर्ने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - असल आचरणका अभ्यासका लागि गीत, कथा, सामान्य अभिनय कक्षाभित्र प्रस्तुत गर्ने। | | |
| पेशा, व्यवसाय र प्रविधि | - पारिवारिक तथा परम्परागत रोजगारीका समस्याहरूको पहिचान गरी नवीनतम रोजगारीका क्षेत्रहरूको खोजी गर्न।<br>- उपभोक्ता अधिकार बारे बताउन तथा बिचौलिया र कालोबजारीले पार्ने असरहरू पहिचान गर्न ।<br>- विभिन्न व्यवसाय र व्यावसायिक उत्थानको सम्भावना खोजी गर्न।<br>- सूचना तथा सञ्चार प्रविधिको परिचय, यसबाट पर्ने असर त्यसको कारण र रोकथामका उपायहरू उल्लेख गर्न।<br>- सामाजिक सञ्जालको प्रयोगबाट हुनसक्ने समस्याहरू र साइबर अपराधको परिणाम (कसुर सजाय र जरिवाना) उल्लेख गर्न । | - परम्परादेखि चल्दै आएका रोजगारीहरूको जानकारी र नवीनतम रोजगारीका क्षेत्रहरूको पहिचान ।<br>- उपभोक्ता अधिकार र बिचौलियाको परिचय र बिचौलिया र कालो बजारीले उपभोक्तालाई पार्ने असरहरू।<br>- स्थानीय व्यवसाय कृषि, पशुपालन लगायतका उत्पादनशील तथा निमार्ण व्यवसायको व्यवसायीकरणसम्बन्धी उत्थानको सम्भावना।<br>- सूचना तथा सञ्चार प्रविधिको परिचय, असर र रोकथामका उपायहरू।<br>- सामाजिक सञ्जालको प्रयोगबाट हुन सक्ने समस्या | - परम्परादेखि चल्दै आएका रोजगारीबारे छलफल गराई नवीनतम रोजगारीका क्षेत्रहरूबारे खाजी गर्न परियोजना कार्य दिने।<br>- उपभोक्ताको परिचय र हक अधिकार, बिचौलियाको परिचय तथा कालोबजारीले उपभोक्तालाई पार्ने असरका बारेमा तयार गरिएको सामग्री प्रविधिमार्फत अथवा चार्टमा प्रस्तुत गर्ने र कक्षामा छलफल गराई निष्कर्ष बताइदिने ।<br>- विभिन्न व्यवसाय जस्तै कृषि, पशुपालन लगायतका उत्पादनशील तथा निमार्ण व्यवसायको र तिनको उत्थानको सम्भावनाका बारेमा कक्षामा समूहगत छलफल गराई निष्कर्ष दिने साथै संभावनाको खोजी गर्नका लागि विभिन्न व्यवसायिक स्थलहरूको भ्रमण गराउने र प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>- सूचना तथा सञ्चार प्रविधिको परिचय, असर र रोकथामका उपाय बारे छलफल गराउने<br>- सामाजिक सञ्जालको प्रयोगबाट हुन सक्ने समस्या तथा साइबर अपराधमा हुने दण्ड, सजाय र जरिवानाबारेका सामग्रीहरू प्रविधि वा चार्टको प्रयोग गरी प्रस्तुत गर्ने र अन्तमा छलफल गराई निष्कर्ष दिने । । | - विद्यार्थीहरूले खोजी गरेका कुराहरू प्रस्तुत गर्न लगाउने।<br>- उपभोक्ताको परिचय, हक अधिकार बिचौलिया र कालोबजारीबाट पर्ने असरहरू उल्लेख गर्न लगाउने ।<br>- स्थानीय व्यवसायहरूको अध्ययनका आधारमा संभावनाको सूची बनाउन लगाउने ।<br>- सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी व्यवसाय र रोजगारीका नयाँ अवसरहरूका बारेमा उल्लेख गर्न लगाउने।<br>- सामाजिक सञ्जालको प्रयोगबाट हुन सक्ने समस्या तथा साइबर अपराधमा हुने दण्ड, सजाय र जरिवानाबारे उल्लेख गर्न लगाउने<br>- आफ्नो गाउँपालिकाभित्रको आर्थिक क्रियाकलापको विवरण तयार गर्न लगाउने । | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - सूचना तथा सञ्चार प्रविधिको उपयोगबाट गरिने व्यवसायको जानकारी लिन ।<br>- आफ्नो गाउँपालिकाभित्रको आर्थिक क्रियाकलापको विश्लेषण गर्न ।<br>- मौरी पालनसम्बन्धी आधारभूत सिपसँग परिचित हुन । | तथा साइबर अपराधमा हुने दण्ड, सजाय र जरिवाना ।<br>- सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी व्यवसाय र रोजगारीका नयाँ अवसरहरू।<br>- आफ्नो गा. पा.भित्रको आर्थिक क्रियाकलापको विश्लेषण।<br>- मौरी पालनसम्बन्धी आधारभूत सिपहरू (घारको व्यवस्थापन, रानो व्यवस्थापन, पालन गर्ने, मह काड्ने, रोगबाट बचावट र संरक्षण आदि) | - सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी व्यवसाय र रोजगारीका नयाँ अवसरहरूका बारेमा कक्षामा छलफल गराई सूची तयार गर्न लगाउने ।<br>- आफ्नो गाउँपालिकाभित्रको आर्थिक क्रियाकलापको विवरण प्रविधिका माध्यमबाट प्रस्तुत गरी छलफल गराई विश्लेषण गर्ने ।<br>- मौरी पालनसम्बन्धी विशेषज्ञलाई कक्षामा बोलाएर स्रोतव्यक्तिको रूपमा कक्षा लिन लगाउने । | - मौरीपालन गर्ने तरिका र संरक्षण गर्ने उपायहरू उल्लेख गर्न लगाउने। | |
| स्थानीय विपद्हरू र व्यवस्थापन | - बाह्रदशी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको संरचना र काम कर्तव्य र अधिकार उल्लेख गर्न ।<br>- विपद् व्यवस्थापनमा स्थानीय तहमा रहेका क्रियाशील सार्वजनिक संस्था तथा | - बाह्रदशी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको संरचना, काम कर्तव्य र अधिकार।<br>- विपद् व्यवस्थापनमा स्थानीय तहमा रहेका क्रियाशील सार्वजनिक संस्था | - बाह्रदशी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिका पदाधिकरीमध्ये केहीसँग अन्तरक्रिया गराई बाह्रदशी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको संरचना, काम कर्तव्य र अधिकार टिपोट गर्न लगाउने ।<br>- Value line विधिद्वारा विपद् व्यवस्थापनमा स्थानीय तहमा रहेका क्रियाशील सार्वजनिक संस्था तथा | - बाह्रदशी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको संरचना, काम कर्तव्य र अधिकार लेख्न लगाउने ।<br>- विपद् व्यवस्थापनका तीन चरणहरूको संक्षिप्त तालिका बनाउन लगाउने । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवसायिक प्रतिष्ठानको दायित्व र कार्यहरू उल्लेख गर्न।<br>- आफूमा विकसित सिपको प्रयोग गरी विपद् व्यवस्थापनको लागि खेल्न सक्ने भूमिका निर्वाह गर्न।<br>- विपद् संकटग्रस्त क्षेत्रको परिचय दिन र पालिकामा भएका संकटग्रस्त क्षेत्रको नक्साङ्कन गर्न।<br>- विपद् सम्बन्धी कसुर र सजायबारे जानकारी प्राप्त गरी सचेत रहन।<br>- विपद् पश्चात् विद्यालयले खेल्नसक्ने भूमिका उल्लेख गर्न<br>- "खानेकुरा अड्किनु" को अवस्थामा प्रदान गरिने प्राथमिक उपचारको अभ्यास गर्न। | तथा व्यवसायिक प्रतिष्ठानको दायित्व र कार्यहरू ।<br>- आफूमा विकसित सिपको प्रयोग र विपद् व्यवस्थापनको लागि खेल्न सक्ने भूमिका ।<br>- विपद् संकटग्रस्त क्षेत्रको परिचय पालिकामा भएका (नदी कटान, जङ्गली जनावर आतङ्क, आगलागी, कुकुर आतङ्क, सडक दुर्घटना आदि ) संकटग्रस्त क्षेत्रको नक्साङ्कन।<br>- विपद् सम्बन्धी कसुर र सजायबारे जानकारी र सचेतता।<br>- विपद् पश्चात् विद्यालयले खेल्नसक्ने भूमिका ।<br>- खानेकुरा अड्किने कारण, त्यसका असरहरु<br>- Heimlich Maneuver को चित्राङ्कित चार्ट | व्यवसायिक प्रतिष्ठानको दायित्व र कार्यहरूबारे आवश्यक सहजीकरण गर्ने<br>- विपद् व्यवस्थापनका चरणहरूको तालिका कक्षाकोठामा प्रदर्शन गर्ने र विद्यार्थीबाट आएका जिज्ञासाहरूको उत्तर दिने साथै ध्यान दिनुपर्ने कुराहरू माथि छलफल चलाई निष्कर्ष दिने -कृत्रिम विपद्को अवस्था चौरमा सिर्जना गरी विद्यार्थीका विभिन्न समूह (सञ्चारकर्मी, खोज तथा उद्धारकर्मी, राहत वितरक, प्राथमिक उपचारक, सचेतना अभियन्ता, सफाइकर्मी आदि )बनाई विद्यार्थीलाई विपद् व्यवस्थापनमा भूमिका निर्वाह गर्न लगाउने ।<br>- बाह्रदशी गाउँपालिकाबाट प्रकाशित " स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०" प्रकोप नक्सा अध्ययन गर्न लगाई विपद् संकटग्रस्त क्षेत्रको परिचय दिन र पालिकामा भएका संकटग्रस्त क्षेत्रको नक्साङ्कन गर्न लगाउने ।<br>- इन्टरनेटमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन खोजी गर्न लगाई विपद् सम्बन्धी कसुर र सजायको स्लाइड तयार गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाउने<br>- विद्यालयलाई विपद् पश्चात आश्रय स्थलको रूपमा प्रयोग गर्न सकिने अवधारणामा आधारित भई TPS विधिद्वारा | - विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व र कार्यहरू लेख्न लगाउने<br>- नक्सा कार्य :विपद् संकटग्रस्त क्षेत्रको परिचय पालिकामा भएका (नदी कटान, जङ्गली जनावर आतङ्क, आगलागी, कुकुर आतङ्क, सडक दुर्घटना आदि ) संकटग्रस्त क्षेत्रको नक्साङ्कन गर्न लगाउने ।<br>- विपद् व्यवस्थापन सम्बन्धि विद्यार्थीमा विकसित सिपको प्रयोग र विपद् व्यवस्थापनको लागि खेलेको भूमिकाको आधारमा विद्यार्थीको प्रयोगात्मक कार्यको मापन र अङ्कन गर्ने ।<br>-परियोजना कार्य : विपद् सम्बन्धी कसुर र सजायबारे स्लाइड तयार गरी कक्षाकोठामा प्रस्तुतीकरण गर्ने<br>- "विपद् पछिको आश्रय स्थलको रूपमा विद्यालयको प्रयोग" | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - सि.पि.आर. को चित्राङ्कित चार्ट | सिकाइ सहजीकरण गर्ने र विद्यालयमा आश्रय लिन आएका व्यक्तिहरूलाई विद्यार्थीले के के सहयोग गर्न सक्छन भनी सहजीकरण गर्न समूह निर्माण गरी ग्राफिटी विधिद्वारा सिकाइ सहजीकरण गर्ने ।<br>- खानेकुरा अड्किएर ज्यान गएको एउटा कथा सुनाउने<br>- " खानेकुरा अड्केको" सम्बन्धि विद्यार्थी स्वयमले भोगेको वा देखेको अनुभव बताउन लगाउने<br>- - अड्किनुको कारण र त्यसका असरबारे छलफल गराई आवश्यक सहजीकरण गर्ने<br>- -खानेकुरा अड्किएको अवस्थामा प्रदान गरिने प्राथमिक उपचार पद्दतिको भिडियो प्रदर्शन गर्ने<br>- समूहमा विभाजन गरी खानेकुरा अड्किँदाको अवस्थामा प्रदान गरिने प्राथमिक उपचारको नमुना अभ्यास गर्न लगाउने। | शीर्षकमा १५० शब्दमा लेख लेख्न लगाउने<br>- विपद् पछि विद्यालयमा आश्रय लिन आएका व्यक्तिहरूलाई विद्यार्थीले गर्न सक्ने सहयोग लेख्न लगाउने ।<br>- खानेकुरा अड्किँदा प्रयोग गरिने " Heimlich Maneuver" वा पेटमा धक्का दिने विधि प्रयोग गरी गरिने प्राथमिक उपचार विधिबारे लेख लेख्न लगाउने ।<br>- Heimlich Maneuver, CPR, नवजात शिशुको हकमा "ढाडको पछाडि हिर्काउने" विधि प्रयोग गरी प्राथमिक उपचारको अभ्यास गरे बापतको प्रयोगात्मक अङ्क प्रदान गरी अभिलेखीकरण गर्ने । | |
| योग, स्वास्थ्य तथा खेलकुद | - स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको उपभोग गर्न । | - स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट प्राप्त हुने सेवाको उपभोग। | - कुन कुन स्थानीय स्वास्थ्य प्रदायक संस्थाहरूबाट कुन प्रक्रियाबाट के के सेवाहरू प्राप्त हुने गरेका छन् सोको विवरण व्यक्तिगत रूपमा लेख्न लगाई समूहमा समावेश | - स्थानीय स्वास्थ्य प्रदायक संस्थाबाट प्राप्त गरेका कुनै दुई सेवाहरू उल्लेख गर्न लगाउने । | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | - स्वास्थ्यका आधारभूत सबै कुराहरूका बारेमा जानकारी लिई जनचेतना अभिवृद्धि गर्न ।<br>- दीर्घ रोग र स्वास्थ्य सचेतना प्रति जागरुक हुन ।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण गर्न ।<br>- योगका आठ अङ्गहरूको नाम उल्लेख गर्न ।<br>- ध्यान र प्राणायामको अभ्यास योगाभ्यास गरी स्वस्थकर जीवन बिताउन ।<br>- विद्यालय स्थानीय क्लव तथा पालिकामा हुने खेलकुदहरूमा सहभागिता जनाउन ।<br>- | - स्वास्थ्यका आधारभूत सबै कुराहरू जस्तै प्रतिरोधात्मक प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक पुनरस्थापनात्मक स्वास्थ्य र निरोगिता का बारेमा जानकारी जनचेतना अभिवृद्धि।<br>- दीर्घ रोग र स्वास्थ्य सचेतना।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण ।<br>- योगका आठ अङ्गहरूको नाम । (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा ,ध्यान र समाधि)<br>- अष्टाङ्ग योगको परिभाषा<br>- ध्यान र प्राणायाम (कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, | गरी कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले निष्कर्ष दिने।<br>- स्वास्थ्यका आधारभूत कुराहरूका बारेमा प्रविधिका माध्यमले कक्षामा प्रस्तुत गर्ने र छलफल चलाई निष्कर्ष दिने ।<br>- दीर्घ रोग भनेको के हो भनी कक्षामा छलफल आरम्भ गर्ने र स्वास्थ्य सचेतना प्रति जागरुक हुन के के उपायहरू अपनाउन सकिन्छ भनी समूहगत रूपमा छलफल गराई प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।।<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरू के के हुन् र तिनिहरूको संरक्षण कसरी गर्न सकिन्छ समूहगत रूपमा लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने ।<br>- संक्षिप्त भावसहितको योगका आठ अङ्गहरूको नाम लेखेको चार्ट वा भिडियो प्रदर्शन गर्ने र पालैपालो यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा ,ध्यान र समाधि भनेको के रहेछ त भनी सोध्ने । विद्यार्थीहरूले आफ्नो व्यवहारमा लागु गरेको/नगरेको सोध्ने र उत्तर पाटीमा टिप्ने र निष्कर्ष दिने । | - स्वास्थ्यका आधारभूत कुराहरू उल्लेख गर्न लगाउने ।<br>- दीर्घ रोग र स्वास्थ्य सचेतना प्रति जागरुक हुन अपनाउनु पर्ने तीन ओटा सजगता उल्लेख गर्न लगाउने<br>- स्थानीय स्तरमा पाइने जडीबुटीहरूको संरक्षण गर्न अपनाइने कुनै तीन ओटा उपायहरू लेख्न लगाउने ।<br>- योगका आठ अङ्गहरूको नाम लेख्न लगाउने ।<br>- कुनै तीन प्राणायाम विधिपूर्वक गर्न लगाउने ।<br>- ध्यान गर्न लगाउने ।<br>- कुन खेलमा सहभागी हुन चाहन्छौ भनी सोध्ने र चाहेको खेलमा सहभागी गराउने र अवलोकन गर्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ॐकार, त्रिबन्ध उज्जयनी) को अभ्यास।<br>- विद्यालय स्थानीय क्लव तथा पालिकामा हुने खेलकुदहरूमा सहभागिता। | - कपालभाति, अनुलोम विलोम, भस्त्रिका, भ्रामरी, ॐकार, त्रिबन्ध उज्जयनी प्राणायामको अभ्यास गराउने।<br>- ज्ञान मुद्रामा बसी ध्यानको अभ्यास गराउने ।<br>- विद्यालय स्थानीय क्लव तथा पालिकामा हुने खेलकुदहरूमा सहभागिता जनाउन अभिप्रेरित गर्ने र आवश्यक अभ्यास गराउने साथै सहभागी गराउने र | | |

## ११. सिकाइ सहजीकरण प्रक्रियाः

"हाम्रो बाह्रदशी" विषयको शिक्षण गर्दा शिक्षकहरूले स्थलगत भ्रमण विधिमा विशेष जोड दिनुपर्ने हुन्छ। यस विषयमा विद्यार्थीहरूले देखेसुनेका र परिचित भइसकेका विषयवस्तुहरूलाई कक्षा कोठामा छलफल, प्रश्नोत्तर जस्ता विधिहरूको माध्यमबाट बालबालिकाहरूमा स्थायी धारणा बनाउन सहयोग गर्नु पर्दछ। यस विषयमा स्थलगत भ्रमण, चित्र छलफल, अन्तरक्रिया, सामूहिक छलफल, प्रश्नोत्तर, प्रदर्शन, खोज तथा अनुसन्धान, परियोजना कार्य आदि शिक्षण विधिहरूको धेरै प्रयोग गर्नुपर्ने हुन्छ। आवश्यकता र अवस्था अनुसार अडियो भिडियो प्रदर्शन, अभिनय, खेल विधि, सफल कथाहरू प्रस्तुत गर्ने गराउने, इ-पुस्तकालयको प्रयोग, स्थानीय स्रोतव्यक्तिको प्रयोग, प्रयोगात्मक अभ्यास जस्ता शिक्षण विधि एवं तौर र तरिकाहरू प्रयोग गरी सिकाइ सहजीकरण गर्नु पर्दछ। यो विषय उनीहरूको चिरपरिचित विषयवस्तुहरूलाई समेटेर तयार गरिएकोले उनीहरूलाई रोचक र मनोरञ्जनपूर्ण तरिकाले स्थायी धारणा बसाउन सहयोग गर्नुपर्दछ ।

## १२. विद्यार्थी मूल्याङ्कन प्रक्रियाः

"हाम्रो बाह्रदशी" विषयमा विद्यार्थीहरूले हासिल गरेका सक्षमताहरूको मूल्याङ्कन गर्नका लागि सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, विज्ञान तथा वातावरण शिक्षा जस्ता विषयहरूमा प्रयोग गरिने विधिहरू नै प्रयोग गर्नु पर्दछ । यस विषयमा निर्णयात्मक मूल्याङ्कन पद्धतिभन्दा बढी निर्माणात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नु पर्दछ।यस पद्धतिको मुख्य उद्देश्य नै विद्यार्थीको सिकाइस्तर पहिचान गरी प्राप्त उपलब्धिको आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नु रहेको छ। विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरणको अभिलेख राख्नु पर्दछ।यसमा विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृह कार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अध्यावधिक गर्नु पर्दछ। यसको अन्तमा विद्यार्थीले प्राप्त गरेको प्रगतिको आधारमा विद्यार्थीहरूलाई अन्य विषयमा जस्तै क, ख र ग श्रेणीमा वर्गीकरण गर्नुपर्दछ।विद्यार्थीले सिकेका ज्ञान, सिप र व्यवहारका कुराहरू अभिभावकहरूलाई पनि जानकारी गराउने र विद्यालय तथा घरमा विद्यार्थीले गर्ने क्रियाकलापहरूका सम्बन्धमा शिक्षक अभिभावकबिच अन्तरक्रिया गरेर सिकाइमा सुधार ल्याउन सकिन्छ ।

### १२.१ विद्यार्थी मूल्याङ्कन प्रक्रिया आधारभूत तह कक्षा १-३

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको

छ। यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्ति गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ। कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ। यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ। आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ।

## १२.२ मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १—३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्नसक्ने किसिमले गर्नु पदर्छ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्नसके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपदर्छ। कक्षा १—३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्दछ। कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नु पर्दछ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभाकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन। विद्यार्थीको मूल्याङ्कनमा यथार्थ र वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ। कक्षा १—३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छः

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ।

४. विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लागि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चत गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइउपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीलाई उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ।विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावले प्रेरित गर्नुपर्छ ।

## १२.३ मूल्याङ्कनका तरिका र साधनहरू

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलव्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ। मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ। मूल्याङ्कन साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो। यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ। पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभिगता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्नेगरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ। कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछ।

## १२.४ विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रूजुसूची ,रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रूजु सूची, ,रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |

| | | | |
|---|---|---|---|
| ५ | कार्यसम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्छः

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर(Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको, तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो(Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको। |
| उच्च(Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो सिकाइ उपलब्धि हासिल गरेको । |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ। यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलत्घिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ। यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रीम सिकाइमा सरिक गराउनु पर्छ। सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन

गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ। यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ। त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ। यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चतता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ।

## १२.५ मूल्याङ्कन आधारभूत तह (कक्षा ४ देखि ८ सम्म)

### क निर्माणात्मक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो। यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ। विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नसकिने छ। यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ। विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ। प्रामाणिक मूल्याङ्कन (Authentic assessment) एक अनौपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्यसञ्चयिकालाई समावेश गर्नुपर्ने छ।

विषयगत रेकर्ड (Anecdotal record) विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ। आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्ने छ ।

**ख. निर्णयात्मक मूल्याङ्कन**

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार

निर्माणात्मक मूल्याङ्कनका सामान्य आधारहरू निम्नानुसारका हुनेछन् ।

| क्र.सं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २ | प्रयोगात्मक कार्य, परियोजना कार्य अथवा अन्य क्रियाकलाप | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

(आ) निर्णयात्मक मूल्याङ्कनः निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र सिर्जना उच्च दक्षतामा आधारित हुने छन्। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइस्तरको प्रमाणित गरिन्छ ।

# १३.	अनुसूचीः -१

## विशिष्टीकरण तालिका

## विषयः- स्थानीय विषय

कक्षाः ८

| विषय क्षेत्र | अति छोटो | | | छोटो | | | लामो | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| हाम्रो स्थानीय तह | | १ | | | | १ | १ | | |
| हाम्रो स्थानीय वातावरण र सरसफाइ | | | १ | | १ | | | | |
| हाम्रो संस्कार, संस्कृति र मूल्य-मान्यता | १ | | | | १ | | | | १ |
| सामाजिक समस्या र समाधान | १ | | | | १ | | | | १ |
| पेशा, व्यवसाय र प्रविधि | | | १ | १ | | | | १ | |
| स्थानीय विपद् र व्यवस्थापन | १ | १ | | | | १ | | | |
| योग, स्वास्थ्य तथा खेलकुद | | १ | १ | १ | | | | | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क भार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४×५=२० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७×३=२१ |
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९×१=०९ |

# १४. अनुसूचीः २

## स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार

| क्र.सं. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री देबिन्द्रप्रसाद चम्लागाईं | अध्यक्ष | बाह्रदशी गाउँपालिका |
| २. | श्री शान्तादेवी सिवाकोटी खरेल | उपाध्यक्ष | बाह्रदशी गाउँपालिका |
| ३. | श्री जनार्दन निरौला | प्रमुख प्रशासकीय अधिकृत | बाह्रदशी गाउँपालिका |

## स्थानीय पाठ्यक्रम निर्माण कार्यदल

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| | श्री ज्ञानबहादुर पौडेल | संयोजक | अधिकृत शिक्षा युवा तथा खेलकुद शाखा |
| | श्री गुणनिधि लुईंटेल | सदस्य | श्री पशुपति मावि बाह्रदशी-३ |
| | श्री सुपेनचन्द्रसिह राजवंशी | सदस्य | श्री पशुपति मावि बाह्रदशी-३ |
| | श्री सिताराम बराल | सदस्य | श्री ज्ञानज्योति अङ्ग्रेजी मावि बाह्रदशी-३ |
| | श्री घनश्याम उप्रेती | सदस्य | श्री फूलबारी मावि बाह्रदशी-५ |
| | श्री नेत्रप्रसाद पौडेल | सदस्य | श्री गौरीशंकर मावि बाह्रदशी-७ |
| | श्री सविता राजवंशी | सदस्य | श्री पशुपति मावि बाह्रदशी-३ |
| | श्री हेमलता भण्डारी | सदस्य | श्री फूलबारी मावि बाह्रदशी-५ |
| | श्री योगराज पौडेल | सदस्य-सचिव | प्रास शिक्षा युवा तथा खेलकुद शाखा |

**प्राविधिक तथा विज्ञता सहयोग**

| | | |
|---|---|---|
| १ | श्री अशोककुमार कालाखेती | निवृत्त उपसचिव शिक्षा सेवा |
| २ | श्री शम्भुप्रसाद भट्टराई | निवृत्त अधिकृत दशौं तह शिक्षा सेवा |
| ३ | श्री तुलसीनारायण अधिकारी | निवृत्त अधिकृत दशौं तह शिक्षा सेवा |